# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्वमान चित्रमा नेपाल बहुजातीय, बहुभाषिक, बाहुधार्मिक, बहुसांस्कृतिक राष्ट्रका रूपमा चिनिन्छ । नेपाली समाज उत्पत्तिको उषाकालमा मंगोल र आर्यहरूको संगमस्थलको रूपमा रही यिनै जातिहरूको संमिश्रण, सहकार्य र समाजिकीकरणको निरन्तरताबाट नेपाली समाज र संस्कृतिको विकास भएको पाइन्छ ।

प्राचीनकालदेखि क्रमशः गोपाल, महिषपाल, किराँत, लिच्छिवि, मल्ल र शाह वंशहरूले राज्य स्थापना गरी शासन सञ्चालन गरेको नेपालमा वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथि विजय गरेपछि मात्र आधुनिक नेपालको शुरुवात भएको हो भन्ने इतिहासकारहरूको मान्यता छ । नेपालमा १०० भन्दा बढी जातजाति, ६० भन्दा बढी जनजाति, ७० भन्दा बढी भाषाभाषी, ९ भन्दा बढी धार्मिक सम्प्रदायहरू, अनेकथरि चाडपर्व, मूल्य, मान्यता, संस्कार, रीतिरिवाज प्रचलन आदिको समिश्रण नेपाली समाजमा देख्न सकिन्छ । त्यसैले स-साना टुक्रे राज्यहरूमा विभाजित भएको नेपाललाई एकिकरण गरी सिङ्गो अखण्ड राष्ट्र निर्माणमा योगदान पुर्‍याएका पृथ्वीनारायण शाहले नेपाल चार वर्ण छत्तीस जातको साझा फूलबारी हो भनी अभिव्यक्ति दिएका छन् यस अर्थमा यहाँ अनेकतामा एकता छ ।

वि.सं. २०६८ सालको जनगणनाअनुसार नेपालको जनसङ्ख्या २६४९४५०४ छ । जुन कुल जनसंख्याको १.३५ प्रतिशत जनसंङ्ख्या वृद्धिदर रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग २०५८, ०६८) । नेपालमा हिन्दू धर्म मान्ने मानिसहरूको सङ्ख्या उच्च छ । दोस्रो ठूलो धर्म बौद्ध हो भने त्यसपछि मुसलमान र किराँत पर्दछन् ।

२०६८ सालको जनगणनाअनुसार ८१.३ प्रतिशत मानिसले हिन्दू धर्म मान्छन् भने ९ प्रतिशतले बौद्ध धर्म, ४.४ प्रतिशत मानिसले इस्लाम र क्रिश्चियन धर्म १.४ प्रतिशतले मान्दछन् बाँकी अन्यमा रहेको पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग २०६८) । यस तथ्याङ्कले

नेपालमा तेस्रो ठूलो सङ्ख्यामा मुसलमान धर्म मान्ने मानिसहरू बसोबास गर्दछन् भन्ने देखिन्छ । विगतका तथ्याङ्कको अध्ययनबाट पनि नेपालमा इस्लामिक जनसङ्ख्या क्रमशः बढीरहेको देख्न सकिन्छ । वि.सं. २०३८ मा नेपालको कूल जनसङ्ख्यामध्ये २.६६ प्रतिशत इस्लाम धर्म मान्ने मानिसहरू बसोबास गर्दथे भने २०४८ मा ३.५३ प्रतिशत र २०५८ मा ४.१९ प्रतिशत, २०६८ मा ४.३९ प्रतिशत इस्लामिक जनसङ्ख्या रहेको पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग २०३८, ०४८, ०५८, ०६८) ।

इस्लाम धर्मको पवित्र ग्रन्थ कुरआन हो । कुरआन मुसलमान समुदायको जीवन पद्धति, संस्कार, संस्कृतिसँग जोडिएको मार्गदर्शक सिद्धान्त र जीवनदर्शन हो । कुरआन धार्मिक ग्रन्थमात्र नभएर कतिपय मुसलमान राष्ट्रहरूको कानून र संविधान पनि हो । जसलाई मुसलमान समाजको प्राणको रुपमा लिएका छन् । यिनीहरू कुरआनको मार्गदर्शक सिद्धान्तलाई हु-बहु व्यवहारमा लागू गर्नु नै मानव जातिको सार्थकता मान्छन् । तसर्थ, मुसलमान समाज र संस्कृतिको केन्द्रीयता भनेको अल्लाहद्वारा पैगम्बर मुहम्मदमा अवतरित ईश्वरीय वाणीको सङ्ग्रह कुरआन हो । इस्लामिक धार्मिक ग्रन्थ कुरआनमा ३० खण्ड र ११४ अध्याय छन् । जसमध्ये ९३ अध्यायलाई मक्की र २१ अध्यायलाई मदनी भनिन्छ ।

पश्चिमा विकसित देशहरूको तुलनामा अविकसित देशमा बढी मात्रामा लैङ्गिक विभेद देखिन्छ । लैङ्गिक विभेदको अन्त्यसँगै समाजमा हुने सबै प्रकारका विभेदहरू अन्त्य हुन पुग्छन् । पूर्ण लैङ्गिक समानताले नै समानतामूलक, सभ्य, सुसंस्कृत र पूर्ण मानव समाजको निर्माण गर्न सक्छ । नेपाल हिन्दुहरूको बाहुल्य रहेको देश भएता पनि अधिराज्य भरी नै गैर हिन्दुहरू पनि लामो समयदेखि बस्दै आएका छन् । जसमा मुश्लिम धर्मालम्बीहरू पनि छन् । मुश्लिम धर्म विश्वको चार धर्म मध्ये एक धर्म हो । यिनीहरूको आफ्नै धर्म, संस्कृति पहिचान रहेको छ । राष्ट्रिय जनगणता २०६८ अनुसार कुल जनसंख्या २८४९४५०४ जनामा धर्म अनुसार हिन्दु धर्मालम्बी ८१.३ प्रतिशत बौद्ध ९ प्रतिशत इश्लाम ४.४ प्रतिशत र क्रिश्चियन १.४ प्रतिशत रहेका छन् (राष्ट्रिय जनगणना २०६८) ।

प्रस्तुत अध्ययन नेपाल अधिराज्यका विभिन्न क्षेत्रमा छरिएर रहेका मुस्लिमहरूको सामाजिक, आर्थिक सास्कृतिक र राजनैतिक एवम् शैक्षिक अवस्थालाई मध्यनजर गरी पुतलीबजार नगरपालिकाका वडा नं. १, ४ र ५ अर्न्तगत पर्ने विद्यालयमा अध्ययनरत मुस्लिम छात्राहरूमा धर्म र संस्कृतिले उनीहरूको विद्यालय सहभागीतामा पारेको प्रभाव र शिक्षा

दिने सम्बन्धमा छोरा र छोरी बीच विभेद सम्बन्धी  प्रमुख उद्‌देश्य लिई अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

विश्व एक्काइसौँ शताब्दीको संघारमा मानिसको चेतनास्तर झन्झन् उच्च बन्दै गइरहेको छ । विज्ञान र प्रविधिको विकासले मानिसको जीवनपद्धतिमा आमूल परिवर्तन ल्याएको छ । मानवीय सभ्यताले एकै फड्कामा एक युगदेखि अर्को युगमा प्रवेश गर्न खोजिरहेको छ । परम्परागत धार्मिक, मूल्य, मान्यता, कट्टरता तथा एक पुस्तादेखि अर्को पुस्तासम्म स्थानान्तरण हुँदै आएका धार्मिक विश्वासहरू विज्ञान र प्रविधिको छायामा धुमिल बन्दै गइरहेका छन् र धार्मिक कट्टरतामा विचलन आइरहेको छ । पुराना अव्यवहारिक रूढिवादी मान्यताको ठाउँमा नयाँ, प्रायोगिक, समयसापेक्ष व्यावहारिक धार्मिक मूल्य मान्यताको विकास हुने क्रम जारी छ । परिवर्तन समाज विकासको शास्वत नियम हो । परिवर्तनलाई छेकेर छेक्न सकिंदैन, रोकेर रोक्न सकिंदैन तर समाजका विभिन्न तत्त्वहरू तथा सामाजिक एकाइहरूले सामाजिक परिवर्तनको दरलाई प्रभावित गर्न सक्छन् । हाल विश्वमा जे-जति प्रचलित धर्महरू छन् तिनीहरू मध्येको प्रमुख धर्म इस्लामिक धर्म एक हो । मानविय विकासका परिवर्तित विभिन्न चरणहरू जस्तै धार्मिक कट्रतामा पनि परिवर्तन आएको पाइन्छ । तर अन्य धार्मिक सम्प्रदायको सापेक्षतामा मुसलमान सम्प्रदायको धार्मिक दृष्टिकोणमा अपेक्षाकृत परिवर्तन आएको देख्न सकिदैन, वर्तमान विश्वमा ठूलो सङ्ख्यामा रहेको मुसलमान समुदायले विशुद्ध रूपमा धर्मलाई व्यावहारिक जीवनमा आत्मसात् गरीरहनुको पछाडि के  छ?

विश्वका केही राष्ट्रहरूमा बाहुल्यता जमाएका मुशिलमहरू नेपालमा अल्पसंख्यकमा छन् । विशिष्ट धार्मिक साँस्कृतिक विशेषता अंगालेको यो समुदाय धार्मिक रुपमा कट्टर छन् । धार्मिक मान्यता कै कारण समग्र रुपमा उनीहरूको शैक्षिक स्थिती कमजोर रहेको छ । विश्व परिवेशमा नै मुस्लिम समुदायका महिलाहरूको शैक्षिक स्थिति दयनीय रहेको अवस्थामा नेपाली मुस्लिम महिलाहरूको अवस्था पनि उस्तै रहेकोमा पुतली बजार नगरपालिकाका वडा नं. १, ४ र ५ का माध्यमिक तहमा मुस्लिम छात्राहरूको सहभागिता कस्तो छ भन्ने समस्यामा आधारित  रहेको छ । सामुदायिक विद्यालयमा मुस्लिम

छात्राहरूको पहुँच र छोराछोरी बीचको विभेद सम्बन्धमा उजागर गर्ने उद्देश्यले यो अनुसन्धान निम्न समस्याहरूको पहिचान गर्नको लागि अध्ययन गरिएको हो ।

- मुश्लिम छात्राहरूले विद्यालय शिक्षा पुरा गर्न नसक्नुका कारणहरू के के छन्?
- मुश्लिम छात्राहरूले विद्यालयका शैक्षिक एवम् साँस्कृतिक कार्यहरूमा भाग लिन किन चाहँदैनन् ?
- विद्यालय सहभागितामा धर्म र संस्कृतिले कस्तो प्रभाव पारेको छ ?
- शिक्षा दिने सम्बन्धमा छोरा र छोरी बीचमा कस्तो भिन्नता रहेको छ ?

## १.३ अध्ययनको उद्देश्यहरू

कुनै पनि अध्ययन अनुसन्धान उद्देश्य बिहिन हुँदैन निश्चित उद्देश्यमा आधारित भई कार्य सञ्चालन गरिन्छ । यस अध्ययनको मुख्य उद्‍देश्य निम्न रहेका छन्:

- मुस्लिम समुदायको धर्म र संस्कृतिले माध्यमिक तहमा अध्ययनरत छात्राहरूको विद्यालय सहभागितामा पारेको प्रभाव पत्ता लगाउनु ।
- शिक्षा दिने सम्बन्धमा छोराछोरी वीचमा गरिने विभेद सम्बन्धी विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

स्याङ्जा जिल्ला पुतलीबजार न. पा. वडा नं. १, ४, र ५ अन्तर्गत पर्ने सामुदायिक विद्यालयका माध्यमिक तहमा अध्ययनरत छात्राहरूको विद्यालय उपस्थिति र छोरछोरी बीच विभेद सम्बन्धी गरिएको अध्ययनले विद्यालय स्तरमा उनीहरूको पहुँच सम्बन्धी सम्बन्धित सरोकारवालाहरूलाई टेवा पुग्नेछ । नितान्त रुपमा शैक्षिक दक्षता हासिल गर्न शोध अध्ययन गरे तापनि केही हदसम्म सम्बन्धित मुस्लिम समुदायका व्यक्तित्वहरू, उनीहरूका सामुदायिक संघ संस्थाहरू, सम्बन्धित वडा कार्यालय,, नगरपालिका, जिल्ला कार्यालय लगायत अन्य गैर मुस्लिम संघसंसथाहरू, मुस्लिम समुदायप्रति चासो राख्ने जोकोहीलाई यस शोध अध्ययनले टेवा पुर्‍याउँदछ । मुस्लिम सम्बन्धी थप अध्ययन अनुसन्धान गर्नको लागि भावी अध्ययन कर्ताहरूलाई पनि मार्गनिर्देश हुनेछ ।

## १.५ अध्ययनको सिमा

समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर तहको शैक्षिक आवश्यकता पूरा गर्ने अभिप्रायले सम्पादन गरिएको प्रश्स्तुत शोध अध्ययन स्याङ्जा जिल्ला पुतली बजार न.पा. अर्न्तगत वडा नं. १, ४, र ५ अर्न्तगत पर्ने सामुदायिक विद्यालयका माध्यमिक तहमा अध्ययनरत मुस्लिम छात्राहरू, विद्यालयका प्र.अ. र अभिभावकहरूसँग मात्र केन्द्रित रहेको छ । सो क्षेत्रमा केन्द्रित रही गरिएको अध्ययनबाट प्राप्त नतिजालाई नेपालभरि छरिएर रहेका मुसलमान छात्रहरूमा सामान्यीकरण गर्दा यसको प्रभाविकारिता न्यून रहन सक्छ ।

## १.६ पारिभाषिक शब्दको परिभाषा

मुस्लिम समुदायका मा.वि.तहमा सहभागी छात्राहरूको अध्ययन शीर्षकमा गरिएको यस शोध अध्ययनको केही पारिभाषिक शब्दहरूको विस्तृतीकरण निम्न प्रकार उल्लेख गरिएको छ ।

सहभागिता: अध्ययन क्षेत्रका मुस्लिम छात्राहरूको दैनिक विद्यालय उपस्थिति ।

विभेद: शिक्षा दिने सम्बन्धमा छोराछोरी बीच गरिने भिन्न व्यवहार ।

मुस्लिम: विश्वमा प्रचलित विभिन्न प्राचिन भ्रुण्डहरूले मान्ने अलौकिक आस्था मध्येको एक आस्थावान भ्रुण्ड ।

## १.७ सङ्गठनात्मक ढाँचा

यस शोधपत्रलाई जम्मा सात अध्यायमा विभाजन गरिएको छ । जसअन्तर्गत पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको महत्त्व, सीमाहरू, पारिभाषिक शब्दको परिभाषा, अवधारणागत खाका आदि समेटिएको छ । दोस्रो अध्यायमा यस अध्ययनसँग सम्बन्धित ऐतिहासिक पृष्ठभूमि, पूर्व साहित्यको समीक्षा, सैद्धान्तिक समीक्षा गरी अनुसन्धानको अवधारणागत खाका समेत प्रस्तुत गरिएको छ । तेस्रो अध्यायमा अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धान ढाँचा नमूना छनोट, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क सङ्कलन विधिहरू, तथ्याङ्कको तालिकिकरण र विश्लेषण गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको सामाजिक, आर्थिक अवस्थाको विश्लेषण अन्तर्गत भौगोलिक अवस्थिती, सामाजिक संरचना, उत्तरदाताको उमेरगत अवस्थाको व्याख्या विश्लेषण गरिएको छ । पाँचौ अध्यायमा सामुदायिक विद्यालयका माध्यमिक तहमा अध्ययनरत छात्राहरूको विद्यालय सहभागितामा धर्म र संस्कृतिले पारेको प्रभाव अध्ययन

गर्नु साथै छैटौं अध्यायमा विद्यालय शैक्षिक अवस्थामा छोराछोरी बीच गरिने विभेदको पहिचान गर्नु रहेको छ भने अन्तिम तथा सातौ अध्यायमा शोध अध्ययनबाट पाइएका तथ्यहरूलाईसारांश एवम् निष्कर्षबाट छर्लङ्ग पारिएको छ ।

# अध्याय : दुई

# साहित्यक पुनरावलोकन

## २.१ नेपालका मुसलमानहरू

### २.१.१ मुसलमान एक संक्षिप्त परिचय

मुस्लिम धर्मका संस्थापक हजरत महम्मद दिए । यिनको जन्म ५७० ई.मा मक्कामा भएको थियो । उनका बाबुको उनी जन्मनुभन्दा केही समय अगाडि नै मृत्यु भएको थियो । उनी ६ वर्षको हुँदा उनकी आमाको पनि मृत्यु भएकोले हजरत महम्मदको पालनपोषण उनका हजुरबुबा र काकाले गरेका थिए । हजरत ८ वर्षको हुँदा उनका बाजेको पनि मृत्यु भएकाले उनी काका अबुतालिबको घरैमा बसी जीवन बिताउन थाले । त्यसबेला मक्कामा कुनै वि द्यालयहरू नभएकाले उनी अशिक्षित नै थिए (चालिसे, २०५८) ।

### २.१.२ मुस्लिम नेपाल प्रवेशको इतिहास

लिच्छिवि शासनकाल इसाको आठौ शताब्दीको अरवी ग्रन्थ हुदुत अलआलाममा (७८३ इ) त्यस देशमा नेपालबाट कस्तुरी पठाइन्थ्यो भन्ने उल्लेख छ । काठमाडौंमा स्थायी बसोबासको उद्देश्यले पहिलोपटक कास्मिरी मुसलमानहरू रत्नमल्लको राज्यकाल सन् १४९१ तिर भित्रिएका थिए । त्यसपछि प्रताप मल्ल, जयप्रकाश मल्लको पालामा र सन् १८५७ को भारतको सिपाही विद्रोहको समयमा सन् १९५९ मा तिब्बत चिनमा गाभिए पछि र सन् १९७१ तिर समेत गरि ६ वटा समुहमा इराक, काश्मिर, उत्तर भारत तथा तिब्बतबाट प्रवेश गरि काठमाडौमा बसोबास गरेका थिए (आचार्य, २०६७) ।

सन् १३४९ मा बंगालमा सुल्तान सुमसुद्धिनले नेपालमाथि सुनियोजित रूपले आक्रमण गरेका थिए । आक्रमण भक्तपुर, कान्तिपुर र ललितपुरमा भएको थियो । त्यस समयमा पशुपतिनाथ, स्वयम्भु, चागुनारायण आदि महत्वपूर्ण मन्दिरहरू तोडफोड गरिए । उनीहरूले करिव सातदिनसम्म उपत्यकालाई आतङ्कित पारि नेपाललाई लुटेर आफ्नो देश बङ्गालतिर लागेको भन्ने तर्क पाइन्छ (सुवेदी, २०४०) ।

### २.१.३ नेपाली मुसलमानहरूको इतिहास

काश्मिरी मुसलमानहरू व्यापारिक क्षेत्रमा ज्यादै निपुर्ण थिए । उनीहरू रेशम, मखमल, ढाका, जुत्ता गरगहना, अत्तर, लेपन आदि विलासिताका सामानहरूको व्यापार गर्दथे । जबकि नेपालको दक्षिणी र उत्तर क्षेत्रको व्यापार परम्परादेखि चल्दै आएको थियो । तापनि नेपाली व्यापारीहरू उति निपूर्ण थिएनन् तसर्थ काश्मिीरी मुसलमानलाई काठमाडौंमा बस्ने र व्यापारिक कोठी खोल्ने अनुमति तात्कालीन काठमाण्डौं उपत्यकाका राजा रत्नमल्लले दिए । त्यसैले नेपालमा मुसलमानहरूको प्रवेश रत्नमल्लको शासनकाल (इ.सं. १४८२-१५२०) को बीचमा भयो (चालिसे, २०४८:२३५) ।

नेपाली मुसलमानहरू पन्ध्रौं शताब्दीको अन्त्यतिर तथा सोह्रौ शताब्दीको शुरुतिर लद्दाखको बाटो हुँदै तिब्बतमा कम्मल, गलैंचा, दोसल्ला आदि कपडाको व्यापार गर्ने सिलसिलामा राजा रत्नमल्लका प्रतिनिधिसँग ल्हासामा भेट भएपछि काठमाडौं आई बसोबास तथा व्यापार गर्न थालेका थिए । त्यस लगत्तै बाइसी राजाहरूको पालमा अरू बढी मुसलमान हतियार बनाउन तथा तिनीहरूको प्रयोग सिकाउन पसेका थिए (विष्ट, २०५५:१०६) ।

नेपालको पहाडी इलाकामा बसोबास गरेका मियाहरू नेपालको एकीकरण हुनुपूर्व टुक्रे रजौटाले आफ्नो राज्यलाई बलियो बनाई राख्न हतियार बनाउन सिपालु काश्मिीरी मुसलमान झिकाएका थिए । तिनै काश्मिीरी मुसलमानका सन्तान नै मियाहरू हुन् । नेपालको एकीकरणपछि उनीहरू भारतबाट टीका, चुरा, पोते तथा शृङ्गारिक सामान ल्याई बिक्री गर्दथे त्यसैले तिनलाई अझै पनि चुरेटा भनिन्छ (अधिकारी, २०६०:१०) ।

नेपाली इतिहासकार बालचन्द्र शर्माका भनाइअनुसार सन् १४९१ मा रत्नमल्लका पालामा व्यापारिक प्रयोजनका लागि मुसलमानहरूको पहिलो समूह काठमाडौं आएका थिए । सन् १५२४ मा मुसलमान सन्त मौलिम (Maullim) सर्वप्रथम काठमाडौं आए र उनले नेपालमै पहिलो काश्मिीरी मस्जिद निर्माण गरे । मध्यकालीन समयमा तुर्किस र अफगानी घोडाहरू नेपालमा अत्यन्तै प्रख्यात थिए । तिनै तुर्किस र अफगानी मुसलमान घोडाको व्यापारको सिलसिलमा नेपाल पसे । तिनीहरूमध्ये केही आफ्नो देश नफर्की नेपालमा नै बसोबास गर्न थाले (सिद्धिका, १९९३:१०५) । नुवाकोट आक्रमणको समयमा पृथ्वीनारायण शाहले आफ्ना

सैनिकलाई भारतबाट मुसलमानी निर्देशक शेख जबर मुहम्मद ताकी लाई भिकाई तालिम दिएका थिए (शर्मा २०५०:१०) ।

सामिमा सिद्धिकाद्वारा लिखित “नेपालका मुसलमानहरू” नामक पुस्तकमा नेपालका विभिन्न ठाउँहरूमा छरिएर बसोबास गरेका मुसलमानहरूको सामाजिक, आर्थिक, धार्मिक सांस्कृतिक जीवनको बारेमा चर्चा गरिएको छ । नेपालका विभिन्न मुसलमान बस्तीहरूमा लेखिकाले आफै स्थलगत भ्रमण गरी नेपाली मुसलमानहरूको जीवनपद्धतिलाई आफ्नो पुस्तकमा चित्रण गरेकी छिन् । करिब ६०० वर्षअगाडि देखि विभिन्न कालखण्डमा नेपालमा प्रवेश गरी बसोबास गरेका मुसलमानहरूले आफ्नो देश नेपाललाई अत्यन्त माया गर्ने र विभिन्न जात जातिको साझा फूलबारीका रूपमा रहेको नेपालमा मुसलमान आफूहरू पनि एउटा फूल भएको भनी गर्व गर्ने हुनाले मुसलमान समुदायमा राष्ट्रप्रेमको भावना उच्च उल्लेख गरिएको छ ।

नेपालमा सर्वप्रथम रत्नमल्लको शासनकालमा व्यापारिक कार्यमा निपुर्ण काश्मिरी मुसलमानलाई भिकाई काठमाडौंमा व्यापारिक कोठी खोल्ने अनुमति दिएपछि मुसलमानहरूको प्रवेश भएको कुरामा इतिहासकारहरू सहमत देखिन्छन् । पछि बाईसी चौबीसी राज्यहरूमा हतियार बनाउन तथा हतियार प्रयोगको तालिम दिन साथै दरवारिया महिलाहरूको शृङ्गारपटार गर्न अरू बढी मुसलमानहरू भिकाइए अहिलेका नेपाली मुसलमानहरू) तिनै काश्मिरी मुसलमानका सन्तानहरू हुन् भन्ने कुरामा इतिहासहरू सहमत देखिन्छन् ।

## २.१.४ स्याङ्जा जिल्लाका मुस्लिमहरू

राजा रत्न मल्लको समयमा मुस्लिमहरू व्यापारिक उद्देश्यले नेपाल प्रवेश गरेपछि पश्चिमी पहाडी इलाकामा फैलिएका थिए । यिनै मुस्लिमहरू गण्डकी क्षेत्रमा गोर्खा, प्रर्कोट, हुक्का, भिमाद हुँदै स्याङ्जाको भिरकोट, सतौं  क्षेत्रमा बसोबास गरेका थिए । काठमाडौंका केही मुस्लिमहरू कास्कीको खुँदीको बाटो हुँदै पोखरा आइ बसोबास गरेका थिए (सिग्देल, १९८३: २४) ।

## २.१.५ मुसलमान र चाडपर्व

मुसलमान धर्ममा उपवास बस्नु, प्रार्थना गर्नु, जकात दिनु, हज गर्नु, बलि चढाउनु, इमान (Iman) मा विश्वास गर्नु जस्ता धार्मिक कार्य गरिन्छ । इस्लाम धर्मको आफ्नै क्यालेन्डर छ जसलाई हिजरी पात्रो (Islamic Calender) भनिन्छ । यो क्यालेण्डर चन्द्रमास (Lunar) लाई आधार मानि बनाइएको हुन्छ जसलाई हिजरतपछि (After (Hijarch) अर्थात (AH) भनिन्छ । अहिले १४३३ (AH) चलिरहेको छ । यस क्यालेण्डरको भानाइअनुसार प्रत्येक वर्ष १२ महिनाको हुन्छ भने महिना ३० वा २९ दिनको हुन्छ । प्रत्येक हप्ताको शुक्रबारलाई विशेष दिन मानिन्छ । शुक्रबार पुरुषहरू नजिकैको मस्जिद जान्छन्, नमाज पढ्छन्, प्रार्थना गर्छन् । त्यस दिनमा मस्जिदमा ठूलो जमघट हुने गर्छ, तर महिला भने मस्जिद जान पाउँदैनन् । उनीहरू घरमै नमाज पढ्छन् (सिद्धिका, १९९३:२११) ।

**ईद उल फित्र** (Eid Ul Fitra)

इस्लामिक क्यालेण्डरको नवौं महिनालाई रमजान (Ramjan) भनिन्छ । त्यस महिनाभरि मुसलमानहरू दिउसो पानी पनि नपिईकन रोजा (व्रत) बस्छन् । कुरआनको अल्ब्करह अध्यायको १८५ र १८६ श्लोकमा अल्लाहद्वारा कुरआन अवतरण गरेको महिना रमजान भएकाले त्यस महिनाको सम्मान र खुशीयालीमा सबै मुसलमानले रोजा बस्नुपर्ने उल्लेख छ । इस्लाम धर्ममा व्रत बस्नेहरूका लागि उषाकालदेखि सूर्यास्तसम्म कुनै पनि कुरा खानु पिउनु र पत्नीसँग सम्भोग गर्नु वर्जित गरिएको छ । तर सूर्यास्तदेखि उषाकालसम्म खान पिउन र संभोग गर्न वर्जित छैन । तर बच्चा, वृद्ध र विरामीका लागि भने व्रत बस्न अनिवार्य छैन ।

रोजाको अन्तिम दिनलाई ईद उल फित्र भनिन्छ । त्यसदिन आफ्ना नातेदार जम्मा हुने, शुभकामना तथा आशीर्वाद आदान प्रदान गर्ने, भोज खाने र राती दीपावली गर्छन् । व्रत सफल भएको र अल्लाहसँग आत्मिक सम्बन्ध जोडिएको खुशियालीमा ईदलाई हर्षउल्लासका साथ मनाउँछन् ।

## ईदुल आज्हा (Idul –Aijah)

ईदुल आज्हालाई वकरईद पनि भनिन्छ । यो इस्लामिक क्यालेण्डरको वाह्रौं महिनाको १० गते पर्दछ । यो १० गतेबाट तीन दिनसम्म मनाइन्छ । यो चाड मक्कामा हज गर्न जानेबेलाको चाड मानिन्छ । यस चाडमा मुसलमानहरू मस्जिद गई प्रार्थना गर्छन्, बलि दिन्छन्, भोज खान्छन्, र नातेदार जम्मा भई आपसमा शान्ति, प्रगति र दीर्घायुको शुभकामना आदान प्रदान गर्छन् ।

## साव ए मेराज (Shab –e-miraj)

ईश्लम क्यालेण्डर अनुसार  सातौं महिनालाई रजव भनिन्छ । यही महिनाको अन्तिम सत्ताइसौं गते साव ए.मेराज भन्ने चाड विशेष रूपले मनाइन्छ । यस दिनलाई अल्लाहले पैगम्बर मुहम्मदलाई स्वर्ग लगेको अर्थात् पैगम्बर मुहम्मदले अल्लाहको आदेशअनुसारको लक्ष्य पूरा गरी स्वर्गमा गएको दिनको रूपमा मानिन्छ । यस दिनमा मुसलमान अनुयायीहरू पैगम्बर मुहम्मदको जीवन र उनको सद्कार्यहरूको चर्चा, परिचर्चा, छलफल गर्छन् । उनको सम्झनामा विशेष पूजा गर्ने तथा नमाज पढ्ने गर्छन् । गरीबहरूलाई खानेकुरा तथा विभिन्न सामाग्री वितरण गर्छन् । इस्लाम क्यालेण्डर अनुसार आठौं महिनालाई सावान (Shaban) भनिन्छ । आठौं महिनाको पन्ध्रौ दिनमा साव-ए-वारात भन्ने चाड पर्दछ ।

## हज (Hazz)

हजको अर्थ मक्काको तिर्थयात्रा हो । यदि आर्थिक, शारीरिक तथा मानसिक रूपमा सक्षम भएमा प्रत्येक मुसलमानले कम्तीमा जीवनको एकपटक साउदी अरबको मक्काको तीर्थयात्रा गर्नुपर्छ । पैगम्बर महम्मद सन् ५७० मा साउदी अरबको मक्कामा जन्मिए भने सन् ६३२ मा मदिनामा शरीर त्याग गरे । त्यसैले यी २ क्षेत्रहरू विश्वभरिका मुसलमानहरूको लागि पवित्र तीर्थस्थल हुन् । साउदी अरेवियाको मक्का शहरको बिचमा ‘कावा’ भन्ने अत्यन्त पवित्र क्षेत्र छ । कावा (Kabha) को अर्थ अरबी भाषामा घनाकार (Cubic Structure) हुन्छ । जहाँ एउटा कालो ढुङ्गा (Black Stone) रहेको छ । तीर्थयात्रीहरूले उक्त कालो ढुङ्गालाई अत्यन्त प्रेमपूर्वक, भक्तिपूर्वक छुने तथा चुम्बन गर्ने गर्छन् । उक्त कालो ढुङ्गालाई छुनु तथा चुम्बन गर्नुको अर्थ पैगम्बर मोहम्मदप्रति गरिएको प्रगाढ प्रेम तथा भक्ति हो भन्ने

मुसलमानहरूको धारणा रहिआएको छ । हज गर्ने व्यक्ति मक्काको नजिकै रहेको अरफात मैदानसम्म पुग्नु अनिवार्य रहेको छ। मक्कामा हज गरेर आएको तीर्थयात्रीलाई हाजी (Haji) भनिन्छ । उनीहरूले आफ्नो नामको अगाडि हाजी भनेर राख्न मन पराउँछन् । समाजमा उनीहरूको विशेष प्रकारको सम्मान र प्रतिष्ठा हुने गर्छ ।

**मोहर्रम (Moharrum)**

मोहरम पनि मुसलमानहरूको महत्त्वपूर्ण चाड हो । यो चाड हसन हुसेनको मृत्युदिवसमा मनाइन्छ । हसन हुसैन पैगम्बर मुहम्मदका २ जना नाति (Grandsons) थिए । यो इस्लामिक क्यालेण्डरको प्रथम महिनामा पर्छ । प्रथम महिनाको १० गतेसम्म हसन हुसैनको सम्झनामा आत्मशान्तिको कामना गरिन्छ साथै अल्लाहको उपासना गर्दै गरीबलाई दान दिइन्छ ।

## २.१.८ मुसलमान र संस्कार

### जन्मदेखि विवाह पूर्व गरिने संस्कारहरू

मुसलमान समुदायका बच्चा जन्मिने वेलामा बावुले बच्चाको सफल जन्मको कामना गर्दै नमाज पढ्नुपर्छ। जन्मनेवित्तिकै बच्चाको दायाँ कानमा ठूलो र लामो स्वरमा “आजान” पाठ गरिन्छ । आजान र तकर्तीर पाठको अर्थ बच्चा धर्तिमा पदार्पण हुने बित्तिकै उसलाई अल्लाहको प्रार्थनाको लागि आह्वान गर्नु हो । त्यसपछिमात्र उसको नाभि काट्ने तथा सरसफाइ गर्ने गरिन्छ। बच्चालाई आमाको दूध चुसाउनु अघि मह, खजुर आदि कुनै गुलियो पदार्थ चटाउने चलन रहेको छ। छोरी भएमा जन्मेको छ दिनमा र छोरा भएमा ७ दिनमा विशेष प्रकारको धार्मिक संस्कार गरिन्छ, त्यसलाई ‘अकिका’ भनिन्छ । त्यस दिनमा आमा तथा बच्चाले विशेष रूपले नुहाइ धुवाइ गर्नुपर्छ। बच्चाको कपाल मुण्डन गर्नुपर्छ र मुण्डन गरिएको कपाल जोखि त्यसबराबरको चाँदी पैसा वा खजुर गरीबलाई दान दिनुपर्छ। सक्नेले त्यस दिन २ वटा खसी अल्लाहको नाममा कुर्वानी दिनुपर्छ। साथै आफन्त र परिवारजनलाई भोज दिने गरिन्छ । त्यसदिन बच्चाको नामाकरण गरिन्छ । आफन्तजनले नमाज पढ्दै अल्लाहको प्रार्थना गर्छन् र बच्चा र आमालाई आशीर्वाद तथा शुभकामना दिन्छन् । बच्चा जन्मेपछि खास गरी बालक (छोरा) को हकमा लिङ्गको टुप्पो काट्न अनिवार्य हुन्छ त्यस

संस्कारलाई ‘खतना’ भनिन्छ । खतना संस्कार गर्ने कुनै खास समय तोकिएको नभए पनि सानै उमेरमा गर्नु राम्रो मानिन्छ । यो संस्कार गर्ने विशेष व्यक्ति हुन्छ जसलाई ‘हजाम’ भनिन्छ । हजामले विधि विधानपूर्वक ‘खतना’ गर्दछ । घरेलु तरिकाबाट लिङ्गको टुप्पो काट्दा घाउ ठूलो हुने, वढि रक्तश्राव, पीडादायी र संक्रमण हुने भएकाले आजकल नजिकैको अस्पतालमा गई स्वास्थ्यकर्मीबाट यो संस्कार गराउने प्रचलन बढ्दै गएको  पाइन्छ ।

**विवाह संस्कार**

मुसलमान समुदायमा विवाहलाई एक महत्त्वपूर्ण संस्कारको रूपमा लिइन्छ । धर्मअनुसार विवाहपूर्व केटा र केटीबीचको प्रेम सम्बन्धलाई अनैतिक (हराम) काम मानिन्छ । तथापि अहिलेको नयाँ पुस्तामा प्रेम विवाहप्रतिको आकर्षण बढ्दै गएको पाइन्छ । मुसलमान समाजमा विवाहमा कथित ठूलो सानो जातको भेदभाव हुदैन । कुनै एक समूहले कुनै पनि अर्को समूहसँग विवाह गर्न सक्छ । विवाहपूर्व केटा पक्षबाट केटीको घरमा गई विवाहको प्रस्ताव राखिन्छ । यस प्रकारको प्रस्तावनालाई ‘निकाहा’ भनिन्छ । निकाहामा केटा केटी दुवैको मञ्जुरीको बारेमा सोध्नु अनिवार्य हुन्छ । दुवै पक्षको मञ्जुरी भएमा समझदारीमा विवाहको दिन तोकिन्छ । विवाहको दिनमा केटा पक्षबाट बेहुलीको घरमा जन्त जाने चलन हुन्छ तर हिन्दू समुदायमा जस्तो बाजा बजाउने चलन हुँदैन । विवाह संस्कार धर्मगुरुद्वारा सम्पन्न हुन्छ । केटा र केटी दुवै पक्षवाट २/२ जना साक्षी (गवाइ) हुने गर्छन्, उनीहरूले विवाह सम्पन्न हुनुभन्दा अगाडि केटा-केटीको मञ्जुरीको बारेमा सोधपुछ गर्छन् । साक्षी पुरुषहरू हुने गर्छन् । महिलाहरू गवाई बस्न पाउदैनन् । पुनः केटाकेटी दुवैको मञ्जुरी भएमा विवाह कार्य अगाडि बढ्छ । विवाहमा केटाले केटीलाई केही शुल्क दिनुपर्छ त्यसलाई ‘मोहर’ भनिन्छ तर केटी पक्षवाट केटालाई दाइजो दिनुपर्ने कुनै अनिवार्यता छैन ।

धर्म गुरुले प्रार्थना तथा विभिन्न धार्मिक संस्कार पूरा गरेपछि सबैले सफल वैवाहिक जीवनको कामना गर्दै सामूहिक रूपमा नमाज पढ्ने गर्छन् । बेहुली भित्र्याएपछि केटाको घरमा पुन भोज भतेर हुने गर्छ । मुसलमान धर्ममा छिमेकी महिलाहरूले बेहुलीको मुख हेर्ने तथा दुरन फर्काउने नियम नभए पनि हिन्दूकरणको प्रभावका कारण दुलहीको मुख हेर्ने तथा विवाह भएको ३ दिनपछि नव विवाहित बेहुला बेहुली दुवै दुरन फर्काउन केटीको माईती जाने चलन रहेको पाइन्छ ।

**मृत्यु संस्कार**

मुसलमान धर्मअनुसार मृत्यु अनिवार्य प्राकृतिक नियम मानिन्छ । मृत्युपश्चात् अल्लाहसँग साक्षात्कार हुने विश्वास राख्ने हुनाले यसलाई सहज रूपमा स्वीकार गर्नुपर्ने मान्यता रहेको छ । मृत्युपश्चात् सर्वप्रथम आँखा तथा मुख खुला भएमा बन्द गरिन्छ । मृतक पुरुष भएमा पुरुषहरूले र महिला भएमा महिलाहरूले विधिविधानपूर्वक धोई पखाली सफा गरेपछि मृतकको शरीरमा कपूर चन्दन आदि अनेक प्रकारका सुगन्ध लेपन गरिन्छ र नसिलाइएको सेतो कपडा लगाइन्छ । त्यसपछि लासलाई काठको बाकस (ताबुत) मा राखी मृतकका पुरुष नातेदार तथा छिमेकी मिली सामूहिक चिहान भएको ठाउँमा लगिन्छ । मृतकलाई बोक्दा पुण्य प्राप्त हुने मान्यताअनुरूप ताबुत बोक्ने तथा छुने मानिसहरूको प्रतिस्पर्धा नै हुने गर्छ । चिहानमा जम्मा भएका मानिसहरूले सर्वप्रथम मृतकको आत्माशान्तिको कामना गर्दै नमाज पढ्छन् जसलाई ‘जनाजा’ भनिन्छ । त्यसपछि लासलाई विधानपूर्वक कब्रिस्तानमा दफन गरिन्छ । फर्कनुभन्दा अगाडि पुनः एकपटक सामूहिक नमाज पढ्ने गरिन्छ त्यसलाई “दुआ” भनिन्छ । मुसलमान समाजमा मृत्युपछि जूठो बार्ने, क्रिया गर्ने, नुन बार्ने आदि गर्नु पर्दैन । सामान्यतया तीन दिनसम्म मृतकको घरमा खाना पकाइँदैन । आफन्तहरूले खाना बनाई खुवाउने गर्छन् । ३ दिनपछि मृतकको घरमा कुरआन पाठ गरिन्छ त्यस्तै मृत्युको १० दिन, २० दिन, ४० दिन, ६ महिना र त्यसपछि वर्ष, वर्ष दिनमा मृतकको संझनामा नमाज पाठ गर्ने र गरीबहरूलाई खाना खुवाउने गरिन्छ ।

## न्याय, नियम तथा विश्वास

इस्लाम समाजमा कुरआन निर्देशित न्याय नियम हुने गर्छन् । मानिसको व्यवहार र सम्बन्धलाई नियन्त्रण तथा सन्तुलन कायम गर्न विभिन्न धार्मिक विश्वास, मापदण्ड र नियमहरू यस समाजमा रहेका छन् । मुख्य गरी ५ आधारभूत तत्त्वहरूको संरचनाबाट इस्लाम धर्मको संचालन भएको हुन्छ । त्यसलाई आफ्नो व्यवहारिक जीवनमा उतार्नु हरेक मुसलमानको कर्तव्य ठानिन्छ । ती ५ आधारभूत तत्त्वहरूः तौहिद, नमाज, रोजा, हज र जकाते हुन् । तौहिदको अर्थ अल्लाह र पैगम्बर मुहम्मद प्रतिको गहिरो सम्मान र विश्वास हो । जसको श्लोक “लाईलाह ईल्लल्लाहु महम्मदुर्र सुलुल्लाह” हो । यस श्लोकको अर्थ- अल्लाहबाहेक अरू कुनै पूजा गर्न लायक छैन र मुहम्मद अल्लाहका अन्तिम सन्देशवाहक ( दूत) हुन् भन्ने हुन्छ । अल्लाहप्रति विश्वास र सच्चा भक्ति, अन्तिम ईश्वरीय ग्रन्थ कूरआन, अन्तिम ईश्वरीय दूत मुहम्मद, अन्तिम न्याय दिवस, भाग्य,स्वर्ग, नरक, आदिमा उनीहरू गहिरो विश्वास गर्छन् । त्यस प्रकारको विश्वासलाई ईमान (Iman) भनिन्छ । कुनै विषयमा

दक्षता हासिल गर्ने उदेश्यले ४० दिनसम्म साँझबिहान लगातार निश्चित ध्यान (जप) विधि अपनाउने संस्कार लाई "चिल्ला" भनिन्छ । कुनै कामको थालनी गर्दा मुसलमानहरू विसमिल्लाह भनेर शुरु गर्छन् । बच्चालाई ४ वर्ष ४ महिना ४ दिनको उमेरमा विद्याआरम्भ गराउन शुभ मानिन्छ । विद्याआरम्भ गराउँदा पनि 'विसमिल्लाह' भनेर शुरु गरिन्छ । चोरी गर्नेलाई हात काटी दिने, ज्यानको बदला ज्यान लिने, परस्त्रीलाई व्यभिचार गर्नेलाई मरेको भए पनि १०० कोर्रा हिर्काउने, स्त्रीहरूले घरभित्र नै बस्नुपर्ने बाहिर निस्कदा बुर्का लगाउनुपर्ने मान्यता मुसलमानी समुदायमा रहेको छ ।

**यस समाजमा प्रचलित केही धार्मिक मान्यताहरू:**

- आफ्नो विरुद्धमा भए पनि सत्य वोल्नु
- सबैको लागि न्याय
- बालक र गरीबप्रति दया र उदारता
- शत्रुलाई क्षमा
- विद्वान् प्रति सम्मान

यस प्रकारका मान्यताले समाजका मानिसहरूको व्यवहार सम्बन्धलाई नियन्त्रण सन्तुलन राख्न साथै सामाजिक न्याय कायम गर्न सहयोग गरेको पाइन्छ ।

## २.२ सैद्धान्तिक समिक्षा

### लिङ्ग लैगिकता

लिङ्ग शब्दले पुरुष र महिलाको शरीरको भिन्नतालाइ जनाउँछ भने लैङ्गिक (जेण्डर) शब्दले सामाजिक साँस्कृतिक एवम् मनोवैज्ञानिक फरकपनलाई जनाउँछ । प्रत्येक समाजमा पुरुष र महिलाले निभाउनुपर्ने भूमिका फरक फरक हुन्छन् । लैङ्गिकताले महिला र पुरुषको सामाजिक साँस्कृतिकका अतिरिक्त आर्थिक विशेषतालाई जनाउँछ । लिङ्ग जन्मेबाट निर्धारण हुन्छ र लैङ्गिकता (जेण्डर) पनि लिङ्गको आधारमा व्यक्तिसँग जोडिएर आउने सामाजिक, साँस्कृतिक, मुल्यमान्यता, सम्बन्ध, भूमिका आदि विशेषताको रूप हो (भासिन, ) ।

### २.२.१ **सामाजिक लिङ्ग र महिलावाद**

मानवसमाज उत्पत्तिको उषाकाल लैङ्गिक विभेदरहित थियो । मानव सभ्यताको प्रारम्भिक कालमा पनि महिला र पुरुष बीचको सामाजिक विभेद तथा असमानताको अवस्था ज्यादै कम थियो । त्यसबेलाको समाज शिकारी र संकलित समाज थियो । पुरुषहरू शिकार गर्दथे भने महिलाहरू कन्दमूल सङ्कलन गर्दथे यसका अतिरिक्त ससानो शिकार तथा माछा मार्ने काममा पनि संलग्न हुन्थे । जुन समाजमा परिवारको गुजारा शिकार गरेको मासुबाट हुन्थ्यो ।

त्यस्तो परिवारमा पुरुषको महत्त्व बढी हुन्थ्यो भने सङ्कलित कन्दमूलबाट गुजारा हुने परिवारमा महिलाको प्रतिष्ठा उच्च हुन्थ्यो तर महिला र पुरुष दुवै मिलेर परिवारको आवश्यकता पूरा गर्ने भएकाले त्यस समयमा लैङ्गिक विभेदको अवस्था न्यून थियो । तर त्यसपछिको दासयुग सँगसगै पितृसत्तात्मक सामाजिक व्यवस्था हुर्कन बढ्न र मलजल हुन थाल्यो । यस युगमा बिस्तारै निजी सम्पत्तिको अवधारणाको विकास हुन थाल्यो र सम्पत्तिको अधिकारबाट महिलालाई वञ्चित गर्न थालियो यो प्रक्रिया सामन्तवादी युगमा अझ विकास हुँदै गयो । पुरुषहरूले अधिकार शक्ति, सम्पत्तिमा बढी अवसर पाउँदै गए भने महिलाहरू यसबाट बञ्चित बन्दै गए । उनीहरू घरधन्दा, चुलोचौको, खेतीपाती बच्चा स्याहार सुसारजस्ता अनुत्पादनमूलक काममा सीमित हुँदै गए । यस प्रकारको लैङ्गिक विभेदलाई समाजले संस्कार, संस्कृति, प्रथा, चलनमार्फत संस्थागत गर्दै लग्यो । धर्मले धार्मिक नीतिनियममार्फत लैङ्गिक विभेदलाई अझ बलियो बनाउँदै गयो । समाजमा प्रचलित धर्म,: संस्कृति, संस्कार, मूल्य मान्यता, प्रथा, चलन आदि सबैमा लैङ्गिक असमानता र विभेदले प्रश्रय पायो । बालबालिकालाई जन्मदेखि नै लैङ्गिक विभेदको आदर्शबाट प्रशिक्षित र सामाजिकीकरण गर्दै लगियो । हाल आएर तेस्रो विश्वका विकासशील, अर्ध सामन्ती, अर्धऔपनिवेशिक राष्ट्रहरूमा मात्र नभएर विश्वका विकसित औद्योगिक पूँजीवादी राष्ट्रहरूमा पनि कुनै न कुनै रूपमा लैङ्गिक विभेदका रूपहरू देख्न सकिन्छ । त्यसैले घरदेखि घाटसम्मका मानिसका प्रत्येक क्रियाकलापहरू, घर, परिवार, समाज, राष्ट्र र विश्वसम्मका सामाजिक सङ्घ संस्थाहरू, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, मनोवैज्ञानिक,

आत्मिक तथा आध्यात्मिक सबै क्षेत्रमा लैङ्गिक असमानता र पूर्वाग्रह व्यापक र भित्री तहसम्म घुसेको पाइन्छ ।

महिलावाद समाज र संस्कृतिको व्याख्या गर्ने एक वैकल्पिक दर्शन एवम् सिद्धान्त हो । नारीवाद महिलाहरूको पुरुषसरह समान हक, अधिकार, शक्ति प्राप्त गर्न गरिएको प्रयासमा आन्दोलन हो । यो वर्तमान सामाजिक विज्ञानमा घुसेको पुरुष पूर्वाग्रहको आलोचना र चुनौती सहितको नयाँ वैकल्पिक अनुसन्धान पद्धति हो । नारीवादको प्रतिपादन हुनुपूर्व समाज विज्ञानको व्याख्या विश्लेषण गर्न निर्माण भएका सबै सिद्धान्त तथा ज्ञान पुरुष पूर्वाग्रहबाट प्रभावित थिए । तिनमा पुरुषको दृष्टिनिहित थियो र तिनीहरू सबै पुरुषको हित र फाइदाको लागि सृजित गरिएका थिए । तर जब नारीवादी आन्दोलनले तीब्रता पाउँदै गयो तब समाज विज्ञानको अध्ययनमा घुसेको पुरुष पूर्वाग्रहको आलोचना गर्दै महिलाको दृष्टिकोण समाजका हरेक पक्षको विश्लेषण गर्ने वैकल्पिक अनुसन्धान पद्धतिको विकास भयो, जसलाई नारीवाद भनिन्छ । जुन परम्परागत अनुसन्धान पद्धतिभन्दा अलग छ । महिलावादी सिद्धान्तको विकासक्रमलाई हेर्दा निम्न तीन धारहरूको रूपमा अगाडि बढेको देखिन्छ ।

**महिलावादको पहिलो धार**

सन् १९३० मा दासताविरुद्ध सङ्घर्ष गर्नाको लागि अमेरिकी महिलाहरू संगठित भएका थिए र अधिकार प्राप्त गर्नाका लागि आन्दोलनको शुरुवात पनि गरेका थिए जसबाट महिलावादको पहिलो धारको प्रारम्भ हुन पुगेको थियो । यसले महिला मुक्तिको लागि एकता, सशक्तीकरण र गतिशीलतामा जोड दिएको थियो । खासगरी यसले महिलावादी सिद्धान्तको जग बसाल्ने काम गऱ्यो । यसको प्रभाव बिसौं शताब्दीको पूर्वार्धसम्म रह्यो ।

**महिलावादको दोस्रो धार**

यस धारको शुरुवात सन् १९६० को दशकदेखि भएको थियो । जसअन्तर्गत धेरैजसो समसामयिक नारीवादी सिद्धान्तहरू प्रतिपादन भएका छन् । सन् १९६३ मा बेटी फ्रिडानको “द फेमिनिजम मिस्टिक्यू” नामक पुस्तक प्रकाशन भएपछि महिलावादको दोस्रो धारको विकास हुन पुगेको पाइन्छ । उक्त पुस्तकमा फ्रिडानले महिलालाई सार्वजनिक कामको

क्षेत्रमा पहुँच दिएमा मात्र महिला स्वतस्फूर्त रूपमा स्वतन्त्र हुन्छन् भन्ने कुरालाई जोड दिएकी छिन् । यस धारले महिला विरुद्धको दमन शोषणको अन्त्य सार्वजनिक क्षेत्रमा उनीहरूको पहुँच, स्वतन्त्रता र महिला स्वायत्ततालाई जोड दिएको छ ।

## महिलावादको तेस्रो धार

नारीवादमा तेस्रो धार सन् १९८० को दशकपछाडि शुरू भएको मानिन्छ । यसले मूलतः महिला-महिला बीचमा हुने फरकपनको विश्लेषण गर्दछ । महिलाहरूभित्र पनि समानता छैन । उनीहरू बीच फरक विचार र रूचिहरू छन्, उनीहरूको बीचमा वर्ग, धर्म, उमेर, जातीय विविधता छन् । त्यस प्रकारको विविधतालाई ध्यान नदिई समग्रतामा महिलामाथि हुने दमनको यथार्थ चित्रण हुन सक्दैन भन्ने यस धारको मान्यता रहेको छ । विश्वका हरेक समाजमा महिलामाथि विभिन्न किसिमका पीडा, दमन, उत्पीडन, हिंसा भैरहेका हुन्छन्, ती समान र एकनाशका हुँदैनन् तिलाई माथिबाट नहेरी तल्लो तहबाट हेर्ने प्रक्रियाको विकास गरिनुपर्छ भन्ने मान्यता यस धारमा रहेको पाइन्छ ।

यसरी महिलावादी आन्दोलनलाई हेर्दा पहिलो धार सन् १९३० पछाडि तत्कालीन समयमा भोट दिने अधिकार, शिक्षा र समान अधिकार र अवसरको बारेमा केन्द्रित थियो भने दोस्रो धार सन् १९६० पछि खास गरी सन् १९६३ मा वेटी फ्रिडान (Betty Friedan) को फेमिनिजम मिस्टिक्यू (The Feminist Mystique) नामक पुस्तक प्रकाशित भएपछि शुरुवात भएको हो त्यस समयका समसामयिक नारीवादी सिद्धान्त यससँग सम्बन्धित छन् । तर नारीवादी तेस्रो धार सन् १९८० को दशकपछि शुरु भएको जसले नारी नारी बीचको फरक पनको विश्लेषण गर्दछ । महिलावादी आन्दोलन अगाडि बढ्ने क्रममा विभिन्न महिलावादी दृष्टिकोण, सिद्धान्त, अवधारणाहरूको विकास भएको पाइन्छ । तीमध्ये केहीलाई संक्षेपमा प्रकाश पार्न खोजिएको छ ।

## उदार महिलावाद

उदार महिलावादको शुरुवात १६ औं शताब्दीदेखि नै भएको थियो तथापि यस अवधारणाको प्रभुत्व सन् १९६० पछि पश्चिमी राष्ट्रहरूमा भएका महिला आन्दोलनहरूमा रह्यो । यस अवधारणाले महिला र पुरुषको समानतालाई जोड दिन्छ । यो पितृसत्ताको मान्यताप्रति

उदार देखिन्छ र त्यसैभित्र रहेर महिला समानता प्राप्त गर्न सकिन्छ भन्ने धारणा यसले राख्छ । उदार महिलावादीका अनुसार महिला र पुरुष बराबरी रूपमा बुद्धिमानी र क्षमतावान् हुन्छन् यदि महिलाहरूलाई पनि पुरुषसरह समान अवसर दिएमा उनीहरूले समान उपलब्धि हासिल गर्छन् । यसले लैङ्गिक विभिन्नता, नारी-नारी बीचको फरकपनलाई जोड दिदैन । बरु शिक्षा, रोजगारी, अधिकार, निर्णयप्रक्रिया आदि क्षेत्रमा समान अवसर, आक्षरण दिएको खण्डमा महिलाको हैसियत माथि उठ्न सक्छ । त्यसैले वर्तमानको पारिवारिक, सामाजिक संरचना भित्रै महिला समानता सम्भव छ भन्ने यसको धारणा रहेको छ । सन् १९६० देखि १९८० सम्म अधीनस्थक विचारको रूपमा रहेको उदार महिलावाद, त्यपछि हालसम्म सामान्य अवस्थामा रहेको छ र नेपालमा पनि यसै मान्यताको आधारमा महिला आन्दोलनहरू सञ्चालन भएका छन् ।

### मार्क्सवादी महिलावाद

यस अवधारणाको आधार मार्क्सवादी दर्शन हो । सन् १८८४ मा प्रकाशित एङ्गेल्सको पुस्तकः “परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति” बाट मार्क्सवादी महिलावाद बढी प्रभावित देखिन्छ । यसले लैङ्गिक दमनको कुरा समाजको अर्थव्यवस्थासँग जोडिएको हुन्छ भन्ने यसको मान्यता रहेको छ । पुरुषद्वारा महिलामाथि हुने दमनको घनिष्ट सम्बन्ध पूँजीसँग छ, त्यसैले महिलामुक्तिको लागि गरीने संघर्ष पुरुष विरुद्धको संघर्ष होइन बरु यो पूँजीवाद र वर्ग विभेदबीचको संघर्ष हो । वर्गीय असमानताको अन्त्यपछि स्वतः लैङ्गिक शोषण अन्त्य हुन्छ । सामन्तवाद तथा पूँजीवादको अन्त्य गरी आउने समाजवाद तथा साम्यवादले महिला र पुरुषबीचको असमानताको दूरीलाई समाप्त पार्न सक्छ भन्ने यसको मान्यता छ ।

### आमूल महिलावाद

आमूल महिलावाद वीसौं शताब्दीको मध्यतिर देखापरेको एक नयाँ प्रकारको अवधारणा हो । यस अवधारणाले समाजमा विद्यमान लैङ्गिक संरचनालाई पूर्ण रूपमा चिरफार गरी नयाँ प्रकारको सामाजिक संरचना निर्माण गर्नुपर्ने बताउँछ । समाजका हरेक संघसंस्थाभित्र लैङ्गिक दमन, शोषण, उत्पीडन विश्वव्यापी रूपमा रहेको छ त्यसको मूल आधारभूत कारण पितृसत्ता नै हो । पितृसत्ताको समाप्ति नै महिला मुक्तिको एकमात्र उपाय हो भन्ने

मान्यता आमूल महिलावादले राख्दछ । पितृसत्ताको प्रभुत्व रहेका सामाजिक सङ्गठनले दृश्य वा अदृश्यरूपमा महिला शोषण र हिंसा गरिरहेका हुन्छन् । जस्तैः यौन दुराचार, वेश्यावृत्ति, बालयौन अपराध कुटपिट, हत्याजस्ता महिला हिंसा दृश्य वा मूर्तरूपमा समाजमा हुने गर्छन् भने कतिपय अदृश्य रूपमा जस्तैः फेसन, सुन्दरता, मातृत्व, आदर्श, विवाह, एकल यौन सम्बन्ध, घरगृहस्थी, पतिव्रता आदिका नाममा अमूर्त किसिमले महिला हिंसा, शोषण, दमन उत्पीडन हुने गर्छन् त्यसैले वर्तमान विश्वको पितृसत्तात्मक संरचनाद्वारा महिलाको यौनिक शोषण, आर्थिक शोषण र मनोवैज्ञानिक शोषण गरिरहेको छ । यस प्रकारको शोषणबाट मुक्ति पाउनका लागि सम्पूर्ण महिलाहरूले पितृसत्ता विरुद्ध सामूहिक रूपमा प्रतिकार गर्न अगाडि बढ्नुपर्छ साथै लिङ्गको भूमिकामा परिवर्तन ल्याउनु पर्छ र समलिङ्गीय विवाहलाई विकल्पको रूपमा अगाडि बढाउनु पर्छ भन्ने आमूल महिलावादीको धारणा छ ।

### समाजवादी महिलावाद

मार्क्सवादी नारीवाद र उदारवादी नारीवादको संश्लेषण नै समाजवादी नारीवाद हो । वर्गीय दमन र लैङ्गिक दमनमात्र महिला दमनका कारकतत्त्व होइनन्, बरु समाजमा दमनका विभिन्न स्वरूपहरू छन्ः जाति, धर्म, उमेर, लिङ्ग पेशा, यौनिक रुचि आदिका आधारमा महिला दमनको अध्ययन विश्लेषण गरिनुपर्छ भन्ने मान्यता समाजवादी नारीवादीले राख्दछन् । दमन पुरुषले महिलामाथि मात्र गर्दैन, महिलाले महिलामाथि पनि गर्दछन् । एक दमित महिलाले अर्को महिलालाई कसरी दमन गर्न पुग्छन् भन्ने कुरामाथि यसले जोड दिन्छ । विश्वव्यापी रूपमा दमनको स्वरूप फरक हुन्छन्, समाजअनुसार महिलामाथि हुने दमनको प्रकृतिमा भिन्नता हुन्छ परिवेशअनुसार त्यसलाई फरक-फरक ढंगले अध्ययन र व्याख्या गरिनुपर्छ । यसले महिलाहरूलाई घरभित्र र घरबाहिर हुने सबै प्रकारको शोषणहरूको अन्त्य गर्ने, साथै महिला र पुरुषको समानता, सहकार्यता र संयोजनताले नै नयाँ समतामूलक समाजको निर्माण हुने कुरामा विश्वास गर्ने गर्दछ ।

## २.२.२ लैङ्गिक विकासका रणनीतिहरू

विश्वमा विकास भएका विभिन्न प्रकारका महिला आन्दोलनले महिला अधिकारका विषयमा जागरण ल्याउको भएता पनि महिला समानता र महिला सशक्तीकरणका मुद्दामा आशातीत सफलता हासिल हुन सकेन । त्यसैले सामाजिक लिङ्गलाई विकासको मुद्दाका रूपमा स्थापित

गर्नुपर्ने आवश्यकता बोध भयो र सन् १९६० को दशकको अन्त्यतिर लैङ्गिक विकासका रणनीतिहरू प्रतिपादन भई लागु गरिए ।

## विकासमा महिला अवाधारणा (WID)

यस अवधारणाको विकास सन् १९७० को दशकको शुरुवातसँगै भएको हो । उदारवादी महिलावादीहरूले विभिन्न कार्यक्रम सञ्चालन गर्न बनाएका नीति रणनीतिहरू नै यस अवधारणा उत्पत्तिको आधार हो तथापि सन् १९५० देखि ७० को दशकसम्म विश्वमा लोकप्रिय रहेको आधुनिकीकरणको पृष्ठभूमिबाट यो अवधारणा प्रभावित रहेको छ । यसले बजार, श्रम र मौद्रिक उत्पादनमा महिलाको सहभागितालाई जोड दिन्छ । महिलालाई घरायसी अनुत्पादनमूलक कामबाट बाहिर निकाली उत्पादनमूलक कार्यमा लगाउने, महिलाको बजारमा पहुँच पुऱ्याउने, महिला उद्यमशीलता बढाउने, सार्वजनिक तहमा उनीहरूको पहुँच पुऱ्याउने, आदि गर्न सकिएमा महिला समानता र स्वतन्त्रता सम्भव छ । विभेदरहित कानून, सीप तालिम र सशक्तीकरण, शिक्षा आदिको प्रबन्ध मिलाएको खण्डमा महिलालाई पुरुष सरह विकासमा एर्कीकृत गर्न सकिन्छ । तबमात्र महिलाको विकास हुन्छ भन्ने मान्यता यस अवधारणाले राख्दछ ।

## महिला र विकास अवधारणा (WAD)

यस अवधारणाको विकास सन् १९७० को उत्तरार्ध्दमा भएको हो । यस अवधारणाको सैद्धान्तिक पृष्ठभूमि परनिर्भरताको सिद्धान्त हो । परनिर्भरताको सिद्धान्त अन्तर्गत केन्द्र (Core) र पृष्ठ क्षेत्र (Periphery) का रूपमा विश्लेषण गरेजस्तै यसले पुरुष र महिलाको बीचको सम्बन्धलाई विश्लेषण गर्छु ।

WAD ले विकासमा तलबाट माथि अवधारणा (bottom up approach) लाई प्राथमिकता दिन्छ । विकासको मूल प्रवाहबाट बाहिर रहेका गरीब, सीमान्तकृत् महिलाहरूलाई परिलक्षित समूह बनाई चेतना र क्षमता वृद्धि गरी आफ्नो विकास आफै गर्न सक्षम बनाउनु नै यस अवधारणाको लक्ष हो । महिलाहरूलाई विकास प्रक्रियाको सहायक अङ्गका रूपमा मात्र होइन कि उनीहरूलाई विकाससँगसँगै लैजानुपर्छ, विकासका हरेक क्रियाकलापमा महिलाको सहभागितालाई सुनिश्चितता गर्न सकिएमा महिला सशक्तीकरणमा वृद्धि हुन जान्छ । आर्थिक, राजनैतिक, सामाजिक क्षेत्रहरूमा  महिलाहरूको पहुँच वृद्धि गर्नु पर्ने कुरालाई यस

अवधारणाले जोड दिएको छ । महिलाहरूलाई सार्वजनिक जीवनमा सहभागी हुन बाधा पुऱ्याउने सामाजिक, सांस्कृतिक तत्त्वहरू जस्तैः बहुविवाह, उच्च प्रजनन दर, यौन शोषण यौन दुराचार, बेचविखन, विभिन्न प्रथाहरू, कुटपिट जन्म हिंसा आदिको अन्त्य गरी विकासमा महिला सहभागितालाई सुनिश्चितता गर्न सकिन्छ भन्ने मान्यता यस अवधारणाको रहेको छ ।

## जेण्डर र विकास अवधारणा (GAD)

यस अवधारणाको विकास सन् १९८० को दशकपछाडि भएको हो । वर्तमानसम्म पनि यो अवधारणा लोकप्रिय नै छ । विकास प्रक्रियामा महिलालाई समेटेर वा विकासमा महिला सहभागिता सुनिश्चित गरेर मात्र महिला विकास हुन सक्दैन, बरु पुरुषलाई समेत महिला विकासमा सहभागी गराएको खण्डमा दिगो र समतामूलक विकास हुन सक्छ भन्ने मान्यता यस अवधारणाको छ । समाजवादी महिलावादको सैद्धान्तिक पृष्ठभूमिबाट प्रभावित भई विकास भएको यस अवधारणाले एक पक्षीय रूपमा महिलामात्रको विकासलाई जोड दिंदैन, बरु विकासमा महिला र पुरुष दुवैको समान संलग्नता, सक्रियता, सहभागिता, सहकार्यमा समानतामूलक विकास कार्य सञ्चालन गर्न सकिएमा साथै सामाजिक सक्रियता, आर्थिक गतिशीलता, राजनैतिक सहभागिता, सशक्तीकरण र दिगो विकासले मात्र साँचो लैङ्गिक विकास हुन सक्छ भन्ने मान्यता यस जेन्डर र विकास अवधारणा (GAD) को छ ।

## विकासको सवालमा महिला

विकास प्रक्रियामा महिलाको समान सहभागिता बढाएको खण्डमा लैङ्गिक असमानता स्वतः समाप्त भएर जान्छ भन्ने मान्यताको विकास सन् १९६० को दशकपछि अमेरिकी उदारवादी महिलाहरूले अघि सारेको पाइन्छ । यस सम्बन्धमा निम्न अवधारणहरूको विकास भएको छ । सन् १९५०-६० को दशकमा प्रभुत्वमा रहेको आधुनिकीकरण सिद्धान्तमा आधारित विकास प्रक्रियाबाट महिलाले अपेक्षित लाभ लिन नसकेकोले महिला लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ भन्ने मान्यता सहित विकासमा महिला अवधारणाको उदय भएको हो । विश्वमा आधा हिस्सा ओगटेर रहेको महिलाको शिक्षा, स्वास्थ्य उत्पादकत्वमा वृद्धि, आयस्तरमा सुधार, ऋण लगानी नीतिमा उदारता, सिप, क्षमता अभिवृद्धि आदिकासाथ विकास प्रक्रियामा महिलालाई एकिकृत गर्नुपर्ने कुरामा यो अवधारणाले जोड दिन्छ ।

## महिला र विकास

सन् १९७० को उत्तरार्द्धमा विकास भएको यो अवधारणा परनिर्भरता सिद्धान्तको पृष्ठभूमिमा आएको हो । परनिर्भरतामा आधारित यो अवधारणाले महिलाहरू पुरुषमा आश्रीत भएकोले विकास प्रक्रिया र महिला बीचको सम्बन्धलाई व्यवस्थित गर्नुपर्ने कुरामा विशेष जोड दिन्छ । साथै महिलाको उत्पादन र पुनरउत्पादन भूमिकामा पनि ध्यान दिन्छ ।

महिलाहरू विकासको मूल प्रवाहबाट बाहिर छन् उनीहरूबाट नै विकास सुरु गर्नुपर्छ । विकास योजनाको मुख्य उद्देश्य उनीहरूको चेतना र क्षमता अभिवृद्धि गरी आफ्नो विकास आफै गर्न सक्षम बनाउनु हो ।

विकास प्रक्रियाको एउटा अंश महिलाहरू भएकोले उनीहरूलाई लाभान्वीत समूहको रूपमा मात्र नलिएर महिला र विकासलाई एक साथ अघि बढाउन विकासका प्रत्येक तह र प्रक्रियामा पुरुष समान महिला सहभागिता वृद्धि गर्नुपर्छ । यो अवधारणाले महिला दशक सँगै उनीहरूलाई समान अवसर, सहभागिता, पहुँच तथा समानता दिलाउन तर्फ ठोस कार्यक्रम तर्जुमा गर्न विशेष जोड दिन्छ ।

## जेन्डर र विकास

१९८० को दशकमा स्थापित लैङ्गिकता र विकास अवधारणा महिला र पुरुषको समविकासमा जोड दिनको निम्ति स्थापित भएको मानिएको छ । समाजले महिलाको स्थान र भूमिकालाई असमान रूपमा स्थापित गरेको तथ्यलाई औल्याउँछ । यसले महिलालाई कमसल दर्जामा किन राख्छ ? भन्ने चासोमा विशेष जोड दिन्छ ।

समय, स्थान, समाज, जात, वर्ण, धर्म जातजातिको आधारमा महिला र पुरुषको सम्बन्ध र भूमिका फरक फरक हुन्छ । परम्परादेखि स्थापित मान्यता अनुसार महिलाहरू कमजोर हुन्छन् भन्ने तर्क सर्वत्र लागु नहुन सक्छ । स्थान, परिस्थिति अनरूप पुरुष पनि कमजोर हुन सक्छ । कमजोरलाई सशक्त बनाउनुपर्छ । यो अवधारणाले विकास निर्माण प्रक्रिया र निर्णय निर्माण प्रक्रियामा महिला र पुरुष दुवैको समान भूमिकाको औचित्य पूर्ण र प्रभावकारीतामा विश्वास राख्दछ ।

### २.२.३ महिला आन्दोलनको अन्तराष्ट्रिय ऐतिहासिक पृष्ठभूमि

महिला आन्दोलनको अर्थ महिला र पुरुष बीच रहेको लैङ्गिक विभेद वा अन्तरलाई अन्त्य गर्ने लक्ष्यका साथ गरिएको प्रयास हो । महिला स्वतन्त्रता र महिला अधिकार प्राप्तिको लागि महिलावादी आन्दोलन १८ औं शताब्दी देखि शुरु भएको पाइन्छ, तर आजको २१ औ शताब्दीसम्म पनि हाम्रो समाजमा लैङ्गिक विभेदको समस्या जल्दोबल्दो समस्याकै रूपमा रहेको छ । अठारौं शताब्दीमा यूरोपमा आएको औद्योगिक क्रान्तिपछि समाजका हरेक क्षेत्रमा व्यापक परिवर्तन आयो । आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा आएको सुधारले महिलालाई आफूप्रति भएको विभेदको बारेमा बुझ्न र चिन्तन गर्न सहयोग गऱ्यो । महिलाहरू आफ्नो अधिकारप्रति सचेत, र जागरूक भई संगठित भए । अमेरिकी तथा युरोपियन राष्ट्रहरूमा १९ औं शताब्दीको शुरुतिर नै मताधिकार, राजनैतिक तथा आर्थिक अधिकारका मागहरू राखेर महिला संगठनहरूले विभिन्न आन्दोलन सञ्चालन गरेर र त्यसबाट आंशिक सफलता प्राप्त गर्दै अगाडि बढे ।

बीसौं शताब्दीमा आएर महिलाले आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक लगायतका पक्षहरूमा महिला र पुरुषमा समान सहभागिता हुनुपर्छ भनी महिला अधिकारका सम्बन्धमा प्रयासहरू गरे ।

सन् १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना भएपश्चात् महिला अधिकारका पक्षमा विश्वव्यापी प्रयासहरू भएका छन् । सन् १९४६ मा संयुक्त राष्ट्रसंघले महिलाको स्थितिसम्बन्धी आयोगको गठन गऱ्यो । यसलाई सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रले अझ सशक्त तुल्यायो । त्यस्तै सन् १९५१ मा समान ज्यालासम्बन्धी महासन्धि पारित भयो । सन् १९५२ मा महिलाहरूले मत दिन पाउने राजनैतिक अधिकारसम्बन्धी महासन्धि पारित भयो । सन् १९५७ मा नागरीकताको अधिकारसम्बन्धी महासन्धि, सन् १९६० मा महिलामाथि हुने गरेको रोजगारी र पेशागत भेदभावलाई उन्मूलन गर्ने महासन्धि पारित भयो । सन् १९६२ मा विवाह, विवाहको लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्बन्धी महासन्धि पारित भयो, जसले महिलाको विवाह र प्रजनन अधिकारलाई संस्थागत गर्न सहयोग गऱ्यो । सन् १९६७ मा महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहमति कायम भयो भने सन्

१९७५लाई अन्तराष्ट्रिय महिला वर्षको रूपमा मनाउने घोषणा गऱ्यो । यसरी संयुक्त राष्ट्रसंघले महिला अधिकार रक्षाको लागि प्राथमिकताका साथ प्रयास गरेको पाइन्छ ।

सन् १९४५ पछि संयुक्त राष्ट्रसंघले गरेका महिला विकासका विभिन्न प्रयासहरूले गर्दा सन् १९७५ मा पहिलोपटक अन्तर्राष्ट्रिय महिला सम्मेलन आयोजना गर्ने जग बसाल्यो । सन् १९७५ को जुन महिनामा मेक्सिकोमा सञ्चालन भएको उक्त महिला सम्मेलनमा विश्वभरका कुल १३० देशले मात्र भाग लिएका थिए । त्यस सम्मेलनले समानता, विकास र शान्तिलाई मूल नाराका रूपमा स्थापित गर्दै सन् १९७५ देखि सन् १९८५ को दशकलाई अन्तर्राष्ट्रिय महिला दशकका रूपमा मनाउने निर्णय गऱ्यो सन् १९७५ देखि अन्तर्राष्ट्रिय नारी दिवस मनाउने गरिएको छ । सन् १९७९ मा महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि पारित गरी सन् १९८१ देखि लागु गऱ्यो ।

सन् १९८० मा डेनमार्कको राजधानी कोपनहेगनमा दोस्रो अन्तराष्ट्रिय महिला सम्मेलनको आयोजना गरियो । जसको नाराः “महिलाको लागि शिक्षा, स्वास्थ्य, रोजगारी” भन्ने थियो । सन् १९८५ मा नैरोवीमा तेस्रो महिला सम्मेलनको आयोजना भयो । यस सम्मेलनमा १५७ राष्ट्रहरूले भाग लिएका थिए । नैरोवी सम्मेलनले महिलाका लागि रोजगारी, शिक्षा स्वास्थ्यको प्रवर्द्धन गर्ने साथै महिला विरुद्ध हुने सबै प्रकारका कानूनी भेदभाव हटाउने निर्णय गरेको थियो । सन १९९५ मा चिनको बेइजिङमा चौथो महिला सम्मेलनको आयोजना गरियो, यस सम्मेलनमा १८१ राष्ट्रको प्रतिनिधित्व रहेको थियो । यस सम्मेलनले संयुक्त राष्ट्रसंघीय घोषणापत्र र महासन्धि तथा विगतका महिला सम्मेलनका निर्णय लाई समीक्षा र पुनरावलोकन गरी महिलाका खास समस्याहरू पत्ता लगाउन महत्त्वपूर्ण भूमिका खेल्यो । यस सम्मेलनले मुख्य गरी ४ दस्तावेज तयार पारेको थियो । महिलाहरूका १२ ओटा नाजुक क्षेत्र पत्ता लगाई त्यसभित्र रहेका समस्यालाई समाधान गर्ने कार्यनीति तथा रणनीतिहरू तयार पारिएका थिए ।

### २.२.४ नेपालको सन्दर्भमा महिला आन्दोलनको ऐतिहासिक पृष्ठभूमि

मानव जगतको सृष्टि निरन्तरताको लागि महिला र पुरुष दुवैको भूमिका एकआपसमा परिपूरक हुन्छ । दुवैको संयोजन, सहकार्य, अन्तरक्रिया तथा अन्तर्निर्भरताले मानव समाज

गतिमान हुन्छ । तथापि बालबच्चा जन्माउने, हुर्काउने, स्याहार सुसार गर्ने परिवारप्रति मायाममता दिने आदि जस्ता दायित्व वहन गर्नमा पुरुषभन्दा महिलाहरू अगाडि छन् । फलस्वरूप नेपाली समाजमा महिलाहरू आमा, छोरी, बुहारी, पत्नीका भूमिकामा आफूलाई समर्पित गर्दै सामाजिक उत्तरदायित्व पूरा गर्दै आएका छन् । मुख्य गरी हिन्दू आदर्शबाट प्रेरित र प्रशिक्षित हुँदै आएको नेपाली समाजमा प्राचीनकालमा महिलालाई सरस्वती, दुर्गा, काली, लक्ष्मी, भगवतीजस्ता उच्च स्थानमा राखी नारी शक्ति, सृष्टि र उत्पादकत्वको पूजा गर्ने परम्परा थियो । ऐतिहासिक समयमा महिलाको स्थिति पुरुष समान थियो भन्ने कुरा विभिन्न धार्मिक पुस्तक, वेद, तथा ऋषिहरूका साहित्यको अध्ययनबाट पनि थाहा हुन्छ । वैदिककालीन भारतवर्षमा महिलाहरू पुरुषसरह शैक्षिक गतिविधि गर्न सक्दथे, वैदिक मन्त्र वा ऋचा पढ्न पाउथे, धनुविद्या सिक्न पाउँथे, महिलाहरू सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा पुरुषसरह छलफल गर्न, सहभागी हुन पाउँथे त्यस समयमा महिलाहरू पुरुष सरह सक्षम र सुरक्षित थिए (शर्मा, २०५७ : १२६) । समयको अन्तरालसँगै लैङ्गिक विभेदीकरणले जरा गाड्दै गयो जसले महिला  स्वतन्त्रता, र उनीहरूको अधिकारलाई क्रमशः साँघुरो बनाउँदै लग्यो । मध्यकालमा महिलाहरूको स्थिति झनै कमजोर भयो । त्यस बेलाको समाजमा धन, शक्ति र इज्जत आदि कुराहरू पुरुषहरूको नियन्त्रणमा थिए भने महिलाहरू शक्तिहीन र कमजोर थिए ।

हिन्दू धार्मिक ग्रन्थ मनुस्मृतिले महिलालाई अत्यन्त विभेद, अपमान र अन्याय गरेको छ । अविवाहिता महिलाहरू बावु वा दाजुभाइको नियन्त्रणमा रहनुपर्छ, विवाहित पतिको नियन्त्रणमा र विधवा महिलाहरू छोराको नियन्त्रणमा हुनुपर्छ, महिलालाई कहिल्यै पनि स्वतन्त्र छोड्नु हुँदैन भन्ने मनुको धारणा थियो । मध्यकालीन समाज पूर्ण धार्मिक मान्यता अनुसार चल्दथ्यो । धार्मिक मान्यताले जेलिएको त्यस समयको नेपाली समाजमा लैङ्गिक विभेदको चरम अवस्था थियो भन्न सकिन्छ । धार्मिक समाजमा लैङ्गिक विभेदको कुरा गर्दा बुद्धिष्ट र क्रिश्चियन समाजमा विभेदको स्थिति केही नरम उदार खुकुलो रहेको पाइन्छ तर हिन्दू र इस्लाम धार्मिक समाजमा लैङ्गिक विभेदको स्थिति कडा, खरो र पीडादायी रहेको पाइन्छ ।

समयको परिवर्तनसँगै महिला र पुरुषको सामाजिक भूमिकामा परिवर्तन आयो । सामाजिक संरचना पुरुषप्रधान बन्दै गए । महिलालाई बालबच्चा जन्माउने, हुर्काउने, परिवारको हेरविचार गर्ने, माया ममता दिने, घर भित्रका कामहरू गर्ने, जस्ता भूमिका सिकाउँदै, त्यसै अनुरूप हुर्काउँदै तथा सामाजिकीकरण गर्दै लगियो । महिलालाई पुरुषको विवेक, दया, मायामा निर्भर रहने शक्तिहीन बनाइयो । पुरुष प्रधान सामाजिक मूल्य मान्यताले महिलाको हैसियत, भूमिका र अधिकारलाई कमजोर बनायो । समाजले आदर्श, धर्म, मूल्य, मान्यता संस्कृतिका नाममा महिलालाई शोषण गर्दै शक्ति विहीन बनाउँदै लग्यो । यसरी प्राचीन कालमा भन्दा मध्यकालमा महिलाको अवस्था झन कमजोर बन्दै गयो । त्यस समयको शासन व्यवस्था धर्मशास्त्र र परम्परामा आधारित पद्धतिबाट सञ्चालन भएको पाइन्छ । प्राचीनकालदेखि चलेको नेपाली समाजको कलङ्कका रूपमा रहेको सती प्रथाको उन्मूलन सन् १९२४ मा चन्द्रशमशेरले गरे तथापि लोग्ने मरेपछि स्वास्नी पनि पतिसँगै जलेर मर्नुपर्ने यस प्रकारको कठोर अमानवीय प्रथाले छोडेर गएको लैङ्गिक विभेदीकरणको पीडादायी घाउ नेपाली समाजबाट मेटिएर गएको छैन । नेपालको पहिलो औपचारिक कानून वि.सं १९१० को मुलुकी ऐनलाई लिन सकिन्छ । चरम विभेद, असमानता र हिंसाबाट गुज्रिरहेको नेपाली समाजको लैङ्गिक अवस्थालाई वि.सं. १९१० को मुलुकी ऐन तथा त्यसपछि बनेका संवैधानिक कानूनहरूले क्रमशः सुधार गर्दै लगेको पाइन्छ तथापि त्यो सुधार समयसापेक्ष हुन सकेको छैन, समयभन्दा धेरै ढिलो गरी सुस्त गतिमा अगाडि बढीरहेको छ । राणाशासन कालको अन्ततिर वि.सं. २००४ मा पहिलो संवैधानिक कानून बन्यो । जसमा व्यक्तिगत स्वतन्त्रता, वा स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, छिटो र सुलभ न्याय, उमेर पुगेकाले भोट दिन पाउने हक, आदि कुराहरू उल्लेख थिए । त्यसपछि वि.सं. २००६ मा वैयक्तिक स्वतन्त्रता ऐन बन्यो । वि.सं. २००८ मा बन्दी प्रत्यक्षीकरण ऐन बन्यो । त्यस्तै २००८ श्रावण २२ गते अन्तरिम संविधान बन्यो । सन् १९५१ अक्टोवर ३ देखि  काठमाण्डौंको डिल्लीबजारमा प्रथम कन्या क्याम्पस (पद्मकन्या क्याम्पस) को स्थापना भई रात्री कक्षाको समेत व्यवस्था मिलाइयो । यसले महिलाको शैक्षिक विकास तथा प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्यो । वि.सं.२०१२ मा बनेको “नागरीक  ऐन २०१२” ले नागरीक अधिकार रक्षा गर्न महत्त्वपूर्ण भूमिका खेल्यो । नेपाल अधिराज्यको संविधान २०१५, २०१९ र नेपाल अधिराज्यको संविधान २०४७ द्वारा लिङ्गको आधारमा कुनै भेदभाव गर्न नपाईने, बालिग मताधिकारको व्यवस्था गरी महिला अधिकारलाई संवैधानिक र कानूनी संरक्षण दिने

प्रयासहरू भए । वि.सं. २०२० सालमा जारी भएको मुलुकी ऐनले छुवाछूत अन्धविश्वास, कुरीति कुप्रथा, बालविवाह, बहुविवाह, अनमेल विर्वाहजस्ता विभेदकारी सामाजिक विकृतिलाई अन्त्य गऱ्यो ।

राणाशासनको पतन भएपछि क्रमशः महिलाहरूको अवस्थामा सुधार आएको पाइन्छ । सन् १९५९ मा भएको आम निर्वाचनमा महिलाहरूले मताधिकारको उपयोग गर्न पाए र त्यसै निर्वाचनमा 'द्वारिकादेवी ठकुरानी' निर्वाचित भई पहिलो महिला मन्त्री भइन् । सन् १९७५ को जुन महिनामा मेक्सीकोमा भएको प्रथम महिला सम्मेलनमा नेपालले पनि भाग लियो । सन् १९८१ मा संयुक्त राष्ट्रसंघले महिलाविरुद्ध हुने  सबै प्रकारका उन्मूलन सम्बन्धी महासन्धि पारित गऱ्यो र नेपालले सन् १९९१ देखि अनुमोदन गरी लागु गर्ने प्रतिबद्धता जायर गऱ्यो । नेपालमा सन् १९७७ मा नारी सेवा समन्वय समितिको स्थापना भयो यसले महिलासँग सरोकारित संघ संस्थाको विकासमा महत्त्वपूर्ण भूमिका खेल्यो सन् १९९४ मा बालबालिका तथा महिला विकास परिषद् स्थापना भयो । सन् १९९५ मा चिनको बेइजिङ्गमा चौथो महिला सम्मेलन भयो, जसले नेपालमा महिला विकासका लागि अत्यन्त महत्त्वपूर्ण कार्यहरू थालनी गर्न मार्ग प्रशस्त गऱ्यो । बेइजिङ्ग सम्मेलन लगत्तै महिला तथा समाजकल्याण मन्त्रालयको गठन भयो । पछि त्यसलाई महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा परिणत गरियो । हाल यस मन्त्रालयका ७५ ओटै जिल्लामा जिल्लास्तरीय शाखाहरू खोलिएको छ । यस मन्त्रालयले महिला तथा बालबालिका अधिकार रक्षा गर्न नीति तथा योजना तर्जुमा गर्दछ । लैङ्गिक समानताको सवालमा अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता कार्यान्वयन र अनुगमन गर्ने केन्द्रीय निकायका रूपमा यस मन्त्रालयलाई लिन सकिन्छ । बेइजिङ्ग सम्मेलनपछि नेपालको महिला विकासमा नीतिगत रूपमा निकै रचनात्मक परिवर्तन भएका छन् । हाल नेपालमा विभिन्न सरकारी तथा गैह्रसरकारी संघ संस्था महिला अधिकार र हित रक्षाका लागि क्रियाशील छन् । महिला पुनर्स्थापना केन्द्र, माइती नेपाल, स्त्री शक्ति, शान्ति पुनर्स्थापना केन्द्र, नवज्योती गृह आदि संघ संस्थाहरूले महिला बेचबिखन, बलात्कार मानसिक यातना, दाइजो प्रथा, बालविवाह, बहुविवाह, यौन दुर्व्यवहार, महिलामाथि कुटपिट आदि साथै देउकी, झुमा, बादी, छाउपडीप्रथा जस्ता नेपालमा प्रचलित महिला हिंसा विरुद्ध कार्य गरिरहेका छन् । जनआन्दोलन २ को सफलतापछि २०६३ माघ १ गते जारी भएको नेपालको अन्तरिम

संविधान २०६३ ले महिलाको हक, समानताको हक, बालबालिकाको हक शोषण तथा यातनाविरुद्धको हक आदि मौलिक हकको व्यवस्था गरी महिला अधिकारको रक्षाका लागि कानूनी तथा नीतिगत व्यवस्था स्पष्ट गरेको छ । यसै संविधानमा हरेक राजनैतिक दलले ३३ प्रतिशत महिला उम्मेदवार उठाउनै पर्ने बाध्यकारी व्यवस्था गरेको छ । यसले नेपालको राष्ट्रिय राजनीतिमा महिला सहभागिता वृद्धि भएको छ ।

आधा आकाश ढाकेका महिलाहरूलाई विकासको मूल प्रवाहमा नसमेटी गरिएको विकास जहाँ पुगे पनि काहीँ पुग्दैन भन्ने तथ्यकासाथ महिला अधिकारको सुनिश्चितताको लागि साथै लैङ्गिक समानता सहितको समतामूलक समाज निर्माण गर्न छैटो पञ्चवर्षीय योजनामा महिलाका लागि रोजगारी, क्षमता विकास, आय आर्जनजस्ता कार्यक्रम समावेश गरिए । साथै प्रजनन अधिकारको संरक्षण, २०-२९ वर्ष समूहका दाम्पत्य जीवन बिताइरहेका महिलाहरूलाई केन्द्रित गरी परिवार नियोजनका कार्यक्रम सञ्चालन गर्ने, महिला वर्गको उत्थानका लागि आवश्यक पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष कार्यक्रम समावेश गरिए ।

सातौ पञ्चवर्षीय योजनामा ग्रामिण महिलालाई लक्षित गरी महिलाका लागि उत्पादनमूलक कर्जा, साना किसान विकास परियोजनाजस्ता कार्यक्रम सञ्चालन गरियो । आठौं योजनाले महिलाको सामाजिक आर्थिक स्तर वृद्धि गर्न महिला विकास, प्रौढ साक्षरता तथा अन्य शैक्षिक कार्यक्रम सञ्चालन गर्ने नीति बनायो । नवौं पञ्चवर्षीय योजनामा महिलावर्गलाई प्रमुख लक्षित समूहका रूपमा परिभाषित गरी महिलाको सामाजिक, आर्थिक राजनैतिक क्षेत्रमा पहुँच बढाउने साथै कानूनमा महिलाको समान अधिकार हुने गरी कानूनी सुधार गर्ने उद्देश्यका साथः लैङ्गिक भेदभाव हटाउने, महिला सशक्तीकरण बढाउने तथा उनीहरूलाई विकासको मूल प्रवाहमा समावेश गर्ने कार्यक्रम तय गरेको देखिन्छ ।

नवौं योजनामा बेइजिङ्ग सम्मेलनको प्रतिबद्धताअनुरूप महिला, शिक्षा, गरीबी, स्वास्थ्य, हिंसा, सशस्त्र विद्रोह, मानव अधिकार, संस्थागत संरचना वातावरण र बालिकालगायत १२ वटा गम्भीर क्षेत्रलाई समेटी लैङ्गिक समानता र महिला सशक्तीकरणका कार्यक्रम तर्जुमा गरिएको थियो । जसअन्तर्गत छात्रवृत्ति, छात्रावास, महिला शिक्षिका तथा पुरस्कारसम्बन्धी कार्यक्रममा बजेट वृद्धि गर्ने, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य गर्भावस्था, प्रसूति र पोषणका कार्यक्रमलाई व्यापक बनाउने, महिला कृषकको कृषिजन्य उत्पादकत्व बढाउन पूँजी, प्रविधि

मल, बीऊको सर्वसुलभताका कार्यक्रम तथा नीति बनाउने आदि कार्यक्रम तय गरी लागू गरियो ।

दशौं योजनाले दिगो आर्थिक वृद्धि तथा गरीबी निवारणका लक्ष हासिल गर्न महिला विकासका बाधाहरू तथा भेदभाव उन्मूलन गर्ने साथै महिला विरुद्धका भेदभावपूर्ण कानूनलाई अन्तर्राष्ट्रिय प्रतिबद्धताका आधारमा संशोधन गर्ने, भौगोलिक, सामाजिक तथा आर्थिक दृष्टिकोणबाट पछि परेका अपाङ्ग, सीमान्तकृत महिलालाई लक्षित समूहका रूपमा छनोट गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने काम भयो भने अन्तरिम योजना २०६४/०६७ मानव बेचबिखनलगायत महिला विरुद्धका सबै प्रकारका हिंसा अन्त्य गर्ने, द्वन्द्व प्रभावित महिलाको पुनस्थापना र शान्ति प्रक्रियामा महिला सहभागिता सुनिश्चित गर्ने साथै स्थानीय तथा राष्ट्रिय तहको नीति निर्माण प्रक्रियामा महिला सहभागिता सुनिश्चित गर्ने साथै स्थानीय तथा राष्ट्रिय तहको नीति निर्माण प्रक्रियामा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि सुनिश्चित गर्ने नीतिगत व्यवस्था लागू तथा कार्यान्वयन भयो । दलित आदिवासी जनजाति, मधेसी, मुसलमान, एकलमहिला अपाङ्गता भएका र गरीबीको मारमा परेका महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तीकरणका योजना तयार गरी लागु गरियो ।

विगतदेखि वर्तमानसम्म नेपाली महिलाहरूको अवस्थालाई सिंहावलोकन गर्दा राणाशासनकालको अन्त्यपछि जर्जर अवस्थामा रहेको लैङ्गिक विभेद केही मत्थर भएको पाइन्छ । मेक्सिकोमा आयोजित प्रथम महिला सम्मेलनमा नेपालले पनि भाग लियो । त्यसपछि कोपनहेगेन सम्मेलन, नैरोविमा आयोजित तेस्रो विश्व महिला सम्मेलन र आयोजना गरिएको चौथो महिला सम्मेलनमा नेपालको सहभागिताले नेपाली महिला अधिकारको रक्षा गर्न र महिला सशक्तीकरणलाई अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । खास गरी बेइजिङ्ग सम्मेलनपछि नेपालले सम्मेलनले उठाएका मुद्दाहरू र गम्भीर सरोकारका क्षेत्रहरूको कार्यान्वयनमा प्रतिबद्धता जनाई त्यसअनुरूप प्राथमिकताका सूचिका आधारमा कार्य गर्दै आइरहेको छ । नेपाली समाजमा महिलाहरूको विगतदेखि वर्तमानसम्मको अवस्थालाई दृष्टिगत गर्दा सुस्त गतिमा क्रमशः सुधार हुँदै आएको देख्न सकिन्छ तथापि सुधारको गति ढिलो छ । विकसित देशहरूमा विद्यमान लैङ्गिक सशक्तीकरण, लैङ्गिक समानताको तुलनामा नेपाली महिलाहरूको अवस्था अझै पनि नाजुक

छ । केही सहरिया सम्भ्रान्त वर्गका महिलाहरूबाहेक जातीय, क्षत्रीय, वर्गीय रूपमा पछाडि परेका महिलाहरूको लैङ्गिक अवस्था सन्तोषजनक छैन । आधा आकाश ढाकेका महिलाहरूको विकासविना नेपाली समाजको विकासको कल्पना गर्न सकिँदैन त्यसैले महिला सशक्तीकरणका लागि सरकारी गैह्रसरकारी, निजी, सामाजिक संघ संस्था र सबै पक्षबाट लैङ्गिक विकासको एजेन्डालाई प्राथमिकताको सूचीमा राखी कार्य गरिनुपर्छ ।

## २.३ पूर्व साहित्यको पुनरावलोकन

अन्सारी (१९८१) को “मूस्लिम अफ नेपाल” अप्रकासित यस शोध अध्ययनमा नेपाली मुसलमानका विषयमा विविध पक्षमा गहिरो खोज गरिएको छ । शिक्षाको सम्बन्धमा सन् १९४० भन्दा अघिसम्म नेपाली मुसलमानलाई अछुत भनेर स्कुल जान र मदरसा खोल्न अनुमति दिइएको थिएन । सन् १९४० पछि मात्र राणाहरूले मुसलमानलाई विद्यालय खोल्न अनुमति दिइएको ऐतिहासिक तथ्य प्रस्तुत गरिएको छ ।

सिद्धिका (१९९३) नेपाली मुसलमान समुदायमा मुख्य गरी ३ प्रकारका समस्याहरू अशिक्षा, गरीबी र न्यूनजीवनस्तर नै यस समुदायको विकासको बाधका रूपमा रहेको कुरा उनले औंल्याएकी छिन् । त्यस्तै नेपाली मुसलमान महिलाहरूको साक्षरताको अवस्था अत्यन्तै कम भएको र त्यस समयमा पुरै काठमाडौं शहरभरिमा १ जना मात्र मुसलमान महिला डाक्टर रहेको बताएकी छिन् । उनीहरूको राजनीतिक तथा सामाजिक जीवनमा संलग्नता ज्यादै न्यून रहेको हुनाले नेपाली मुसलमान महिलाको विकासका लागि राज्यले आरक्षणका साथै अन्य परिलक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव उनले दिएकी छन् ।

सुवेदी, (२०५९) का अनुसार महिला शिक्षा आवश्यक छ भनिन्छ, एक जना महिला शिक्षित भइन् भने परिवार नै शिक्षित हुन्छ । शिक्षाबाट सबै कुरा उपलब्ध हुन्छ भनिएतापनि शैक्षिक अवस्थामा अवरोध हुनाले अथवा बहुसंख्यक बालबालिकाहरू जो शिक्षा जस्तो जीवनमा अति आवश्यक अवसरबाट बञ्चित भएका छन् । सामाजिक आर्थिक र रणनीतिक परिपाटीमा उपलब्ध अवसर र अधिकारको उपयोग गर्न सक्दैनन् । आर्थिक कठिनाईका कारण छोरा र छोरीकै शिक्षामा कटौति गर्नुपर्ने हुँदा उनीहरू विद्यालयको पढाइ छोड्न बाध्य हुन्छन् ।

उद्दृत, आचार्य (२०६१) का अनुसार जैविक दृष्टिकोणबाट पुरुष र महिलाको कार्य विभाजन भएको हुन्छ जसको कारण लिङ्गका आधारमा महिला पुरुषको लैङ्गिक स्तरीकरण सम्पत्ति, प्रतिष्ठा, शक्ति असमान वितरणका आधारमा हुने गर्दछन् । प्राकृतिक रूपमा रहेको विभेदलाई आधार लिएर महिलालाई सामाजिक रूपमा विभेद गरिएको छ । जसले महिला हरेक क्षेत्रमा पछाडि परिरहेका छन् । यो अवस्था अन्त्य गर्नका निम्ति र महिलाको स्तरवृद्धिमा समाजले अवसर दिएर मात्र नपुग्ने देखिन्छ । समान अवसरको निम्ति कोटा पनि आवश्यक छ । महिलालाई महिला भित्रै प्रतिस्पर्धाको व्यवस्था गराउनु पर्दछ । हरेक क्षेत्रमा महिला पछाडि पर्नुमा शिक्षालाई लिन सकिन्छ । शिक्षामा कमि हुनुमा सामाजिक, साँस्कृतिक आर्थिक र लैङ्गिक कारण नै रहेको हुन्छ । महिलाको स्तर विकास नगर्दासम्म पूर्ण रूपमा सामामाजिक विकास हुन सक्दैन । महिला समाजको एउटा पाटो भएकोले शिक्षित भए परिवार पूर्ण रूपमा शिक्षित हुन्छ । महिलाहरू अशिक्षित भएमा परिवार र समाज पूर्ण रूपमा अशिक्षित हुन्छ ।

रहमान, (२०६३) को अध्ययनमा केटा साथी एवम् शिक्षकले पनि महिलाको यौन शोषण गर्ने भएकोले यस धर्ममा नारी पुरुषका शिक्षण संस्थाहरू छुट्टाछुट्टै हुनुपर्छ भन्ने कुरालाई अनिवार्य गरेको छ । इस्लाम धर्मले नारीलाई घरभित्रको जिम्मेवारी र पुरुषलाई आफ्नो सामर्थ्य अनुसार पत्नी एवम् छोराछोरीको लागि बस्नको निम्ति घरको व्यवस्था गर्नु लुगाफाटो तथा घरगृहस्थीका लागि सम्पूर्ण कुराको जोहो गर्नु अनिवार्य गरेको छ । महिला जिविकोपार्जनको विषय र चिन्ताबाट मुक्त रहोस् उसले आफ्नो सम्पूर्ण समय आफ्नो घर र सन्तान माथि केन्द्रित गर्न सकोस् र यसलाई स्वर्ग तुल्य बनाओस् । शिशुको राम्रो चरित्र निर्माणमा आमाको भूमिका महत्वपूर्ण हुन्छ । आमा शिशुको पहिलो शिक्षिका एवम् एउटा विद्यालय नै हुन् ।

शर्मा (२०६४) ले स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं. ९ सतौं गहतेमा रहेका मुसलमान जातिको सामाजिक आर्थिक अवस्था नामक शोध पत्रमा अध्ययन गर्दा नेपालमा विविध जातजाति भाषा भाषी र संस्कृति भए पनि अनेकतामा एकता भएको र जसले गर्दा

नेपाल संस्कृतिको धनी बनेको छ भनेकी छन् । नेपालका विविध जातिमध्ये मुसलमान पनि आफ्नै किसिमको महत्व बोकेको जाति हो र नेपाल सरकारको नियम कानूनको परिधिमा मुसलमानहरू रहको बताउँछिन् । उनीहरूले आफ्नो परम्परागत धर्म संस्कृतिको तथा इस्लामी जीवनशैली अनुसारको प्रारम्भिक ज्ञान दिन तथा लेख्न पढ्न सिकाउन आफूहरूकै तर्फबाट धार्मिक विद्यालय (मदरसा) सञ्चालन गरेका छन् पुरुषहरू बैदेशिक रोजगारमा गएपनि महिलाहरू गएका छैनन् भने उच्च शिक्षा हासिल गर्नेको संख्या अति न्यून आजको एक्काइसौ शताब्दीमा पनि यहाँका बासिनदाहरू परम्परागत रुढिवादी र अन्धविश्वासी र अनावश्यक विभेदकारी व्यवहार सङ्किर्ण परम्परा उनीहरूमा हालसम्म पनि व्याप्त रहेको अध्ययनकर्ता वर्णन गर्दछिन् । यहाँका महिलाहरू घरबाट बाहिर खासै निस्कन नरुचाउने र मानिसको जन्म ईश्वरको इच्छामा भर पर्ने भएकोले यसलाई रोक्नु ईश्वरको इच्छा विपरित हुने र परिवार नियोजनलाई इस्लाम धर्म अनुसार हराम काम मानिने हुनाले मुसलमानहरू आफ्नो धर्मको विरुद्धमा कामहरू गर्न नरुचाउने कुरा उल्लेख गरिएको छ ।

प्रवेज र शेर्पा (२००३) ले त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रद्वारा गरिएको अनुसन्धान मुख्य रुपमा मुसलमान बालबालिकाको शिक्षामा पहुँच कस्तो रहेको छ भन्ने सम्बन्धमा गरिएको छ । जुन नेपालको तराइमा केन्द्रित रहेको छ । आधारभूत प्राथमिक शिक्षा परियोजनाले रूपन्देही जिल्लाका तेनहवा र वगाह गा.वि.स.का मुसलमान बालबालिकाहरूलाई स्कूल पठाउन प्रोत्साहन गर्नका लागि शैक्षिक सामग्री तथा विद्यालय पोसाक खरिद गर्न केही आर्थिक सहयोग गरेकामा उक्त कार्यक्रमको प्रभावकारिता कस्तो रह्यो भन्ने विषयमा प्रस्तुत अनुसन्धान केन्द्रित रहेको छ ।

परवेज र अन्य (२००४) को "लिङ्किङ अफ मदरसा वीथ मेनस्ट्रिम एजुकेसन इन नेपाल" नामक अध्ययनमा नेपाल तराइका मुस्लिम वस्तीहरूमा सञ्चालन गरिएका मदरसाहरूको अवस्था, यिनको पाठ्यक्रम, शिक्षकको योग्यता आदिको विश्लेषण गरेर उक्त मदरसाहरूलाई शिक्षाको मूल प्रवाहमा समावेश गर्न के गर्न सकिन्छ ? भन्ने कुराको खोज गरिएको छ ।

अधिकारी (२०६९) को अप्रकाशित शोधपत्र "मुसलमान महिलाहरूको सामाजिक अवस्था" पोखरा- १३, मियापाटनका महिलाहरूको समाजशास्त्रीय अध्ययनमा मुसलमान महिलाहरूको शैक्षिक स्तरलाई हेर्दा ४१.६५ प्रतिशत महिलाहरू एस.एल.सी भन्दा कम अध्ययन गरेका

छन् । धेरै मुसलमान महिलाहरूले प्रा.वि. तथा नि.मा.वि. तहमा अध्ययन गर्दा गर्दै स्कूल छोड्ने गरेको ३०.६४ प्रतिशत महिलाहरू निरक्षर पाइएकोले मुख्य रूपमा कमजोर शैक्षिक स्तरको कारण मुसलमान महिलाको लैङ्गिक विकासका आयामहरू अवरोध हुन पुगेका छन् ।

पोखरेल (भुसाल) (२०७०) को "मुस्लिम महिलाको शैक्षिक स्थिति कु"डहर, पोखरा, कास्की जिल्लाको एक समाजशास्त्रीय अध्ययन" मा प्राप्त निष्कर्ष अनुसार समग्र मुस्लिम समुदायमा नै शिक्षाप्रति सकारात्मक दृष्टिकोण नभएको एकातर्फ शिक्षा प्राप्त गरे पनि के भयो र आखिर दुःख नगरी हुँदैन जागिर पाइदैन भन्ने धारणा व्यक्त गरिएको पाइयो भने अर्कोतर्फ गरिबी, सन्तान धेरै, चेतनाको कमी, शिक्षाका निम्ति वातावरण उपयुक्त नभएको एवम् छोराछोरीलाई राम्रो रेखदेख नपुग्नु आदि कारणले समुदाय नै पछि परेको अवस्था देखियो । पुरुष त ६, ७ कक्षा पास गरेपछि उद्योग, व्यापार, व्यवसाय एवम् बैदेशिक रोजगार आदिद्वारा जीवन निर्वाह गरेको अवस्थामा महिला शिक्षाप्रति त्यति सकारात्मक नहुनु स्वभाविकै हो । उच्च शिक्षा आर्जन गरेका लैङ्गिक रूपमा सचेत महिलाहरू अगाडी बढ्न चाहन्छन् । आफ्नो समुदायमा शिक्षा लगायत अन्य पक्षमा सुधार चाहन्छन् तर त्यस किसिमको कार्य पुरुष वर्गलाई पाच्य नभएको तथ्य औल्याउछन् । पुरुषहरू अझैं पनि परम्परागत सोच एवम् धारणामा रहेका कारण महिला अघि बढेको रूचाउदैनन् । महिला शिक्षित, सचेत, चेतनशील भए भने आफूलाई टेर्दैनन् अन्तै जान्छन् भन्ने मानसिकताले ग्रसित भई शिक्षित पुरुषले पनि महिला चाहे छोरी, बुहारी एवम् श्रीमती जोसुकै हुन् शिक्षित भएको रूचाउदैनन् ।

कान्तिपुर दैनिक (२०७१) पत्रिमा उल्लेख भए अनुसार मुस्लिम समुदायमा छोरीलाई विद्यालय पठाउनु हुन्न भन्ने मान्यतामा विस्तारै परिवर्तन आउँदै गएपछि मुस्लिम चेलीहरू छात्रहरूसँग एउटै कक्षामा बसेर पढ्न थालेका छन् । मदरसामा अन्य सरकारी विद्यालय सरह भौतिक सुविधा, छात्रवृत्तिको व्यवस्था महिला शिक्षिकाको संख्या बढ्दै जानुलगायतका कारण अभिभावकले आफ्ना छोरीलाई विद्यालय पठाउन थालेको बताउँछन् । बाबुआमा पनि अब छोरीलाई छोरा सरह शिक्षादीक्षा दिनुपर्छ भन्ने बुझेर नै छोरीलाई स्कुल पठाउन थालेका छन् । जुन अभिभावकमा आएको चेतना हो । बुर्का लगाएरै कक्षामा अध्यापन गर्ने


गरेकी शिक्षीका सुल्ताना खातुनले विद्यालयले थप सरकारी सहयोग पाउने र छात्रालाई विद्यालय पढाउने गरेकाले छात्राको संख्या झनै वृद्धि हुने सम्भावना रहेको पाइन्छ ।

पूर्व अध्ययनहरूको समष्टिगत अध्ययन गर्दा प्राचिन समय देखि नै महिलाहरू विभिन्न बहानाबाट पिछडिएको पाइयो । जस्तो कि शारीरिक संरचना, सन्तानोत्पादन एवम् स्याहार सुसारले गर्दा बाहिरी कार्यमा भन्दा पारिवारिक घरायसी भित्री कार्यमा बढी संलग्नताले गर्दा आयमुलक कार्यमा नभई कर्तव्य र दायित्वबोध कार्यमा बढी व्यस्थता हुने र विश्व परिवेशको व्यक्तिवादी एवम् अर्थमुखी समाजले उनीहरूको कर्तव्यबोधलाई हेयको दृष्टिले हेरेको पाइन्छ । पुरुषको तुलनामा उनीहरूले पारिवारिक, सामाजिक परिवेशबाट ठूलो दायित्व बोध गरेता पनि पितृसत्तात्मक दमनकारी कुचक्रमा सधै फस्न बाध्य भएका छन् । यसमा पनि अन्य धर्म समाजको तुलनामा मुस्लिम समुदायका महिलाहरूमाथि धार्मिक आडम्बरी र कट्टरता निकै बढी छ । कुरआन पैगम्बर मुहम्मदको जीवनकालमा प्रतिपादित धार्मिक पुस्तक हो । त्यतिबेलाको समाज, संस्कृति, मानिसको चेतनाको स्तरअनुकूल धार्मिक तथा सामाजिक नियमहरू कुरआनमा विद्यमान छन् । ती नियमहरू अहिले पनि अपरिवर्तनीय र सुरक्षित छन् । कुरआनका शब्द र अर्थ आफैंमा परिपूर्ण छन् । ठूला विद्वान् र धर्मगुरुहरूले पनि कुरआनका एक अक्षर वा शब्दको संशोधन गर्ने अधिकार छैन भन्ने इस्लामिक अनुयायीहरूमा छ ।

यसरी उपर्युक्त शोधकार्यहरूमा नेपालमा मुस्लिमलाई स्कूल स्थापना र शिक्षा आर्जन विषय, शिक्षाले विवाहमा पारेको प्रभावको अध्ययन, मदरशाहरूले शैक्षिक जागरणमा पारेको प्रभाव, मुस्लिम बालबालिकालाई शिक्षामा पहुँच एवम् मदरसाहरूले शिक्षा विकासमा खेलेको भूमिका, पहाडी मुस्लिमहरूको संस्कृति र संस्कृति परिवर्तनको अवस्था आदि विषयमा अनुसन्धान भएका ती अधिकांश तराइमा सञ्चालन गरिएकोले पहाडी क्षेत्रमा पर्ने पुतली बजार नगरपालिकाका वडा नं. १, ४ र ५ का मुस्लिम छात्राहरूको शैक्षिक अवस्थाको विषयमा अध्ययन नभएकोले यो अनुसन्धान गरिएको हो । मुस्लिम जातिहरूको अध्ययन गर्दा आवश्यक पर्ने सैद्धान्तिक र व्यवहारिक दक्षतालाई अझ परिस्कृत गर्ने सवालमा पनि यी पूर्व कृतिहरू सहायकसिद्ध बनेका छन् । यस अध्ययनले ती अध्ययनहरूको समिक्षा गर्दै आफूलाई सकेसम्म त्यस्ता अध्ययनबाट पृथक राखी र मौलिकता राख्ने प्रयास गरिएको छ ।

## २.४ अवधारणागत खाका

स्याङ्जा जिल्ला स्थित पुतलीबजार नगरपालिकाका वडा नं. ४, ५ र ९ मा अवस्थित सामुदायिक विद्यालयका मा.वि.तहमा अध्ययनरत मुस्लिम छात्राहरूको विद्यालय सहभागिता एक समाजशास्त्रीय अध्ययन शीर्षक राखी गरिएको अध्ययनमा मुस्लिम समुदायका छात्राहरूको विद्यालय सहभागितामा प्रभाव एवम् छोरा र छोरी बीच हुने विभेद सम्बन्धी चरहरूको एक अवधारणा खाका निर्माण गरिएको छ । जुन खाकाबाट अध्ययनको उद्देश्य, पूरा गर्न प्रभाव पार्ने चरहरूको यथार्थ जानकारी दिइएको छ




**चित्र २.१ : अवधारणागत खाका**

उपर्युक्त चित्र २.१ अनुसार मुस्लिम छात्राहरूको विद्यालय उपस्थितिमा प्रभाव पार्ने तत्वहरू धार्मिक, साँस्कृतिक, शैक्षिक एवम् छोराछोरीलाई गरिने भिन्न व्यवहार र वैवाहिक उमेरले पनि प्रभाव पार्ने देखिन्छ । त्यस्तैगरी छोराछोरी बीच हुने विभेदमा पुरुष प्रधान सामाजिक व्यवस्था, कमजोर शैक्षिकस्थिति, घरायसी कार्यमा फरकपन, धार्मिक कट्टरता, पहिरन शिक्षा दिने सम्बन्धमा भिन्न सोच जस्ता चरहरूको माध्यमबाट आफ्नो स्रोत र साधनले भ्याएसम्म मौलिकतामा आधारित रही यस शोध अध्ययन गरिएको छ ।

# अध्याय : तीन

## अनुसन्धान पद्धती

### ३.१ अध्ययनको क्षेत्र र छनौटको औचित्य

गण्डकी अञ्चल अन्तर्गत पर्ने स्याङ्गजा जिल्लाको आफ्नै छुट्टै पहिचान रहेको छ । प्राकृतिक सुन्दरताले सिंगारिएको यस जिल्ला शिक्षितहरूको जमातकोरुपमा चिनिन्छ । विशेष गरी पुतली बजार नगरपालिका फलफुल खेतीको लागी प्रसिद्ध छ र यो स्याङ्गजा जिल्लाको सदरमुकाम पनि हो । आर्य र अनआर्यनको जातीय संगमस्थलको रुपमा रहेको यस स्थानमा जातीय धार्मिक सांस्कृतिक र भाषिक विविधता छ । हिन्दु वौद्ध इश्लाम र क्रिश्चियनहरूको वासस्थान रहेतापनि यस क्षेत्रमा सहिष्णुता समन्वय एवम् सौहाद्रतको वातावरण छ ।

पुतलीबजार नगरपालिकाको वार्ड नं. १,४ र ५ मा मुश्लिमहरूको वाक्लो वस्ती छ । जातीय धार्मिक एवम् सांस्कृतिक विविधतामा मुस्लिमहरूको आफ्नो छुट्टै पहिचान छ यिनीहरूको आफ्नै छुट्टै समाजिक एवम् पहिचान  छ । यिनीहरूको आफ्नै छुट्टै सामाजिक एवम् सांस्कृतिक विशेषताहरू छन । यिनै फरक समाजिक एवम् सांस्कृतिक विशेषताहरूले ओतेका स्थान अर्न्तगत तीन सामुदायिक विद्यालयहरू श्री त्रिभुवन आर्दश उच्च माध्यमिक विद्यालयमा अध्यनरत छात्राहरूको फरक विशेषताहरूको अकर्षणले गर्दा यी विद्यालयहरू अध्ययनरत माध्यमिक तहका छात्राहरूको मा.वि. तहमा पहुँच कस्तो होला त्यसको अध्ययन गर्न आवश्यक छ भन्ने जिज्ञासाले यसलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको थियो ।

## ३.२ अनुसन्धान ढाँचा

अध्ययनको उद्देश्य अनुरुप सामुदायिक विद्यालयमा अध्ययनरत मुस्लिम  छात्राहरूको पारिवारिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाबारे विवरण लिन वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ भने शैक्षिक अवस्था पत्ता लगाउन लैङ्गिक अवस्था विश्लेषण गर्न र महिलालाई शिक्षा आर्जन गर्नमा देखिएका अवरोधका कारणहरू खोज्न अन्वेषणात्मक ढाँचा प्रयोग गरी अध्ययन गरिएको थियो ।

## ३.३ समग्र र नमुना छनोट

अध्ययन क्षेत्रमा लिइएको पुतलीबजार नगरपालिका वडा नं. १,४ र ५ मा तीनवटा सामुदायिक विद्यालयका मा.वि.तहमा अध्ययनरत ३५ जना मुश्लिम छात्राहरूको उद्‌देश्यमुलक नमुना छनोट विधि प्रयोग गरी अध्ययन गरिएको थियो ।

## ३.४ तथ्याङ्कको स्रोत एवम् प्रकृति

प्रस्तुत अनुसन्धानमा विशेषगरी प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको थियो ।

**प्राथमिक स्रोतहरू**

प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि शोधकर्ता आफै अध्ययन क्षेत्रमा गएर अर्न्तवार्तामार्फत् प्रश्नावली भरिएको थियो साथै अवलोकन, छलफल विधि अपनाइएको छ । तथ्याङ्कका मुख्य सूचनादाता मियापाटनमा स्थायी बसोबास गरिरहेका मुसलमानहरू रहेका छन् । प्राथमिक स्रोतबाट तत्थ्याङ्कको सङ्कलन गर्दा गुणात्मक र संख्यात्मक तत्थ्याङ्क सङ्कलन गरिएको भएपनि गुणात्मक तथ्याङ्कलाई विशेष प्राथमिकता दिइएको थियो ।

**द्वितीय स्रोतहरू**

विभिन्न लेख रचना, पुस्तक प्रकाशन तथा अन्य साहित्य, समीक्षा, नगरपालिका तथा वडा को प्रतिवेदन, स्थानीय मिया टोल विकास संस्था, विद्यालय, सामाजिक तथा प्रशासनिक कार्यालय आदिबाट द्वितीय प्रकृतिका सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो ।

## ३.५ तथ्याङ्क सङ्कलनका विधिहरू

### ३.५.१ अन्तरवार्ता अनुसूचि

प्राथमिक तथ्याङ्क सङ्कलनका लागि विश्वसनीय र भरपर्दो विधिका रुपमा रहेको अन्तरवार्ता प्रश्नावली विधिको माध्यमबाट प्रत्यक्ष रुपमा अनुसन्धानकर्ता अध्ययन स्थलमा नै उपस्थित भई नमुना छनोटमा परेका मुश्लिम छात्रा उत्तरदाताबाट लिइएका जानकारीहरू प्रमुख तथ्याङ्कको रुपमा लिइएको थियो ।

### ३.५.२ मुख्य जानकार व्यक्तिहरूसँग छलफल

मुख्य जानकारको रुपमा अध्ययन क्षेत्रमा रहेका विद्‌यालयका प्रधानाध्यापकसँग आफ्नो उद्‌देश्यसँग मेल खाने प्रश्नावलीबाट प्राप्त तथ्यलाई जस्ताको तस्तै प्रयोग गरिएको थियो ।

### ३.५.३ वैयक्तिक अध्ययन

यो अध्ययन विधिमा ३ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू एकजना मुश्लिम शिक्षक १० जना अभिभावकहरूसँग कुराकानी गरी शिक्षा लगायत विभिन्न पक्षहरूको बारेमा गहन अध्ययन गर्दे आवश्यक तथ्याङ्क प्राप्त गरिएको थियो ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

सङ्कलन गरिएका तथ्याङ्क एवम प्रस्तुतीकरण र विश्लेषण पछि मात्र सत्य तथ्य वास्तविक उजागर हुने हुनाले यसको विशेष महत्व हुन्छ । सम्पूर्ण सूचनाहरूलाई सम्पादन गरी साङकेतिक वर्गीकरण र तालिकीकरणका माध्यमबाट प्रस्तुत र विश्लेषण गरिएको छ । विशेष अन्तरवार्ता, अनुसूची जानीफकार व्यक्ति सँगको अन्तरवार्ता वैयक्तिक अध्ययन, अभिलेख अध्ययन विधिबाट प्राप्त तथ्यलाई गुणात्मक  र संख्यात्मक रुपमा छुट्ट-छुट्टै प्रस्तुत र विश्लेषण गरिएको छ । संकलित तथ्यलाई स्पष्ट रुपमा दिन वर्णनात्मक र विश्लेषणात्मक व्याख्याका साथै विभिन्न तालिका प्रतिशत आदिद्धारा प्रस्तुत गरिएको थियो ।

# अध्याय : चार

# उत्तरदाताको सामाजिक/शैक्षिक अवस्था

## ४.१ पुतलीबजार नगरपालिकामा मुस्लिमहरूको आगमनको इतिहास

पुतलीबजारका मुस्लिमहरू करिब ४०० वर्ष पहिले गोर्खाबाट आएका अनुमान गरिएको छ । स्याङ्जा जिल्लाको नयाँकोट (नुवाकोट) राज्य स्थापना गर्ने मियाखान रहेको कुरा इतिहासकारले बनाएका छन् (अर्याल, २०२४) । त्यसरी शाह राजाहरूसँग सम्बन्धित रहेर नेपाल प्रवेश गरेका र बसोबास गराइएका पहाडी मुसलमानहरू स्याङ्जाको इन्द्रेस, सतौं जिङ्दी, गहते र भिरकोटमा प्रारम्भिक बसोबास शुरू भएको सहजै अनुमान गर्न सकिन्छ । सतौंफाट र जिङ्जी फाटमा करिब ४०० वर्ष पहिले मुखिया र तालुकदारी रहेको कुरा बताइन्छ । अहिले पनि सतौं फाटलाई मुस्लिमहरूको खेत (फाट) भनिन्छ । गोर्खा, तनहुँ, कास्की र स्याङ्जाका मुस्लिमहरूको भाषा एउटै भएको बताइन्छ । शुरूमा यिनीहरूको बसोबास नुवाकोट, इन्द्रेस, जिङ्दी, गहते भए तापनि वि.सं.२०१९ सालदेखि स्याङ्जामा स्थायी रूपमा सदरमुकाम सरेपछि र वि.सं. २०२८ सालमा सिद्धार्थ राजमार्ग बनीसकेपछि विस्तारै व्यापारको निम्ति स्याङ्जा बजार र वाडखोलामा बसाइ सरेको पाइन्छ ।

## ४.२ स्याङ्जा जिल्लाको सामाजिक जनसाङ्ख्यिक विवरण

गण्डकी अञ्चलका ६ वटा जिल्लाहरू मध्येको छुट्टै विशेषता र पहिचान बोकेको जिल्ला एक हो स्याङ्जा । भौगोलिक दृष्टिकोणले ८३° ४७' ३०" देखि ८३° ५४' ३४" पूर्वी देशान्तर र २८° ०३' १८" देखि २८° ०८' ४४" उत्तरी अक्षंसमा फैलिएको, प्राकृतिक रुपबाट सिंगारिएको, शिक्षित वर्गहरूको जमातको रुपबाट परिचित यस जिल्लामा आर्य एवम् मंगोलियनहरूको जातीय संगम स्थलको रुपमा जातीय एवम् धार्मिक विविधता पाइन्छ । हिन्दु, बौद्ध, इस्लाम, क्रिश्चियन धर्मालम्बीहरूको बसोबास स्थल भएकोले सामाजिक र धार्मिक विशेषताहरू भएता पनि धार्मिक सहिष्णुता रहेको पाइन्छ । मुख्यगरी ब्राहमण, क्षेत्री, ठकुरी, सन्यासी, नेवार, कुमाल, गुरुङ मगर, मुश्लिमहरूको बसोबास रहेकोले जातीय र

धार्मिक सङ्गठनात्मक रुप एवम् अन्तरक्रिया अन्तरसम्बन्ध एवम आत्मनिर्भरताका कारणले विबिधतायुक्त छ ।

स्याङ्जा जिल्ला अन्तगर्तको पुतलीबजार नगरपालिकालाई सिद्धार्थ राजमार्गले केन्द्र बनाई बीच भागबाट काटी पोखरा र सुनौलीलाई जोडेको छ । यो नगरपालिका एउटा सुविधा सम्पन्न नगरपालिका मानिन्छ । यस सुविधा सम्पन्न नगरपालिका भनिन्छ । यस नगरपालिकाको वार्ड नं. १, ४ र ५ मा मुश्लिमहरूको घना बस्ती छ र यी वार्डहरूमा ३ वटा सामुदायिक विद्यालयहरू त्रिभुवन आर्दश उच्च मा.वि. सरस्वती मा.वि. र काजीमान हरिटिका उ.मा.वि रहेका छन् । स्याङ्जा बजार, बाडखोला, इन्द्रेस, गैरीखेत मुस्लिमहरूको बाक्लो बस्ती रहेका क्षेत्रहरू हुन् । पुतलीबजार नगरपालिका अन्तर्गत अध्ययन क्षेत्रमा परेका वडा नं. १, ४ र ५ मा बसोवास गर्ने मानिसहरूको जनसाङ्ख्यिक विवरण तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ : पुतली बजार नगरपालिका अन्तर्गत वडा नं.१,४ र ५को जनसाङ्ख्यिक विवरण**

| वडा नं. | घरधुरी | जनसङ्ख्या | दलित | | जनजाति | | मुस्लिम | | बाहुन/क्षेत्री | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु |
| ज्ञ | ज्ञज्ञद्द द्द | द्धछछठ | द्द ज्ञढ | ढछड | ढद्ध ज्ञ | ढड ड | ज्ञघद्ध | ज्ञछछ | ढद्द ढ | ढछड |
| द्ध | द्धडट | द्दघद्दद्ध | टढ | टढ | ठद्ध | डठ | - | - | ज्ञटज्ञ | ज्ञछट |
| छ | द्दढड | द्दद्दद्दद्ध | ज्ञघ | ज्ञद्ध | घढठ | घछद्ध | द्दठ | ज्ञज्ञ | - | - |

स्रोतः पुतली बजार नगरपालिकाको संक्षिप्त पार्श्वचित्र ।

## ४.३ अध्ययन क्षेत्रका उत्तरदाताको सामाजिक अवस्था

समाजमा रहेका सामाजिक एकाइहरूले प्रकार्यात्मक सम्बन्धले सन्तुलित सामाजिक संरचना बन्दछ । सामाजिक एकाइमा आएको परिवर्तनको तरङ्गले समाजको पूरै संरचनालाई प्रभावित गर्छ । मुस्लिमहरूको शैक्षिक, पारिवारिक, आर्थिक, पेसा, पहिरन एवम् धार्मिक कट्टरता सम्बन्धी विवेचना गरिएको छ ।

### ४.३.१ परिवार

परिवार मानव उत्पत्तिकाल देखिबाट नै सुरुवात भएको एक महत्वपूर्ण संस्था हो । यसमा नै समाजको सम्पूर्ण संरचना आधारित हुन्छ । परिवारसँग व्यक्तिको प्रत्यक्ष सम्बन्ध हुन्छ । परिवारद्वारा नै बालबच्चा एवम् अन्य सदस्यहरूको सामाजिकरण प्रक्रिया सुरू हुन्छ । जसबाट नै सामाजिक मूल्य मान्यता आदर्श, परम्परा, प्रथा, व्यवहार एवम् प्रचलन आदि एक पुस्ताबाट अर्कोमा हस्तान्तरण हुँदै जान्छ । इम्बर र इम्बरका अनुसार परिवार आर्थिक र सामाजिक इकाइ हो जहाँ कम्तीमा एक वा बढी अभिभावक हुन्छन् र तिनीहरूका बालबच्चाहरू रहेका हुन्छन् । परिवारका सदस्यहरूबीच एक आपसमा निश्चित दायित्व, कर्तव्य र अधिकार बहन गरेका हुन्छन् तर सधै एकै ठाउँमा बस्नु पर्छ भन्ने मान्यता भने छैन । स्थान परिवेश अनुसार परिवारका प्रकार विभिन्न किसिमको हुन्छन् । अध्ययन स्थलमा रहेको पुतली बजार नगारपालिका वडा नं. १, ४ र ५ का मुस्लिम छात्राका पारिवारिक विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ उत्तरदाताको परिवारको प्रकार**

| परिवारको प्रकार | उत्तरदाताको सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| एकल परिवार | द्द | टड.छ्र |
| संयुक्त परिवार | ज्ञ | घज्ञ.द्ध घ |
| **जम्मा** | **घछ** | **ज्ञण ण** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका ४.२ मा प्रस्तुत गरिए अनुसार एकल परिवार २४ अर्थात् ६८.५७ छन् भने संयुक्त परिवार ११ उत्तरदाता रहेका छन् । उक्त तालिकाबाट के प्राप्त हुन्छ भने एकल परिवारको सङ्ख्या बढी भएकोले मुस्लिमहरू धार्मिकमा कट्टरता अनि संयुक्त एवम् वृहत परिवारमा बढी मात्रामा बस्ने पाइएता पनि अध्ययन क्षेत्रमा क्रमिक रूपमा संयुक्तबाट एकलतर्फ उन्मुख हुँदै गएको देखिन्छ ।

### तालिका ४.३ उत्तरदाताको परिवारको सङ्ख्याको विवरण

| परिवारको सङ्ख्या | उत्तरदाताको सङ्ख्या | प्रतिशत (%) |
| --- | --- | --- |
| ०-१० | टज्ञ | घछ्ृट |
| ११-२० | द्धघ | ट्ढ.डछ |
| २१ भन्दा माथि | टढ | घढ.डढ |
| **जम्मा** | **ज्ञठघ** | **ज्ञण ण** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका ४.३ मा कूल ३५ जना उत्तरदाताका घरपरिवारका सदस्यहरूको उमेरगत अवस्थाबाट हेर्दा भर्खर जन्मेदेखि १० वर्ष सम्मका सदस्यहरू ६१ जना ३५.२६ प्रतिशत, ११-२० वर्ष सम्मका उत्तरदाता ४३ जना अर्थात् २४.८५ प्रतिशत छन् भने २१ वर्ष भन्दा माथि ६९ जना अर्थात् ३९.८९ प्रतिशत सदस्य संख्या रहेको पाइयो ।

## ४.३.२ पेशा

मानवीय जीवन रक्षाका निम्ति आहारा जति आवश्यक वस्तुमा पर्दछ जसको निम्ति कुनै न कुनै पेशा गर्न आवश्यक हुन्छ । नेपालको मुख्य पेशा कृषि प्रणाली हो । कृषि पेशा जग्गा भएपनि नगर्ने अरूलाई कमाउन दिने गर्दछन् । मुस्लिमहरू पनि अरूलाई कमाउन दिनेमा पर्दछन् । यिनीहरूको मुख्य पेशा व्यापार, वैदेशिक रोजगार, नोकरी, मजदुर आदि छन् । यसै सन्दर्भमा अध्ययन क्षेत्रका उत्तरदाताहरूले कस्ता पेशाहरू अवलम्बन गरेका रहेछन् भन्ने विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

### तालिका ४.४ उत्तरदाताको बाबुआमाको पेशा विवरण

| पेशा | उत्तरदाताको सङ्ख्या | प्रतिशत (%) |
| --- | --- | --- |
| गृहिणी | घछ | द्धट.टट |
| नोकरी | ज्ञढ | ट्छ्घघ |
| व्यापार | ज्ञद्ध | ज्ञड.टट |
| मजदुर | ठ | ढ.घघ |
| **जम्मा** | **ठछ** | **ज्ञण ण** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका ४.४ अनुसार सबैभन्दा बढी गृहिणी ३५ जना अर्थात् ४६.६६ प्रतिशत छन्, नोकरी १९ जना अर्थात् २५.३३ प्रतिशत, व्यापार १४ जना अर्थात् १८.६६ प्रतिशत, र मजदुरी गरी खाने ७ जना अर्थात् ९.३३ प्रतिशत पाइयो । उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने अध्ययन स्थलका उत्तरदाताका बुबा आमाहरू विभिन्न पेशाहरू अवलम्वन गरेको पाइन्छ । तर गृहिणी पेशाको हकमा व्यापार, नोकरी, मजदुरी जे पेसा अपनाए पनि गृहिणी महिलाहरू नै रहेको पाइयो ।

## ४.३.३ पारिवारिक आर्थिक स्थिति

मानिसको जीवनयापन सञ्चालन गर्न आर्थिक नै महत्वपूर्ण पक्ष रहेको छ । अर्थको आधारमा नै मानिसको जीवन कति सुगम हुन्छ भन्ने कुरा भर पर्दछ । उसले खाना खाने, बस्ने, मनोरञ्जन गर्ने, शिक्षा दीक्षा कस्तो कसरी लिने भन्ने कुरा आर्थिकले नै प्रभाव पार्छ । मानिस सहजरुपाट जिउनका आर्थिकले उल्लेखनीय भूमिका खेलेको हुन्छ । यसैले अध्ययन क्षेत्रमा गरिएको शोध अध्ययनमा उत्तरदाताको आर्थिक स्थितिलाई तलको तालिका बाट स्पष्ट पारिएको छ ।

**तालिका ४.५: पारिवारिक आर्थिक स्थिति**

| पेशा | उत्तरदाताको सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| साह्रै राम्रो | छ | ज्ञद्ध.द्द ड |
| राम्रो | द्द घ | टछ्र.ज्ञ |
| निम्न | ठ | द्द ण |
| **जम्मा** | **घछ** | **ज्ञण ण** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका ४.५ अनुसार कुल ३५ जना उत्तरदाता मध्ये परिवारको आर्थिक अवस्था राम्रै बताउने अध्यधिक धेरै २३ जना (६५.७१%) रहेको पाइयो भने त्यसपछि, पारिवारिक अवस्था न्यून बताउने ७ जना (२०%) र साह्रै राम्रो बताउने १४.२८ प्रतिशत रहेको पाइयो ।

## ४.३.४ घरको स्वामित्व

मानव जीवनको रक्षाको लागि बासस्थान आधारभूत आवश्यकता अन्तर्गत पर्दछ । परिवारमा सदस्य संख्या वृद्धि हुदै जाँदा र शिक्षा, पेशा, व्यवसाय र रोजगारीको अवसरले गर्दा घरबाट भिन्दै बस्नुपर्ने अवस्था सृजना हुन्छ । यस क्रममा उत्तरदातासँग तपाई आफ्नो घरमा बस्नुहुन्छ । कि भाडा तिरेर बस्नुहुन्छ भनी प्रश्न गर्दा निम्न उत्तर प्राप्त भयो ।

**तालिका ४.६: उत्तरदाताको घरको स्वामित्वको विवरण**

| **घरको स्वामित्व** | **उत्तरदाताको संख्या** | **प्रतिशत(%)** |
|---|---|---|
| आफ्नो घर | २९ | ८२.८५ |
| भाडा तिरेर बसेको घर | ६ | १७.१५ |
| **जम्मा** | **३५** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका अनुसार आफ्नो घरमा बस्ने २९ जना (८२.८५%) र भाडा तिरेर अर्काको घरमा बस्ने ६ (१७.१५%) रहेको पाइयो । तुलनात्मक रुपमा हेर्दा  भाडामा बस्ने भन्दा आफ्नो घरमा बस्ने संख्या बढी देखियो ।

### ४.३.५ घरको बनोट

आधारभूत आवश्यकतामा पर्ने घरलाई विभिन्न किसिमबाट निर्माण गरिन्छ । घरको अवस्था र घरको प्रकार, स्थानीय वातावरण वा स्थानीय तहमा प्राप्त निर्माण सामग्रीबाट प्रभावित हुन्छ । वातावरणीय र विकास क्षेत्रका आधारमा घर विभिन्न किसिमका हुन्छन् भने अर्को तर्फ सरकारको विकास प्रयासले पनि जनताको घरको अवस्थालाई प्रभाव पार्दछ ।

घर मानिसहरू बस्नका निम्ति विभिन्न वस्तुहरू प्रयोग गरी बनाइएको संरचना हो । जसमा माटो, काठको फलेक, ढुङ्गा, इट्टा, रङ, गिटी, बालुवा आदि । विभिन्न सामग्रीहरू प्रयोग गरी बनाइएका घरहरू धेरै प्रकारका हुन्छन् । जसमा कच्ची, अर्थ पक्की, पक्की आदि । अध्ययन स्थलको सर्वेक्षण क्रममा निम्न प्रकारका घरहरू भेटिए जसको विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ उत्तरदाताको घरको बनोटको विवरण**

| घरको बनोट | उत्तरदाताको सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| कच्चिच | द्द | टद्द.डछ |
| पक्की | ज्ञघ | घठ.ज्ञद्ध |
| **जम्मा** | **घछ** | **ज्ञण ण** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका ४.७ अनुसार कच्चिच घर २२ वटा (६२.८५%) टिनले छाएका कच्चिच घरहरू रहेका पाइयो । पक्कि घरमा १३ वटा (३७.१४%) रहेको जानकारी पाइयो । अध्ययन क्षेत्र विकास एवम् जनसंख्याको उचित मापदण्ड पुगि  नगरापलिका घोषित गरेतापनि, आर्थिक सम्पन्नता, शहरीकरण र बढ्दो आधुनिकीकरणले ढाकेता पनि अध्ययन क्षेत्रका मुस्लिमहरूको भने तुलनात्मक रूपमा पक्कि घरको संख्या भन्दा बढी कच्ची घर नै बढी रहेको जानकारी पाइयो ।

## ४.३.६ मुस्लिम समुदायले लगाउने पहिरन

गाँस, बाँस र कपास मानव जीवनको लागि अति आवश्यक वस्तुहरू हुन् । जसले जीवन रक्षा र व्यक्तित्व आकर्षित बनाउन मद्दत गर्दछन् । जातिय विविधता भएको नेपाली समाजमा विभिन्न जातजातिमा आ-आफ्नो पोशाक र पहिरनहरू छन् जसलाई पहिरिनु व्यक्तिले गौरब ठान्दछन् ।

**तालिका ४.८ः उत्तरदाताको आमाले बुर्का लगाउने विवरण**

| आफ्नो पोशाक | उत्तरदाताको संख्या | प्रतिशत (%) |
|---|---|---|
| लगाउने | २१ | ६० |
| नलगाउने | १४ | ४० |
| **जम्मा** | **३५** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

उत्तरदाताहरूको अनुसार बुर्का लगाउनेमा २१ जना अर्थात ६० प्रतिशत ले विशेष चाडपर्व, विवाहमा लगाउछौं भन्ने जानकारी पाइयो र १४ जना अर्थात् ४० प्रतिशत उत्तरदाताले नलगाउने जानकारी पाइयो । हिन्दु धर्मालम्बीहरूको संसर्ग, संगत एवम् नजिक भएता पनि उत्तरदाताका आमाहरू आफ्नो चलिआएको पोशाकलाई निरन्तरता दिंदै आएका बढी मात्रामा पाइयो ।

**वर्ष ३७ कि सलिना बानुका अनुसार**

*मुस्लिम समुदायका महिलाहरूले लगाउने कालो पातलो कपडा जुन कपडाले सम्पूर्ण शरीर ढाक्दछ । धार्मिक परम्परा अनुसार यो कपडा लगाउनाले सबै महिलाहरू एकै किसिमको देखिने दिदीबहिनी, देउरानी जेठानी वा महिला महिला बीचमा पनि उसले राम्रा गहना कपडा लगाइ मैले लगाउन पाइन भन्ने दुःख वा खिन्नता पनि नहुने, राम्री नराम्री धनि गरीब युवा वृद्ध बीचको विभेद पनि नहुने र पुरुषको नकारात्मक सोच पनि नआउने हुन्छ । अङ्ग प्रदर्शनले हुने बलात्कार जस्ता घटनाहरू घट्दैनन् । विभिन्न घटना क्रमबाट बच्नको निम्ति वुर्का लगाउन राम्रो हुन्छ । पर्दा (वुर्का) ले वाहिरी संसारलाई छेक्दैन हामी पर्दाभित्र रहेर पनि पढ्न, विद्वान् बन्न, विश्वका कुरा जान्न पर्दाभित्र रहेर पनि सक्छौ ।*

# अध्याय : पाँच

# धर्म र संस्कृतिले माध्यमिक तहमा अध्ययनरत छात्राहरूको विद्यालय सहभागितामा पारेको प्रभाव

विद्यार्थीहरूको अध्ययनमा विभिन्न कुराले प्रभाव पार्ने गर्दछ । सामाजिक बनावट, भौगोलिक बनावट, धार्मिक, साँस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक तत्वहरू सबै विद्यार्थीहरूको शैक्षिक स्तरमा प्रभाव पारीरहेको हुन्छ । सामाजिक बनावटमा छात्राहरूले अन्य समुदायको साथीहरूको संगत, साँस्कृतिक रुपमा विद्यालय जाने नजाने पर्व मेला बजार आदि आर्थिक रुपमा कमजोर, सम्पन्न र मनोबैज्ञानिक रुपमा इच्छाशक्ति, अठोट, उदाशिनता, चिन्ता आदिले प्रभाव पार्दछ । छात्राहरूको शैक्षिक स्तरमा प्रभाव पार्ने यस्तै तत्वहरूको अध्ययन यस अध्यायमा गरिएको छ ।

## ५.१ छात्राहरूको विद्यालय सहभागिता

### ५.१.१ छात्राहरूको घरमा पढ्ने अवस्था

कुनै पनि व्यक्तिमा ज्ञान हासिल गर्न अति चाहना छ तर उसमा उक्त चाहना प्राप्ति गर्ने बाटाहरू थुनिन्छन् वा विभिन्न बाधा अड्चनहरू आइपर्दछन् भने निश्चयनै समस्या उत्पन्न हुन्छ । आधुनिकताको सँगसँगै केही हदसम्म धनी गरिब, धार्मिक आस्थावान जे भएतापनि मानिसमा चेतनाको अवस्था भने बढ्दो छ । जसको कारण अहिलेको अवस्थामा घरमा जस्तोसुकै समस्या बाधा व्यवधान परेपनि आफ्ना छोराछोरीलाई स्कुल पठाउनुपर्छ भन्ने ज्ञान पलाएको छ । अध्ययन क्षेत्रमा मुस्लिम समुदायका छात्राहरूले विद्यालय अध्ययन पश्चात आफ्नो घरमा पढ्न पाउने समय अवस्थाको तालिका ५.१ बाट देखाइएको छ ।

**तालिका ५.१: उत्तरदाताको घरमा पढ्न पाउने अवस्था**

| घरमा पढ्ने समय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मिल्छ | ३० | ८५.७१ |
| मिल्दैन | ५ | १४.२९ |
| **जम्मा** | **३५** | **१००.००** |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ५.१ अनुसार कूल माध्यमिक तहमा पढ्ने ३५ जना मुस्लिम छात्राहरू मध्ये स्कुले शिक्षाको अलवा घरमा पनि पढ्न समय मिल्छ भन्ने उत्तरदाता छात्रा ३० जना (८५.७१%) रहेको पाइयो । पढ्ने समय नै मिल्दैन भन्ने ५ जना (१४.२९%) रहेको पाइयो ।

मुस्लिम समुदाय यस्तो समुदाय की अशिक्षित पुरुषको त कुरै नगरौ शिक्षित पुरुषले पनि आफ्नो श्रीमतीलाई शिक्षित बनाए आफ्नो टाउँकोमा टेक्छन् भनि बढी पढाउन नचाहे जस्तै अहिलेको अवस्थामा घरमा १४.२९ प्रतिशत छात्राले घरमा पढ्न नपाउनु भन्नु यस समुदायमा चेतनाको स्तर अझै कम छ भन्ने यस तथ्यबाट स्पष्ट थाहा हुन आउँछ ।

### ५.१.२ छात्राहरूको घरमा पढ्ने समय

भनिन्छ परिवार भनेको बालबालिकाको पहिलो पाठशाला हो । हरेक बालबालिकाको शिक्षाको द्रुत विकासको निम्ति उनीहरूप्रति परिवारजनको सिकाई, बोलाई, चालचलन, व्यवहार, हाँउभाउँ, आचरण, व्यवहार एवम् प्रतिष्ठा अनुसार हुन्छ । यसलै विद्यालय पढ्ने छात्राहरूले घरमा कतिसमय जति आफ्नो पढाईमा बिताउँछन् भन्ने जानकारी तालिका ५.२ बाट प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ः उत्तरदाताको घरमा पढ्न पाउने समय**

| पढ्ने समय | **विहान** | **बेलुका** | **जम्मा** |
|---|---|---|---|
| १ घण्टा | १८ | ४ | २२ |
| २ घण्टा | ९ | १३ | २२ |
| ३ घण्टा | २ | ८ | १० |
| ४ घण्टा | ० | ५ | ५ |
| उत्तर नआएको | ६ | ५ | ११ |
| **जम्मा** | **३५** | **३५** | **७०** |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ५.२ अनुसार अध्ययन क्षेत्रमा रहेका कुल ३५ जना मुस्लिम छात्रा मध्ये घरमा बिहान १ घण्टा मात्र पढ्ने १८ जना, बेलुका ४ जना रहेको पाइयो भने अन्य क्रमश: विहान २ घण्टा पढ्ने विहान ९ जना बेलुका १३ जना, ३ घण्टा पढ्ने विहान २ जना बेलुका ८ जना ३ घण्टा भन्दा माथि पढ्ने बेलुका ५ जना मात्र भेटियो भने । जुन तथ्याङ्कबाट के थाहा हुन्छ भने घरमा लामो समयसम्म पढ्ने छात्राहरू कम देखिए । जुन छात्राहरूको पढाइमा कम रुची रहेको पाइन्छ ।

### मुख्य जानिफकार गैर मुस्लिम शिक्षक भन्नुहुन्छ

*वि.सं. २०५७/५८ सालभन्दा अगाडि यो स्थानमा सरसफाइ, शिक्षा, स्वास्थ्यप्रति चेतना नै थिएन । घरभित्र चर्पी हुनेले पनि बाटोमा दिशा पिसाब गर्ने बानी थियो । चर्पी नभएको घरमा बनाउन र भएकालाई त्यहि दिशा पिसासाब गर्न आग्रह गरे । बाटो एवम् विद्यालय क्षेत्रभित्रको फोहोरमैला टिपेर फाले । घरघरै गएर छोरी पढाउन आग्रह गरे । चेतना जगाउन धेरै कोसिस गरे । शुरूमा सरस्वती मा.वि.मा पढाउन जाँदा बच्चाहरू बिहान खाना नखाइ आउने १२ बजेपछि खाना खान जान्छौं भन्ने र घर जाने कोही फर्केर नआउने गर्थे । किनकी विहानै घरका सम्पूर्ण परिवार मस्जिदमा जाने हुँदा कसैको घरमा खाना पकाउने व्यक्ति नै नहुँदा उनीहरू खाना खाएर स्कुल आउन नसक्ने भएकोले भोकै स्कुल जान बाध्यता पर्थ्यो । यसरी बीच दिनमै स्कुल छोडी हिड्ने र फेरी फर्केर स्कुलमा पढ्न नजादा पढाइको स्तर कहिल्यै राम्रो हुन सक्दैनथ्यो । धार्मिक शिक्षा, संस्कारले उनीहरूको स्कुले शिक्षामा नराम्रो प्रभाव परको थियो । तर हाल क्रमिक सुधार त भएको छ । तर अझैं पनि मैले पढ्नुपर्छ, ज्ञान आर्जन गर्नुपर्छ, खुट्टामा उभिनुपर्छ भन्ने धारणा नै छैन । यहाँ एकजना रिहना बानु निकै जागरूक महिला रहिछिन् । घरघरै गएर केटाकेटी बटुली पढाउन खोज्दिरहिछिन् । विद्यालयमा पनि आएर राम्रो पढ्नेलाई पुरस्कार दिने व्यवस्था गरिदिनुहोस् भनि अनुरोध गरीरहन्छिन् । एकदिन उनले उनीहरूकै शिक्षाका निम्ति मिटिङ् राखिन् हामी शिक्षकहरू पनि उपस्थित भयौ त्यहाँका गन्नेमान्ने पुरुषहरूले तपाइहरू किन आउनुभएको भनि सोधे हामीले (जैनाफ) ती नानीले बोलाएर आएको भन्यौ । ती पुरुषहरूले मुख छँदाछँदै नाकले पनि खाने भनी हप्काए । पुरुषहरू आफैं पढा लेखा, जान्ने सुन्ने एवम् सक्षम छैनन् ।*

*महिलाहरू बाहिर निस्की केही गर्न लागेको रूचाउसदैनन् । महिला जान्ने सुन्ने भएभने हामीलाइ गन्दैनन् भन्ने धारणा उनीहरूमा छ । रूढिवादी अन्धविश्वासी परम्परावादी छन् ।*

### ५.१.३ मुस्लिम छात्राको विद्यालय उपस्थितीमा प्रभाव

माथि उल्लेख गरिएका पूर्व साहित्यिक समिक्षाको व्याख्या अनुसार अन्य धर्महरूको तुलनामा मुस्लिम धर्म अगाल्ने मानिसहरू बढी कट्टरता हुन्छन् । जुन कट्टरताले गर्दा उनीहरूको बाहिरी गैर मुस्लिमहरूसँगको सम्बन्धमा, विद्यालय आवत जावतमा असर पर्दछ । अध्ययन क्षेत्रका मुस्लिम छात्राहरूको विद्यालय उपस्थिति सम्बन्धमा तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ५.३: उत्तरदाताको विद्यालय उपस्थिति**

| विद्यालय उपस्थिति | **संङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| अकस्मात् विरामी हुँदा बाहेक दैनिक आउँछु | १८ | ५१.४२ |
| दैनिक विद्यालय आउँछु | ११ | ३१.४२ |
| घरायसी काम/धार्मिक शिक्षाले स्कुल आउँदिन | ८ | २२.८६ |
| **जम्मा** | **३५** | **१००** |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ५.३ मा कुल ३५ जना उत्तरदाता मध्ये विद्यालय उपस्थिति सम्बन्धमा भैपरी आउने समस्या र अकस्मात् विरामी हुँदा बाहेक दैनिक विद्यालय उपस्थिति हुन्छु भन्ने उत्तरदाता सबैभन्दा बढी १८ जना अर्थात् ५१.४२ प्रतिसत रहेको पाइयो । हालसम्म कुनैपनि कार्यले विद्यालयमा जान रोक नभएको दैनिक रुपमा उपस्थित भएको ११ जना अर्थात् ३१.४२ जना उत्तरदाताबाट जानकारी पाइयो भने धार्मिक शिक्षाको साथसाथै घरायसी काम व्यवहारले विद्यालय निरन्तर रुपमा जान नसक्ने न्यून मात्र ८ जना अर्थात् २२.८६ प्रतिशत रहेको पाइयो । विभिन्न शोध अध्ययनमा उल्लेख भएअनुसार अर्थात् मुस्लिम धर्मावलम्बीले अगाँल्दै आएको धार्मिक कटरतालाई केही हदसम्म गैर मुस्लिमसँगको

सहकार्य, सामिप्यको साथसाथै बढ्दो आधुनिकताले गर्दा उनीहरूको कट्टरता विस्तारै हड्दै गएको आशय यस तथ्यबाट थाहा हुन जान्छ ।

**कक्षा ९ मा अध्ययनरत वर्ष १५ की मरियन मियाका अनुसार**

*मेरो परिवार संयुक्त परिवार हो । परिवारमा बुबा, आमा हजुरबा, हजुरआमा, दाजुभाई, दिदीबहिनी गरी जम्मा १५ जना छम् । हाम्रो समुदायमा केटाको भन्दा केटीको शैक्षिक अवस्था कमजोर छ । यसमा पहिला गरीबी नै हो । छोराछोरी धेरै हुने, पालनपोषणको निम्ति वावुआमा औरात्र खटिनुपर्ने, ख्वाउने, लगाउन दिनेकी पढाउने । ठूलोले साना भाइ बहिनीहरूलाई हेर्नुपर्ने घरमा सवै काम खाना पकाउने, कपडा धुने, सफा सुग्घर आदि काम गर्नुपर्ने आदि अवस्थाले पढाइमा बाधा पुऱ्यायो । औपचारिक पढाइका निम्ति वातावरण राम्रो छैन । धार्मिक शिक्षा तिर पनि जानुपर्छ । घरको बाहिरी व्यवहार बाबाले गर्नुपर्छ खेतीकिसानले मात्र खान पुग्दैन । मजदुरी पनि गर्नुहुन्छ । आमा पनि खेतबारीमा नै धेरै काम गर्ने हुँदा घरको सम्पूर्ण काम गर्दा पढ्नमा असर परेको छ । घरयासी काम, भाईबहिनीको स्यारसुसारले गर्दा कहिलेकाहीँ स्कुल पनि छुट्छ ।*

**धार्मिक शिक्षा सम्बन्धी एक महिला अभिभावकले शिक्षाको विषयमा यस्तो विचार व्यक्त गर्दछिन् :**

*सरकारी र धार्मिक शिक्षा दुवै ५ वर्षबाट शुरु गरे । हामीलाई मदरसामा धार्मिक शिक्षा महिला शिक्षिकाले दिनुहुन्थ्यो । उहाँ अलि कडा मिजासको हुनुहुन्थ्यो एकपटक उहाँले मलाई बेसरी पिट्नुभयो त्यसपछि म मदरसामा पढ्न नै जान मानिन घरमै वुवाले पढाउनुभयो । मदरशामा गई उर्दुमा राम्रोसँग अध्ययन नगरेकोले मलाइ कुरान सरिफ उर्दुमा पढ्न आउदैन । हिन्दीमा पढ्छु वा हिन्दीमा पढ्न आउछ । धार्मिक शिक्षा यति वर्षभित्र सिध्याउनुपर्छ भन्ने छैन सकभर समनोमा नै पढ्नुपर्छ । वुवा अशिक्षित, आमा साक्षर हुनुहुन्छ । दुइजना दाइहरूले सात कक्षा पढेर छाड्नुभयो । दिदी एकजनाले एम.ए. गर्नुभएको छ भने अर्को दिदीले प्राविधिक शिक्षा लिनुभएको छ । वुवा आमाले छोराछोरीहरूलाई राम्रो शिक्षा दिनुपर्छ भन्नुहुन्छ । तर दाइहरूले धेरै पढ्नु भएन । हामीहरूलाई राम्रो शिक्षा दिनुपर्छ भनी शिक्षण सामग्रीहरू प्रशस्त उपलब्ध गराउनुभयो । पढाइको सिलसिलामा हामीलाई कुनै कुराको कमी थिएन । वुवा आमा व्यापार गर्नुहुन्छ । विहान बेलुका व्यापारमा सघाउने, खाना बनाउने, कपडा धुने काम गर्दथ्यौं ।*

**स्थानीय अभिभावक निजममिया भन्नुहुन्छ**

*हाम्रो समुदायमा धार्मिक शिक्षा अनिवार्य छ । धार्मिक शिक्षा लिन सक्रिय हुन्छन् तर आधुनिक शिक्षा प्रति नैराश्यता छ । यहाँका पुरुषहरू एक त पढ्न जादैनन् गए तापनि अल्छी छन् बीचैमा छाड्छन् । पढाइप्रति यिनीहरूको चाहना नै छैन । पैसा कमाउनको लागि कि विदेश जाने गर्दछन् कि व्यापार गर्छन् । पढे पनि त्यही खाने लगाउने त हो । विहान हात मुख जोर्नु पाए पढाइ नै किन चाहियो र ?*

*महिला शिक्षाको लागि यो समाजले त्यति वास्ता राखदैन किनभने पुरुषहरूले कि त विदेश गएर कमाएर ल्याउछन् कि त देशमै व्यापार गरेर पैसा कमाउछन् । महिलाहरूले घरव्यवहार धान्ने, बालबच्चा जन्माउने, हुर्काउने, परिवारका अन्य सदस्यहरूको रेखदेख गर्ने, खानपिन, पालनपोषण गर्ने हो किन पढ्नुपर्‍यो र भन्ने मान्यताले समाजमा जरा गाडेको छ ।*

*अर्कोतर्फ महिलाहरूलाई शिक्षाको महत्त्व र त्यसले व्यक्तिलाई स्वावलम्वन, आत्मविश्वासी, निडर, अधकार र कर्तव्यको वोध गराउाछ भन्ने थाहा नै छैन । धनी महिलाहरू वावु वा श्रीमान्को कमाइमा मोजमस्ती एवम् विलासी जीवनप्रति आकर्षित हुनु, अर्कोतर्फ अविवाहित १४/१५ वर्षमा छिटो विवाह गरी श्रृङ्गारका सामानहरू बेच्ने र आफैं पनि श्रृङ्गारिएर परी भएर बस्छन् । आधुनिक फेसनमा रमाउने गर्छन् तर आफ्नो अधिकार र कर्तव्य प्रति वोध छैन । सूचना र सञ्चारको ज्ञान नलिइकन एउटा अन्धकारको संसारमा रुमलिईरहेका छन् । शिक्षामा महिला पछाडि पर्नुको कारण पितृसत्तात्मक पुरुषप्रधान मानसिकताले जरा गाडेको समाज हो भने अर्को स्वयम् महिला नै शिक्षाप्रति जागरुक नभई पैसामुखी समाजको पछि लागेर मोजमस्तीमा जीवन विताउने मानसिकता होला भन्न सकिन्छ ।*

## ५.१.४ छात्राको विषयगत रुचि

हरेक मानिसको रुची, इच्छा र चाहना फरक फरक हुन्छ, जुन एकको अर्कासँग ठ्याक्कै कसैसँग पनि मिल्दैन । विभिन्न क्षेत्रका विभिन्न इच्छा, चाहना जस्तै विद्यालय अध्ययनमा पनि सबै छात्र छात्राको रुचि समान हुँदैन । मानिसको विपरित रुची इच्छा चाहनाले गर्दा नै यो संसार आजको विकसित युगसम्म आईपुग्न सफल भएको हो । त्यस्तैगरी अध्ययन क्षेत्रमा लिइएको विद्यालयहरूमा मुस्लिम छात्रा सहभागितामा उनीहरूको विषयगत रुचीलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ५.४: उत्तरदाता छात्राहरूले मन पराउने विषय विवरण**

| विषय | मनपराउने संख्या | प्रतिशत |
|---|---|---|
| नेपाली | १२ | ३४.२८ |
| सामाजिक | ८ | २२.८५ |
| जनसंख्या | ५ | १४.२८ |
| विज्ञान | ३ | ८.५७ |
| अंग्रेजी | २ | ५.७१ |
| अर्थशास्त्र | २ | ५.७१ |
| शिक्षा | २ | ५.७१ |
| गणित | १ | २.८५ |
| **जम्मा** | **३५** | **१००.००** |

*श्रोत कार्यक्षेत्र अध्ययन, २०७१ ।*

माथिको तालिका ५.४ अनुसार कुल उत्तरदाता ३५ जना मध्ये सबैभन्दा बढी (३४.२८%) नेपाली विषय मन पराउने पाइयो । त्यसपछि अन्य विषय मनपराउने क्रमशः सामाजिक (२२.८५%), जनसंख्या (१४.२८%), विज्ञान (८.५७%) र अग्रेजी, अर्थशास्त्र, शिक्षा (५.७१%), साथै न्यून (२.८५%) गणित विषयलाई मन पराएको पाइयो । उक्त तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने मुस्लिम छात्राहरू प्राविधिक एवम् प्राक्टिकल विषयमा विशेष रुची नभई भाषागत विषयमा बढी रुचीको भएको पाइयो ।

**यसै सन्दर्भमा कक्षा १० मा अध्ययनरत बेगममिया आफ्नो कुराहरू यसरी व्यक्त गर्दछिन्**

*मलाई पढाईप्रति घरपरिवारका सदस्यहरूले राम्रो चाख राख्नुहुन्छ । आमावुवा, दाजु, दिदीहरूले गाली गर्ने, पिट्ने, नपढ भन्ने कुरा कहिल्यै गर्नुभएन बरु म नै सानो छँदा स्कूल जादैनथे । सानो कक्षामा छदा मिसले कक्षा १० मा पढ्ने दिदीहरूको कक्षामा लगी किन पढ्न आउदिनस् भन्नुभयो त्यो घटनापछि लगातार स्कूल गए । एक कक्षाबाट ८ कक्षासम्म प्रथम हुन्थे । पढाइ राम्रो थियो मिहेनती थिए । ८ पास गरी ९ कक्षामा गएपछि हिसाबमा कमजोर भए अरु विषयमा त राम्रो छ । यस पालि एस.एल.सी.दिने हो । हिसावमा कमजोर हुनाले घरमा पढाउने अभिभावकहरू नहुँदा एस.एल.सी. राम्रो हुन्न कि जस्तो लाग्छ । स्कुलमा अतिरिक्त कक्षा लिनमा हाम्रो धार्मिक शिक्षा र घरको आर्थिकताले गर्दा असर पारेको छ ।*

*मलाई पढाईप्रति घरपरिवारका सदस्यहरूले राम्रो चाख राख्नुहुन्छ । आमावुवा, दाजु, दिदीहरूले गाली गर्ने, पिट्ने, नपढ भन्ने कुरा कहिल्यै गर्नुभएन बरु म नै सानो छँदा स्कूल जादैनथे । सानो कक्षामा छदा मिसले कक्षा १० मा पढ्ने दिदीहरूको कक्षामा लगी किन पढ्न आउदिनस् भन्नुभयो त्यो घटनापछि लगातार स्कूल गए । एक कक्षाबाट ८ कक्षासम्म प्रथम हुन्थे । पढाइ राम्रो थियो मिहेनती थिए । ८ पास गरी ९ कक्षामा गएपछि हिसाबमा कमजोर भए अरु विषयमा त राम्रो छ । यस पालि एस.एल.सी.दिने हो । हिसावमा कमजोर हुनाले घरमा पढाउने अभिभावकहरू नहुँदा एस.एल.सी. राम्रो हुन्न कि जस्तो लाग्छ । स्कुलमा अतिरिक्त कक्षा लिनमा हाम्रो धार्मिक शिक्षा र घरको आर्थिकताले गर्दा असर पारेको छ ।*

### ५.१.५ छात्राहरूको भाइबहिनीहरूले पढ्ने विद्यालय

मुश्लिम समुदायमा अरु समुदायभन्दा बढी मात्रामा महिलाको दमन गरिएको पाइन्छ । छोरीहरू अर्काको घरमा जाने जात हुन् तिनीहरूले पढ्नु पर्दैन् भन्ने विचार यस समाजमा प्राय राख्दछन् । आम्दानीका श्रोतहरू कम भएपनि शिक्षा राम्रो हुन्छ भन्ने धारणाले छोरीलाई भन्दा छोरालाई निजी विद्यालय अर्थात् महङ्गो विद्यालयमा पढाउने गर्दछन् । अहिलेको शिक्षाको परिवेस हेर्दा सरकारीभन्दा नीजि विद्यालयप्रति बढी अभिभावक आकर्षिक भएको देखिन्छ । यस सम्बन्धमा अध्ययन क्षेत्रका छात्राहरूका भाईबहिनीहरूलाई कस्तो विद्यालयमा पढाउने भन्ने तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ५.५ : छात्राहरूको भाइबहिनीहरूको पढ्ने विद्यालय विवरण**

| पढाउने स्कुल | भाईको संख्या | प्रतिशत | बहिनीको संख्या | प्रतिशत |
|---|---|---|---|---|
| बोडिङ्ग स्कुल | २३ | ७४.१९ | ९ | ३१.०४ |
| सरकारी स्कुल | ८ | २५.८ | २० | ६९.९६ |
| **जम्मा** | **३१** | **१००.००** | **२९** | **१००.००** |

*स्रोतः कार्यक्षेत्र अध्ययन, २०७१ ।*

माथिको तालिका ५.५ मा कुल उत्तरदाता ३५ जनाका बोर्डिङ स्कुलमा पढ्ने भाइहरू २३ जना अर्थात् ७४.१९ प्रतिशत र बहिनीहरू ९ जना अर्थात् ३१.०४ प्रतिशत पाइयो भने सरकारी स्कूलमा भाइहरू ८ जना अर्थात् २५.८% र बहिनीहरू २० जना अर्थात् ६९.९६ % रहेको पाइयो । उक्त तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने संख्याको दृष्टिकोणले बोर्डिङ स्कुलमा पढ्ने बहिनीहरूको तुलनामा भाईहरूको सङ्ख्या अधिक रहेको पाइयो । जुन तथ्यले लैङ्गिकताको आधारमा विभेद गरेको स्पष्ट हुन जान्छ ।

### ५.१.६ गृहकार्य गर्नमा अभिभावकको संलग्नता

पेसागत दृष्टिकोणले उत्तरदाताका अभिभावकहरूले विभिन्न पेसाहरू व्यापारी, नोकरी, मजदुरी पेशा अगाल्नुभएको छ त कतिपय अभिभावक रोजगारीको सिलसिलामा विदेशमा हुनुहुन्छ । तर घरमै भएका शिक्षित अभिभावकहरूले बालबालिकाको राम्रो शिक्षाको लागि घरमा कस्तो सहयोग गर्छन् । उनीहरूको गृहकार्य गर्नमा सघाउ पुऱ्याउँछन् कि पुऱ्याउँदैनन् भन्ने तर्क प्राप्तिका लागि अध्ययन क्षेत्रका छात्राहरूको पढाईमा अभिभावकको कस्तो सहयोग रह्यो तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ५.६: गृहकार्य गर्नमा अभिभावकको संलग्नता**

| पढ्न सिकाउने | अभिभावक संख्या | प्रतिशत |
|---|---|---|
| पढ्न सिकाउने | ७ | २० |
| पढ्न नसिकाउने | २८ | ८० |
| **जम्मा** | **३५** | **१००.००** |

*स्रोत कार्यक्षेत्र अध्ययन, २०७१ ।*

माथिको तालिका ५.६ अनुसार कुल ३५ जना उत्तरदाता मध्ये आफ्ना बालबालिकाहरूलाई गृहकार्य गराउन सक्षम वा सहयोग पुऱ्याउने अभिभावक ७ जना अर्थात् २० प्रतिशत मात्र रहेको पाइयो भने बाकी २८ जना अर्थात् ८० प्रतिशत उत्तरदाताका अभिभावकले उनीहरूको पढाईमा सहयोग नपुराएको पाइयो ।

**यसै सन्दर्भमा अध्ययन क्षेत्रका अध्ययन क्षेत्रमा रहेकी वडा नं. ११ निवासी अभिभावक वर्ष ३४ कि आईसा मिया भन्नुहुन्छः**

*मेरो विवाह अगाडि घरपरिवारमा वुवाआमा, दिदी, दाजु र म जम्मा ५ जनाको परिवार थियौं । सामान्य किसान परिवार भएकोले वर्षायाममा वुवाआमा खेती गर्नुहुन्थ्यो र हिउँद लागेपछि चुरा बेच्न जानुहुन्थ्यो । हामी छोराछोरीहरू घरका काम खाना पकाउने, पानी भर्ने, गाई भैंसी हेर्ने, घाँस काट्ने, गोवर फाल्ने आदि गर्थ्यौं । घरको नजिकैको स्कुलमा वुवाले भर्ना गरिदिनुभयो । दाइ र म एउटै स्कूलमा पढ्थ्यौं । हाम्रो स्कुलमा एक जना महिला शिक्षिका कडा हुनुहुन्थ्यो गृहकार्य नगरेमा, पाठ नघोकेमा पिट्नुहुन्थ्यो । त्यस्तैमा एकदिन शिक्षिकाले बेसरी कुट्नुभयो त्यसपछि डरले मलाई स्कूल जान मन लागेन कक्षा ५ मा पढ्थे । शिक्षिकको कुटाईले गर्दा म स्कुल जान डर लाग्थ्यो । बुवाआमा पनि अशिक्षित भएकाले पढ्न जानुपर्छ भनी कर गर्नुभएन, हप्कीदप्की पनि गर्नुभएन, अल्लारे केटाकेटी घरमा नै गाईभैंसी, बाखा हेर्ने, साथीहरूसँग खेल्नेतिर लागियो पढ्न लेख्नतिर मनै लागेन । त्यसै पढ्दापढ्दै छोडियो ।*

## ५.१.७ पढाईप्रति पारिवारीक सहयोग

पेसागत दृष्टिकोणले उत्तरदाताका अभिभावकहरूले विभिन्न पेसाहरू व्यापारी, नोकरी, मजदुरी पेशा अगाल्नुभएको छ त कतिपय अभिभावक रोजगारीको सिलसिलामा विदेशमा हुनुहुन्छ । तर घरमै भएका शिक्षित अभिभावकहरूले बालबालिकाको राम्रो शिक्षाको लागि घरमा कस्तो सहयोग गर्छन् । उनीहरूको गृहकार्य गर्नमा सघाउ पुऱ्याउँछन् कि पुऱ्याउँदैनन् भन्ने तर्क प्राप्तिका लागि अध्ययन क्षेत्रका छात्राहरूको पढाईमा अभिभावकको कस्तो सहयोग रह्यो तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ५.७: उत्तरदाताको पढाईप्रति परिवारीवारिक सहयोग**

| परिवारको समर्थन | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अलिअलि | २० | ५७.१४ |
| धेरै | १२ | ३४.२९ |
| पूर्ण | ३ | ८.५७ |
| **जम्मा** | **३५** | १००.०० |

*स्रोत कार्यक्षेत्र अध्ययन, २०७१ ।*

तालिका ५.७ अनुसार कुल ३५ जना उत्तरदाताहरू मध्ये आफ्नो पढाईमा पारिवारिक सहयोग सम्बन्धी जिज्ञासमा घरमा पूर्ण रुपमा सहयोग छ भन्ने बताउने अत्यन्त न्यून ३ जना (८.५७%) मात्र रहेको, अलिअलि मात्र जेहोस् सहयोग धेरै छ भन्ने बताउने १२ जना (३४.२९%), केही मात्रामा सहयोग छ भन्ने बताउने २० जना (५७.१४%) रहेको पाइयो । उक्त तथ्यबाट आफ्नो बालबालिकालाई स्कुलमा पढ्न पठाएतापनि बालबालिकाको पढाई प्रति पूर्ण रुपमा दत्तचित हुने अभिभावक अत्यन्त कम मात्रामा पाइयो ।

## ५.१.८ छात्राहरूलाई घरमा पढ्न सिकाउने अभिभावकसागको सम्बन्ध

परिवार भनेको आफ्नो नजिकको सम्बन्ध भएका विभिन्न नाता कायम रहेका सदस्यहरूको संगम हो । जसमा छात्राहरूका दिदी, भाई, दाजु बहिनी, बाबुआमा फुपुहरू, हजुरआमा/बाबा काकाकाकीहरू हुन्छन् । छात्राहरूको पढाईमा घरमा चासो राख्ने व्यक्तिहरूको सम्बन्ध तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ५.८: उत्तरदातालाई घरमा पढ्न सिकाउने व्यक्तिसँगको सम्बन्ध**

| पढ्न सिकाउने व्यक्तिसँगको सम्बन्ध | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| वुवा | ३ | ४२.८५ |
| आमा | २ | २८.५८ |
| दिदी | १ | १४.२८ |
| दाजु | १ | १४.२८ |
| **जम्मा** | ७ | १००.०० |

*स्रोत कार्यक्षेत्र अध्ययन, २०७१ ।*

तालिका ५.८ अध्ययन क्षेत्रमा कूल ७ जना मात्र पढ्न सिकाउने अभिभावकसँग उत्तरदाताको के सम्बन्ध छ भन्ने जिज्ञासामा घरायसी पठनपाठनको लागि बुबाले सिकाउनुहुन्छ भन्नेमा ३ जना (४२.८५%), आमाले सिकाउनुहुन्छ भन्नेमा २ जना (२८.५८%) र दिदी, दाजु सम्बन्ध हुनुहुन्छ भन्नेमा 1।1 जना अर्थात् (१४.२८%) रहेको पाइयो । उक्त तथ्याङ्बाट के पाउन सकिन्छ भने अधिक मात्राका उत्तरदाताहरूको परिवारका सदस्यहरूले उत्तरदाताको पढाईप्रति दिलचस्पि कम दिएको पाइयो ।

## ५.१.९ धार्मिक शिक्षा

विश्वमा प्रचलित धर्महरू हजारौ छन् । धर्म अर्थात् धार्मिक ग्रन्थमा व्याख्या गरिए अनुसार कत्तिपनि फेरबदल नगरीकन जस्ताको तस्तै अनुसरण गर्ने धर्माबलम्बीहरू भने अत्यन्त न्यून हुन्छन् । प्रायजसो धर्माबलम्बीहरू समय सँगसगै परिमार्जन परिवर्तित हुँदै जान्छन् । तर विभिन्न धर्महरू बिचको अपवादको रुपमा रहेको मुस्लिम धर्म भन्ने सान्है कट्टरता र कठोरता कायम रहेको धर्म हो । मुस्लिम धर्मको व्याख्याकार अल्लाहले जे प्रतिपादित गरे त्यही नै आजसम्म अनुसरण गरिरहेको पाइन्छ । उनीहरूको धार्मिक ग्रन्थको कुनैपनि शब्दहरू परिवर्तन र परिमार्जन गर्ने अधिकार कोही कसैलाई हुँदैन । त्यसैले अध्ययन क्षेत्रमा धार्मिक शिक्षा पढ्नेहरूको विवरण तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ५.९: उत्तरदाताको धार्मिक शिक्षा**

| धार्मिक शिक्षा पढ्ने/नपढ्ने | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पढ्छु | ३५ | १००.०० |
| पढ्दिन | ० | ०.०० |
| **जम्मा** | **३५** | १००.०० |

*स्रोत कार्यक्षेत्र अध्ययन, २०७१ ।*

माथिको तालिका ५.९ अनुसार कूल उत्तरदाता छात्राहरू ३५ जना मध्ये सबै सबै छात्राहरू नै धार्मिक शिक्षा पढ्नको लागि मस्जितमा जाने गरेको पाइन्छ । सबै उत्तरदाताहरू नै धार्मिक शिक्षा हासिल गर्न जानुले उनीहरूको धर्मप्रतिको कट्टरता छर्लङ हुन्छ ।

कक्षा १० मा अध्ययनरत १७ वर्षिया खातुन निशाका वुवा, आमा र दुई दाजुका साथ गैरीखेत, वडा नं. ४ मा बस्छिन् । ३ वर्षबाट मदरशामा गइ मुस्लीम शिक्षा र ४ वर्षबाट सरकारी शिक्षा सुरु गरेको कुरा खुलस्त साथ बताउछिन् । स्वच्छ भावकी यी महिला धार्मिक शिक्षाको स्तरको बारेमा आफ्नो विचार यसरी व्यक्त गर्छिन्-

> *मुस्लिम धर्मले महिलालाई पर्दा भन्दछ । मेरो विचारमा महिलाले आफ्नो सुरक्षाको निम्ति पनि शरीर ढाकिने कपडा लगाउनु राम्रो हो किनकी हाफ पाइन्ट, मिनिस्कट आदि छोटा कपडा लगाउने केटीलाई केटाहरूले जिस्काउछन, अप शब्द बोल्दछन् कुर्ता सुरवाल लगाइ सल ओड्नेलाई त जिस्काउदैनन् अङ्ग प्रदर्शन गर्ने केटीलाई त महिलाले पनि कस्ती नकचरी भन्दछन्नी होइन त ?*

## ५.१.१० विद्यालय अतिरिक्त क्रियाकलापमा परिवारको अनुमति

उत्तरदाताको विद्यालय शिक्षाको अतिरिक्त तत्सम्बन्धी अन्य क्रियाकलाप गरी अन्तरआत्माको प्रस्फुटन, आत्मविश्वास, आत्मबल वृद्धि गर्नका लागि अतिरिक्त क्रियाकलापहरूतर्फ अग्रसर गराउन आवश्यक पर्दछ । यस्ता क्रियाकलापले विद्यार्थीको शारीरिक, मानसिक एवम् स्वास्थ्यको दृष्टिकोणले पनि स्वच्छ रहन मद्दत पुऱ्याउँछ । जुन क्रियाकलाप गर्न विद्यालय परिवारको अलवा घरपरिवारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अध्ययन क्षेत्रमा छात्राहरूको अतिरिक्त क्रियाकलापमा संलग्नताको लागि घरपरिवारले स्विकृत दिए/नदिएको विवरण तलको तालिका बाट अझ स्पष्ट हुन्छ ।

**तालिका ५.१०: विद्यालयको अतिरिक्त क्रियाकलापमा परिवारको अनुमति**

| पारिवारिक अनुमति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दिनुहुन्छ | १४ | ४०.०० |
| दिनुहुँदैन | २१ | ६०.०० |
| **जम्मा** | **३५** | १००.०० |

*स्रोत कार्यक्षेत्र अध्ययन, २०७१ ।*

तालिका ५.१० मा कूल ३५ जना उत्तरदाता मध्ये विद्यालयको अतिरिक्त क्रियाकलापमा पारिवारिक अनुमति दिनुहुन्छ भन्ने १४ जना (४०%), दिनुहुँदैन भन्ने २१ जना (६०%) रहेको पाइन्छ । यस तथ्यबाट थाहा हुन्छकी मुस्लिमहरू आफ्नो धर्मप्रति कत्ति कट्टरता छन् भन्ने कुरा स्कुलमा दिइने शिक्षाका अतिरिक्त अन्य बाहिरी क्रियाकलापले आफ्ना सन्तान अन्य समुदाय, अन्य संस्कार, धर्मप्रति प्रलोभन हुन्छन् भन्न डरले उनीहरू आफ्ना बालबालिकाहरूलाई पढाईको अतिरिक्त अन्य क्रियाकलापहरू गर्न दिन रुचाउँदैनन् । जुन यस अध्ययनबाट पनि स्पष्ट बुझ्न सकिन्छ ।

## ५.१.११ शैक्षिक सामग्रीको अभावले विद्यालय छाड्नु पर्ने कारण

शिक्षा लिने क्रममा शैक्षिक सामग्रीको अत्यन्त महत्वपूर्ण भुमिका रहेको हुन्छ । विना शैक्षिक सामग्रीको शिक्षा एउटा मुर्तिलाई पढाई समान हन्छ । द्रुतदर रुपमा ज्ञान हासिल गर्नको लागि आवश्यक पर्ने  शैक्षिक सामग्री उपलब्ध हुनुपर्दछ । विना शैक्षिक सामग्री ज्ञान हासिल गर्न प्रर्याप्त बाटो खुल्दैन । अध्ययन क्षेत्रमा शैक्षिक सामग्रीको अभावले विद्यालय छाड्न पर्ने या नपर्ने जानकारी तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ५.११: शैक्षिक सामग्रीको अभावले कहिलेकाही विद्यालय छाड्नु परेको**

| शैक्षिक सामग्रीको अभावले विद्यालय छाड्न | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| परेको छ | ७ | २०.०० |
| परेको छैन | २८ | ८०.०० |
| **जम्मा** | **३५** | १००.०० |

*स्रोत कार्यक्षेत्र अध्ययन, २०७१ ।*

तालिका ५.११ अनुसार मुस्लिम समुदायका छात्राहरूको अध्ययनको क्रममा कुल ३५ जना उत्तरदाता मध्ये शैक्षिक सामग्रीको कारणले विद्यालय नै छाड्नु परेको अवस्था दर्साउने ७ जना अर्थात (२०%) रहेको पाइयो भने बाँकीले स्कुल छाड्न नपरेको बताए । उक्त तथ्याङ्बाट के प्राप्त हुन्छ भने शिक्षाप्रति अभिभावकको बुझाइमा कमी, धार्मिकगत रुपमा धर्मले दिएका सबै मुल्यमान्यताहरूलाई मान्नै पर्दछ भन्ने पुरातन या रुढीवादी सोच लगायत आर्थिक एवम् गरिवताले पनि आफ्नो बालबालिकाको अध्ययनमा चाहिने सम्पूर्ण अध्ययन सामग्रीहरू उपलब्ध गराउन नसक्ने अवस्था सिर्जना हुन्छ ।

## ५.१.१२ ड्रेसको अलवा बुर्का लगाएर विद्यालय जानु

बुर्का भनेको मुस्लिम समुदायका महिलाहरूले धार्मिक परम्परा अनुसार लगाउने एक प्रकारको लामो, फराकिलो पछ्यौरी आकारको हुन्छ । कालो रङको पातलो जाली परेको उक्त ड्रेस सबै मुस्लिम महिलाहरूले लगाउँदा महिलाहरूमा एकरुपता आउने, धनी गरिबको भिन्नता नहुने पर पुरुषसँगको सम्बन्धमा कम हुने भन्ने उनीहरूको धार्मिक विश्वास पाइन्छ । यस सम्बन्धमा विद्यालयमा अध्ययनरत छात्राहरूमा स्कुलमा अध्ययनरत रहँदा विद्यालय ड्रेसको अलवा बुर्का लगाउने सम्बन्धमा लिइएको जानकारी सम्बन्धी तलको तालिकाबाट स्पष्ट हुन्छ ।

**तालिका ५.१२: बुर्का लगाउने सम्बन्धमा उत्तरदाताको धारणा**

| **वुर्का लगाउने/नलगाउने** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| लगाउँछु | २१ | ६०.०० |
| लगाउदिन | १४ | ४०.०० |
| **जम्मा** | **३५** | १००.०० |

*स्रोत कार्यक्षेत्र अध्ययन, २०७१ ।*

तालिका ५.१२ मा कुल अध्ययनरत छात्रा विद्यार्थीहरू मध्ये स्कुल पढाईमा बुर्का लगाएर नै जान्छु भन्नेको संख्या अत्यधिक २१ जना (६०%) रहेको पाइयो । लगाउँदिन भन्ने १४ जना अर्थात् (४०%) मात्र पाइयो । उक्त अध्ययनबाट प्राप्त हुन्छ कि विद्यालय सहभागितामा बुर्का लगाएर जाँदा मुस्लिम विद्यार्थीहरू मात्र अध्ययनरत नभई गैर मुस्लिम समेत हुने हुँदा विद्यालयको पहिचान एवम् प्रत्येक छात्र छात्राहरूमा एक रुपता आउन नसक्ने देखिन्छ । जसले गर्दा स्कुलको अनुशासनको दायरा भन्दा बाहिर गई विद्यालय आचारसंहितामा खलल पुग्ने देखिन्छ ।

## ५.१.१३ बुर्का लगाउँदा विद्यालय शिक्षामा असर

विद्यालयले तोकेको पहिरन भन्दा भिन्न पहिरन लगाउँदा भिन्न पहिरन लगाउने व्यक्तिको मनमा विभिन्न खुल्दुल्लीहरू पक्कै उत्पन्न हुन जान्छन् । गैर पहिरद गरी विद्यालय जाँदा विद्यालयीय आचारसंहिता भन्दा बाहिर हुने हुँदा अर्थात् विद्यालयको नियम विपरित हुने

हुँदा विद्यार्थीको मनमा उत्पन्न हुने भावहरू स्वभाविक हुन जान्छ । यसरी उनीहरूको अध्ययनमा कस्तो प्रभाव पर्छ भन्ने कुरा तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ५.१३: बुर्का लगाउने सम्बन्धमा उत्तरदाताको धारणा**

| **वुर्का लगाउनाले विद्यालयको पढाइमा असर** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| छ | १५ | ७१.४२ |
| छैन | ५ | २३.८२ |
| उत्तर नआएको | १ | ४.७६ |
| **जम्मा** | २१ | १००.०० |

*स्रोत कार्यक्षेत्र अध्ययन, २०७१ ।*

माथिको तालिका ५.१३ अनुसार बुर्का लगाई विद्यालय जान्छु भन्ने कुल उत्तरदाता २१ जना मध्ये धेरैजसो १५ जना (४७.६२%) उत्तरदाताले बुर्का लगाएर स्कुल जाँदा आफ्नो पढाईभा प्रभाव परेको जानकारी व्यक्त गरे भने ५ जना (२३.८२%) ले आफ्नो पढाईमा प्रभाव नआएको र जम्मा १ जना उत्तरदाताबाट यस सम्बन्धमा कुनैपनि प्रतिउत्तर नआएको पाइयो । अन्य साथीहरूको भन्दा भिन्न प्रकारको ड्रेस त्यसमा पनि टाउकोबाट खुट्टासम्म ढाकिनुले अल्पसंख्यक माथि बहुसंख्यकको दृष्टि पर्दा उनीहरूको हेराईले पनि बुर्का लगाउने छात्राहरूमाथि नकरात्मक असर पर्न जान्छ । यस्तो असरले उसको शिक्षण सिकाई क्रियाकलापका हरेक पक्षमा प्रतिकुल प्रभाव पर्न जान्छ जसको पुष्टि उक्त तालिकाबाट नै भएको पाइन्छ ।

**काजिमान हरिटिका उ.मा.वि.मा अध्ययनरत छात्रा रजिया बानु का अनुसार**

*मुस्लिम धर्मले महिलालाई पर्दा भन्दछ । पर्दा भनेको छेक्ने वस्तु हो मेरो विचारमा यसले त संसारलाई छेकेको छ । नारीलाई स्वतन्त्र हुनबाट छेकेको छ । अन्य धार्मिक सम्प्रदायका महिलाहरू पुरुष सरहको अधिकार र स्वतन्त्रता पाएका छन् र उनीहरूको पनि पुरुष सरह हरेक क्षेत्रमा संलग्नता छ जसले गर्दा देश विकास पनि चरम चुलीमा पुगेको छ । नेपालमा पनि अन्य सम्प्रदायका महिलाहरू पुरुषको जस्तै कपडाहरू लगाउने गर्छन् । मुस्लिम समुदायका छात्राहरूले विद्यालय जादा पनि वुर्का लगाएर जानुपर्छ । शिक्षा लिने सम्बन्धमा पनि यस्तो भेदभाव छ । विद्यालयमा साथीभाइ र शिक्षकहरूसँग ँबअभ तय ाबअभ गरिने क्रियाकलापहरू हुन्छ ती क्रियाकलापहरूमा पनि गाह्रो हुन्छ । अहिलेको शिक्षामा समूहकार्य,*

*भ्रमण, अवलोकन, बाल क्लब, रेडक्रस, स्काउट समिति आदीमा पनि भाग लिन अप्ठ्यारो छ । पर्दाले गर्दा वाहिरी संसार बुभ्न, पढ्न, लेख्न, विद्वान् बन्न र विश्वका कुरा जान्न छेकेको छ ।*

## ५.१.१४ बुर्का लगाउने छात्राहरूको पढाईको स्तर

शिवानी अलिमियाका अनुसार

*मुस्लिम समुदायमा धार्मिक शिक्षा सबैलाई अनिवार्य छ । विहान करिब २ घण्टा र बेलुका करिब २ घण्टा लगभग ४ घण्टा मस्जिदमा ध्यान गरेर विताउनुपर्छ । मस्जिदको धार्मिक शिक्षाले हामीलाई कुनै पेशा, रोजगार दिदैन । पेशा तथा जागिरकाले लागि औपचारिक शिक्षा नै चाहिन्छ । धार्मिक शिक्षा वन्धन मात्र हो । यसले हाम्रो औपचारिक शिक्षाको समय पुरै लिन्छ । विहान वेलुका औपचारिक शिक्षाको गृहकार्य साथै पढ्ने समयमा धार्मिक शिक्षाको लागि मस्जिदतिर दगुर्नुपर्छ । २१ औं शताब्दीमा नारी स्वतन्त्रता र स्वावलम्वनका कुराहरू आइरहेको वेलामा म जस्ता मुस्लिम नारीहरू पर्दाभित्र निसास्सिरहनु परेको छ । अन्य सम्प्रदायका छात्रारू खुला र हसिलो अनुहारका साथ आउँछन् भने हामी अनुहार ढाकेर विद्यालय जानुपर्छ । विद्यालयमा हुने अतिरिक्त क्रियाकलापहरूमा भाग लिन अप्ठ्यारो हुन्छ । अरु धेरै साथीहरू खुला अनुहार सहित स्कुलको ड्रेसमा आउँछन् भने हामी वुर्का लगाएर आउनु पर्दा आफुलाई हिनताबोध जस्तो भएको छ ।*

बुर्काको सम्बन्धमा मुस्लिम धर्मले महिला सम्बन्धी व्याख्या गर्दछः मानिसको जन्म एक पटक मात्र हुने हो । पटक पटक पुर्नजन्म हुँदैन । एक पटकमा पनि मुस्लिम महिलाहरूलाई जन्मदेखि मृत्युसम्म पर्दाभित्र नै जिउनुपर्छ । पर्दाभित्र मुस्लिम महिलालाई राख्न धार्मिक शोषण एवम् पुरुषप्रधान समाजको उपज हो । हाम्रो समुदायमा महिलाहरूप्रति धेरै शोषण छन् । विद्यालय भनेको एउटा सार्वजनिक स्थल हो । त्यहाँ हरेक समुदायका हरेक विचार भएका मानिसहरू आउँछन् । पर पुरुषले आखा लगाउँछन् भनेर अनुहार छोप्नुपर्छ भनी हाम्रो समुदायका पुरुषहरू हामीलाई बुर्का लगाउन बाध्य बनाएका छन् । घरमा पनि छोरीप्रति निकै निगरानी गरिने तर दाजुभाइहरूलको जस्ता स्वतन्त्र हामीलाई छैन । विद्यालयमा गरिने शैक्षिक भ्रमण, विविध अतिरिक्त क्रियाकलापहरूमा हामीलाई भाग लिने अनुमति छैन । आज संसारका महिलाहरू विकासको कति चरम शिखरमा पुगे कोहि अन्तरिक्षमा त कोही चन्द्रमा पुगिसके । कति प्रसिद्ध वैज्ञानिकहरू भएका छन् । तर हामी

जस्ता कैयौ मुस्लिम महिलाहरू पर्दाभित्र नै रुल्मलिइन बाध्य हुनुपरेको छ । आज विद्यालयमा छात्राहरूको पोशाकमा समानता छैन । मुस्लिम छात्रहरूले पूरा अङ्गहरू छोप्ने गरी पोशाक लगाउनुपर्छ । पोशाकले गर्दा हामी जस्ता छात्राहरूलाई मनोवैज्ञानिक असर परीरहको छ जसले गर्दा पढाई नै कमजोर भएको छ ।

## ५.२ धर्म एवम् संस्कृतिले विद्यालय सहभागितामा प्रभाव

### ५.२.१ धार्मिक शिक्षाले विद्यालय शिक्षामा प्रभाव

मुस्लिमहरूको धार्मिक कट्टरता, धार्मिक ग्रन्थमा व्याख्या अनुसार नै दैनिक जिवनमा अनसरणले गर्दा यस धर्ममा अरु धर्महरूको तुलनामा बढी मात्रामा महिलाहरूलाई उपेक्षित गरिएको छ । महिला पुरुष एकै रथका दुई पाङ्गा भनी आएता पनि यो समुदायमा त्यसो हुन सकिरहेको छैन । प्रथमत धर्मले नै महिलाई दवाईको त्यसमा पनि आर्थिक, सामाजिक लगायत विविध कारणले महिलाहरू पुरुषको तुलनामा बढी सक्रिय हुन नसकेको पाइन्छ । त्यसरी नै छात्राहरूको धार्मिक शिक्षाले पनि विद्यालय शिक्षामा ठुलो प्रभाव पार्ने निश्चित हुन जान्छ । जुनको यथार्थ विवरण तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ५:१४: धार्मिक शिक्षाले विद्यालय शिक्षामा पारेको प्रभाव**

| असर गरेको/नगरेको | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | २३ | ६५.७२ |
| छैन | १२ | ३४.२८ |
| **जम्मा** | **३५** | १००.०० |

*स्रोत कार्यक्षेत्र अध्ययन, २०७१ ।*

माथिको तालिका ५.१४ अनुसार कुल उत्तरदाता ३५ जना मध्ये धार्मिक शिक्षाले विद्यालयीय शिक्षामा प्रभाव पारेको छ भन्ने अध्यधिक २३ (६५.७२) रहेको पाइयो भने कम असर परेको छ अर्थात् विद्यालयीय शिक्षामा प्रभाव पारेको छैन भन्ने १२ जना (३४.२८) मात्र रहेको पाइयो । यस तथ्यबाट के पाउन सकिन्छ भने शिक्षा लिने सम्बन्धमा कुन शिक्षा कतिबेला लिने कस्तो समयमा कस्तो उमेरमा लिने भन्ने फरक हुन जान्छ ।

**धार्मिक शिक्षा सम्बन्धमा अध्ययन क्षेत्रका स्थानीय अभिभावक जायरानिसा भन्नुहुन्छः**

*हामीले धार्मिक शिक्षा अनिवार्य लिनुपर्छ । मैले पनि ५ वर्षदेखि धार्मिक र सरकारी शिक्षा शुरू गरे । सानै बच्चादेखि नै दुईतर्फको शिक्षा लिनु अति नै गाह्रो महसुस भयो । २ वर्ष त दुवै शिक्षा सँगै पढ्थे तर एकदिन स्कुलको गृहकार्य गर्दा सदरसाको गृहकार्य गर्न भ्याइन भोलिपल्ट त गुरुले वेस्करी पिट्नुभयो । म रुदै घरमा आएर वुवाआमासँग सबै कुरा बताए । मेरो घरमा तीन दाइहरू र ४ दिदीहरू थिए उनीहरूले पढाइ छोडेर बसीसकेका थिए । वुवा पनि सामान्य लेखपढ गर्नुहुन्थ्यो भने आमा निरक्षर हुनुहुन्थ्यो । पढाइको महत्त्व वताइदिने मेरो परिवारमा कोही पनि थिएनन् । परिवारको सल्लाह बमोजिम मैले पनि सरकारी स्कुल जान छाडेर धार्मिक शिक्षा लिन गए । गुरु कडा मिजासको भएकाले पछि ५/६ वर्षपछि धार्मिक शिक्षा पनि छाडेर घरमै बस्न थाले । मेरो परिवार गरीब पनि थियो विस्तारै घरको कामधन्दामा सहयोग गर्दै आइरहे । १५ वर्षको उमेरमा विहे भयो अहिले ३ छोरा र २ छोरी छन् । व्राह्मण क्षेत्री एवम् अरु समुदायमा छोरीलाई पहिला शिक्षा अनि आत्मनिर्भरता त्यसपछि वल्ल विहे हुन्छ तर मुस्लिम समुदायमा धनी घर, राम्रो केटा पाएपछि विवाह गरिदिने चलन छ । छोरीलाई आत्मनिर्णयको अधिकार र स्वावलम्वन बन्नुपर्छ भन्ने धारणा मुस्लिम समुदायमा पाइदैन ।*

**स्थानीय अभिभावक हासेदिन मियाका अनुसारः**

*प्रथम त हाम्रो मुस्लिम धर्ममा महिलाले शिक्षा लिनु हुँदैन भन्ने मान्यता रहदै आएको छ । धार्मिक शिक्षालाई भने अनिवार्य गरेको छ । धार्मिक शिक्षा लिएर त्यही धर्मले भने अनुसारको आचरणहरू गर्नुपर्दछ । मुस्लिम धर्म अनि आचरणले पालना गर्नु नै अल्लाहको सवैभन्दा ठूलो सेवा गर्नु हो ।*

*दोस्रो विद्यालयको शिक्षा लिएर पनि के गर्ने आखिर छोरीहरू अर्काको घरमा जाने र अर्काको परिवारलाई कसरी खुशी तुल्याउने हो त्यही नै उनीहरूको ठूलो धर्म हो । धनी परिवारमा दिएपछि गाडी हुन्छ, ऐस आराम हुन्छ । पढेर मात्र सम्पत्ति कमाउन सकिन्छ भन्ने छैन नि । हामीले हाम्रा छोरीहरूलाई थोरै पढाउने र साक्षर बनाउने मात्र उद्देश्य हुन्छ । छोरीहरूलाई विद्यालय लगायत अन्य क्रियाकलापहरूमा जान वन्देज छ । त्यस्ता*

*क्रियाकलापहरूमा जाने हो भने बिग्रने सम्भावना हुन्छ । छोरीहरूलाई बढी खुल्ला छाड्ने हो भने उनीहरू चलाख भएर विविध खालका मागहरू र अधिकारहरू खोज्ने गर्छन् जसले गर्दा हाम्रो परम्परादेखि नै चली आएको जुन पारिवारिक प्रणाली छ त्यसमा नै समस्या आउँछ । व्यक्तिहरूसँगको सम्पर्क बढी हुन जान्छ ।*

## ५.२.२ सांस्कृतिक प्रभाव

उचित किसिमको शिक्षा हासिल गर्नका लागि निरन्तर विद्यालयमा सहभागी हुन जरुरी हुन्छ । विद्यालय आउनका लागि छात्राहरूलाई धर्म सँस्कृतिले प्रभाव पारिरहेको हुन्छ । विद्यालय छाड्ने, नआउने कारणहरूमा मेला पर्व, बजार, विवाहसंस्कार, मृत्यु संस्कार आदि हुन् । यी कारणले छात्राहरूको विद्यालयको पढाई छुट्ने गर्दछ । धर्म साँस्कृति, विवाहसंस्कार, चाडपर्वको कारणले विद्यालय आउने र नआउने छात्राहरू विवरण यसप्रकार छ ।

**तालिका ५.१५ : सामाजिक/साँस्कृतिक संस्कारका कारण शिक्षामा प्रभाव**

| संस्कारहरू | आउने | | नआउने | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| चाडपर्व | ७ | २० | २८ | ८० |
| विवाह संस्कार | १० | २८.५७ | २५ | ७१.४२ |
| मृत्युसंस्कार | १२ | ३४.२८ | २३ | ६५.७१ |
| मेला बजार | ६ | १७.१४ | २९ | ८२.८५ |

*स्रोत: कार्यक्षेत्र अध्ययन, २०७१ ।*

माथिको तालिका ५.१५ अनुसार कुल ३५ जना उत्तरदाता छात्राहरू मध्ये मुस्लिमहरूको चाडपर्वहरू पर्दा विद्यालय जाने ७ जना अर्थात् (२०%) रहेको बाँकी (८०%) छात्राहरू स्कुल नै नआउने गरेको पाइयो । त्यस्तैगरी विवाह संस्कार, मृत्यु संस्कार र मेला बजारमा क्रमश विद्यालय उपस्थिति हुने छात्रहरू १०, १२, ६ जना (२८.५७, ३४.२८, १७.१४%) रहेको पाइयो भने अधिकांश छात्राहरू उपस्थित नरहेको पाइयो ।

**धार्मिक शिक्षा सम्बन्धमा वर्ष १५ का विद्यालयमा अध्ययनरत मरुदिन मियाका अनुसारः**

*मलाई ५ वर्षको उमेरबाट नै धार्मिक र सरकारी शिक्षा लिनको लागि मेरा बाबुआमाले भर्ना गर्नुभयो । बिहान सात बजेबाट ९ बजेसम्म धार्मिक शिक्षा र १० बजेबाट ४ बजेसम्म सरकारी स्कुलमा जान्छु । धार्मिक शिक्षातर्फ कायदा, आम्पार जस्ता शिक्षा हासिल गरे । सरकारी शिक्षामा १० कक्षामा पढ्दैछु । शिक्षकहरूले मलाई बारम्बार ९ र १० कक्षाको पढाई राम्रो भएन भने एस.एल.सी.पास गर्न गाऱ्हो हुन्छ भन्नुहुन्छ तर के गर्ने । धार्मिक शिक्षामा नगई सरकारी शिक्षामा मेरा बुबाआमाले पठाउनुहुन्न । सरकारी शिक्षाका पढाई पनि त्यति राम्रो छैन । फुर्सदको समयमा घरको काम पनि गर्नुपर्ने हुँदा स्कुलमा दिएको गृहकार्य गर्न पनि पाइदैन । घरको काम र धार्मिक शिक्षाले गर्दा स्कुलको पढाई राम्रो गर्न सकिरहेको छैन ।*

**मुस्लिम शिक्षा सम्बन्धमा मुख्य जानिफकारका अनुसारः**

*हाम्रो समुदायमा धार्मिक शिक्षा सबैलाई अनिवार्य छ । अध्ययन गर्छन् त्यसमा सक्रिय छन् तर आधुनिक शिक्षामा खासै रूचि देखाउदैनन् । पुरुषहरू पनि एक त पढ्न नजाने गएपनि बीचैमा छाड्ने, अल्छी छन् । पढाइप्रति झुकाव नै छैन । अर्थोपार्जनको उपाय वैदेशिक रोजगार र व्यापार हो । खाडी मुलुक बाहेक जापान, अष्ट्रेलिया, पोल्याण्ड, इङ्ल्याङण्ड आदि देशमा ग्रीनकार्ड प्राप्त गरेका करोडपति पनि छन् भने कतिपयलाई विहान वेलुका हातमुख जोर्न पनि समस्या छ ।*

*महिला शिक्षामा यो समुदाय अनउदार छ । एकातर्फ पुरुषहरूले बाहिर गई कमाएर ल्याउने हो । महिलाहरूले घरव्यवहार धान्ने, केटाकेटी, बुढाबुढी एवम् अन्य सदस्यहरूको रेखदेख, खानपिन, पालनपोषण, सुरक्षा गर्ने हो किन पढ्नुपऱ्यो भन्ने मानसिकताले समाजमा जरा गाडेको छ भने अर्कोतर्फ महिलाहरू आफैं शिक्षाले ज्ञान आर्जन गर्न सिकाउछ, स्वावलम्वी होइन्छ, कर्तव्य अधिकार जानिन्छ भन्ने कुरामा सचेत नहुनु हो । धनि महिलाहरू वावु वा श्रीमान्को कमाइमा मोजमस्ती एवम् विलासी जीवनप्रति आकर्षित हुनु, अर्कोतर्फ अविवाहितहरू १४/१५ वर्षमा छिटो विवाह गरी कस्मेटिक पसलहरू खोल्ने र श्रृङ्गार पटारका साथै फेसनमा रमाउनाले सूचना, सञ्चारप्रति जागरूक छैनन् भने शिक्षाप्रति क्रियाशिलता अध्ययनशीलता नै छैन । पुरुषहरूको बाहुल्यता भएकाले महिला पछाडि पर्नु*

*एकातर्फ छदैछ अर्कोतर्फ महिला आफैंलाई शिक्षाको महत्व नै थाहा नभएको खाने लाउने मोज मस्तीमा जीवन विताउने मानसिकताले पनि विद्यालय शिक्षामा प्रभाव परेको ।*

## ५.३ अभिभावकको बैवाहिक अवस्थाले छात्रछात्राको अध्ययनमा प्रभाव

पुरुष र महिलाको विवाह गर्ने सक्षम उमेर नेपाल सरकारले महिलाको १८ वर्ष र पुरुषको २५ वर्ष तोकिए पनि सामाजिक एवम् पारम्परिक रुपबाट चल्दै आए बमोजिम सो भन्दा अति कम उमेरमा  पनि विवाह गर्ने प्रचलन घट्दो दरमा पाइन्छ । त्यस्तैगरी मुश्लिम समुदायमा पनि कम उमेरमा नै बढी विवाह गर्ने प्रचलन रहेको छ । अध्ययनमा क्षेत्रमा उत्तरदाताको अभिभावकको विवाह गर्ने गरेको पाइन्छ । छात्राहरूको अभिभावकहरूले विवाह गरेको उमेर विवरण प्रकार रहेको छ ।

**तालिका ५.१६ : अभिभावको बैवाहिक उमेरले उत्तरदाताको शिक्षामा प्रभाव**

| उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| १४ देखि १६ वर्ष | १० | २८.५७ |
| १७ देखि १९ वर्ष | १५ | ४२.८५ |
| २० देखि २२ वर्ष | ६ | १७.१४ |
| २३ देखि २५ वर्ष | २ | ५.७१ |
| २६ र २६ भन्दा माथि | २ | ५.७१ |
| **जम्मा** | **३५** | **१००.००** |

*स्रोतः कार्यक्षेत्र अध्ययन, २०७१ ।*

यस अध्ययन अनुसार २८.५७ प्रतिशत अभिभावकले १६ वर्ष भित्र विवाह गरेको पाइयो । ४२.८५ % अभिभावकले १७ देखि १९ वर्षको उमेरमा विवाह गरेको पाइयो । त्यसैगरी २० देखि २२ वर्षमा विवाह भएका अभिभावकाहरूको प्रतिशत १७.१४ र २२ भन्दा माथि ५.७१ प्रतिशत अभिभावको विवाह भएको पाइयो । त्यस्तै गरी २६ र २६ वर्ष भन्दा माथि विवाह गर्ने अभिभावकको सङ्ख्या २ जना (५.७१%) पाइयो । उक्त तालिकाको अध्ययनबाट के स्पष्ट हुन्छ भने बाबुआमाको विवाहिक उमेर परिपक्व नहुँदै गर्नाले उनीहरू सन्तानोत्पादन पछि सन्तानका भावी भविष्यप्रतिको सोचाई, उनीहरूको सही किसिमको लालनपालन गर्नेको

निम्ति परिपक्व उमेरको तुलनामा अत्यन्त कमजोर हुने हुँदा त्यस्ता अपरिपक्व उमेर भएका दम्पत्तिका छोराछोरीहरू पनि जन्मिदै कमजोर हुने उचित स्याहार सुसार, खानपान, शिक्षादिक्षा कमजोर बन्न जादा अभिभावकको वैवाहिक उमेरले पनि बालबालिकाहरूमा प्रत्यक्ष प्रभाव पर्न जान्छ ।

## ५.४ घरयासी कामधन्दाले छात्राको पढाईमा प्रभाव

बच्चा जन्मलिएपछि उसको वृद्धि विकास सँगै उसले आफ्नो लिङ्गगत/बंशगत लक्षण र आफ्ना बाबुआमाको कार्यबाट देखाउँदै जान्छ । स्वभावत रुपमा ती साना बालबालिकाहरू आफुलाई छोराछोरीको पहिचान नहुँदा पनि छोराले बचनबाट नै बाबुले गर्ने क्रियाकलाप र छोरीले आमाले गर्ने क्रियाकलाप गर्दै आएको पाइन्छ । जुनको प्रभाव भनेको प्राकृतिक/ जिनगत रुपबाट नै आकस्मिक रुपमा बच्चापनमा देखा पर्दछ । झन् पारिवारिक रुपबाट आफ्ना छोराछोरीलाई विभेदपूर्ण रुपबाट कार्य तोकी काममा लगाउनाले झन् बालबालिकामा प्रत्यक्ष प्रभाव पर्न जान्छ । अन्य समुदायको तुलनामा मुस्लिम समुदायमा छोराछोरीले घर परिवारमा गर्ने कार्यमा बढी विभेद पाइन्छ । जुन तलको तालिकाबाट अझ स्पष्ट हुन जान्छ ।

**तालिका ५.१७ : मुश्लिम समुदायमा छोरा र छोरीले गर्ने कार्य**

| काम | छोरा (संख्या) | छोरी (संख्या) |
|---|---|---|
| घर सफा गर्ने | ५ | २५ |
| कपडा धुने | ५ | २० |
| भाडा सफा गर्ने | ४ | २० |
| व्यापार गर्ने | २० | १० |
| भात पकाउने | ४ | २० |
| अतिथि सत्कार गर्ने | ८ | २६ |
| **जम्मा** | **४६** | **१२१** |

*स्रोत: कार्यक्षेत्र अध्ययन, २०७१ ।*

माथिको तालिका ५.१७ अध्ययन क्षेत्रमा रहेका ३५ जना छात्र उत्तरदाताबाट लिएको उनीहरूको घरायसी कार्यको जानकारीमा घर सफा गर्ने, कपडा धुने, भाडा सफा गर्ने, व्यापार गर्ने, भात पकाउने, अतिथि सत्कार गर्ने कार्यमा छोराहरू क्रमशः ५,५,४, २०,४,८ रहेको र छोरीहरूमा क्रमशः २५, २०, २०, १०, २०, २६ रहको पाइयो । यसरी उक्त तथ्याङ्कबाट घरायसी कार्य (घर सफा गर्ने, कपडा धुने, भाडा सफा गर्ने, खाना पकाउने, व्यापार अतिथि सत्कार गर्ने आदि कार्यहरू)मा छात्राहरूनै बढी अग्रसर रहेको पाउन सकिन्छ ।

यस अध्ययनबाट पुतलिबजार नगरपालिका वडा नं. १, ४ र ५ का सामुदायिक विद्यालयहरूमा माध्यमिक तहमा अध्ययनरत मुस्लिम छात्राहरूले अध्ययनमा देखिएका समस्याहरूको स्थिति खिच्ने प्रयास गरिएको छ । अधिकांशले शिक्षा लगायत सम्पूर्ण पक्षमा दाजुभाइ र आफू विभेदमा रहेको तर्क प्रस्तुत गरे । अध्ययनका निम्ति आवश्यक सामग्री अवसर एवम् सुविधा प्राप्त नहुनाले अध्ययनलाई निरन्तरता दिन गाह्रो भएको गुनासो व्यक्त गरेका छन् । अध्ययनलाई अगाडि बढाउन गाह्रो हुनुका कारणहरूमा धर्म, आर्थिक अवस्था कमजोर, भाइवहिनी हेर्नुपर्ने, लैङ्गिक विभेद, धार्मिक कारणलाई देखाएका छन् । समग्र मुस्लिम समुदायमा नै शिक्षाप्रति सकारात्मक धारणा रहेको र आखिर पढेर पनि के हुन्छ छोरीले पढेर के नै गर्न सक्छन् र ? यिनीहरूलाई त धनी परिवार र राम्रो केटा खोजेर विहे गरिदिए वावुआमाको जिम्मेवारी पूरा हने कुरा व्यक्त गर्छन् ।

अधिकांश उत्तरदाताले घरमा दाजुभाइ र आफ्ना थुप्रै विभेदहरू हुनुका साथै पितृसत्तात्मक सामाजिक संरचना, पुरुष प्रधानता समाज देखियो । विद्यालयमा पनि मुस्लिम र गैह्र मुस्लिम बीचमा विभिन्न विभेदहरू छात्रवृत्ति लगायत मुस्लिम समुदायका छात्राछात्राहरूलाई शिक्षाप्रति आकर्षित गर्न त्यति पहलहरू गरेको पाइएन । अधिकांशले उत्तर दिदाको अवस्थाको अवलोकन गर्दा पिडित भएको पाइयो । शिक्षा दिने सवालमा पनि अधिकांश छात्रहरू महङ्गा प्राइभेट स्कुलहरूमा र छात्राहरू सामुदायिक विद्यालयहरूमा भर्ना गरेको पाइयो ।

महिलाहरूले उच्च शिक्षा आर्जन गरेमा महिलाहरू सचेत हुन्छन् । उनीहरूले आफ्नो समुदायमा महिलाहरूलाई सचेत बनाएर आफ्नो अधिकारहरू लिने प्रयास गर्छन् त्यो पुरुषलाई सह्य हुदैन । शिक्षित, सचेत, चेतनशील भए भने पुरुषलाई हेर्दैनन् । यिनीहरूलाई त पर्दाभित्र नै राख्नुपर्छ भन्ने पुरुषहरूको विचार छ । राष्ट्रको हरेक क्षेत्रमा समावेशीको कुरा

उठिरहेको र लागु हुँदै गइरहेको वर्तमान अवस्थामा संस्कृति र व्यवहारलाई त्यागेर मुस्लिम समुदायले पनि छात्रा शिक्षामा जोड दिने हो भने मात्र मुस्लिम समुदायमा नारीहरूको पहुँच राज्यका हरेक अङ्गहरूमा पुग्न सक्छ । यो समुदायका नारीहरूको अवस्था झनै पछाडि रहेकोले यी कुरालाई मनन् गर्नुपर्ने देखिन्छ ।

अध्यायः छ

# शिक्षा दिने सम्बन्धमा छोराछोरी वीचमा गरिने विभेद

शिक्षा लिनेदिने सम्बन्धमा हाल विश्वमा छोराछोरी बीच गरिने विभेदकारी नीतिलाई खारेजगरी चिरी समान रुपमा अगि बढ्नका लागि विभिन्न किसिमका कार्ययोजनाहरू हरेक राष्ट्र, धर्म, सम्प्रदायले गर्दै आएका छन् । यस्तै गरी मुस्लिम समुदायमा पनि पहिलाको तुलनामा केही न्यून भएतापनि हालसम्म पनि छोराछोरी बीच हुने विभेदका कारणहरू यस अध्यायमा प्रस्तुत गरिएको छ ।

## ६.१ छोराछोरी वीचमा गरिने विभेद

### ६.१.१ विद्यालय शिक्षणमा छात्र/छात्रा बीच गरिने विभेद

समयको परिवर्तन सँगसँगै विद्यालयीय शिक्षण विधिमा पनि परिवर्तनले ठूलो फड्को मारिसकेको छ । शिक्षण सिकाईको प्राचिन पद्धति गुरुकुल, शिक्षकद्वारा परामर्श हुँदै अहिले इन्टरनेट शिक्षण विधिको पनि प्रयोग गर्न थालिएको छ । तर अन्य समुदायको तुलनामा मुस्लिम समुदायमा जतिसुकै विकसित राष्ट्र भएतापनि सो राष्ट्रमा महिलाहरू पीडित नै भएको पाइन्छ । यस्तै गरी विद्यालय शिक्षणमा छात्रत्रछात्रा बिच विभेद सम्बन्धमा तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ६.१ : विद्यालय शिक्षणमा छात्रछात्रा बिच विभेद**

| विभेद | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | १३ | ३७.१४ |
| छैन | २१ | ६०.०० |
| उत्तर नआएको | १ | २.८६ |
| **जम्मा** | **३५** | १००.०० |

*स्रोतः कार्यक्षेत्र अध्ययन, २०७१ ।*

तालिका ६.१ अनुसार कुल ३५ जना उत्तरदाताहरू मध्ये विद्यालय शिक्षणमा छात्रछात्रा बीच विभेद छ भन्ने १३ जना (३७.१४%) रहेको पाइयो । भने विभेद छैन भन्ने २१ जना अर्थात् (६०%) रहेको पाइयो । १ जना उत्तरदाताबाट भने कुनैपनि प्रतिक्रिया नआएको पाइयो । उक्त अध्ययनबाट थाहा हुन्छ कि शिक्षण क्रियाकलापमा मुस्लिम समुदायमा पनि विस्तार विस्तार छात्र छात्रा बिच गरिने विभेदकारी भावना हट्दै गएको पाउन सकिन्छ ।

### ६.२.२ विभेद सम्बन्धी वैयक्तिक अध्ययन

**वर्ष ३७ का समाँमियाका अनुसार**

*म ३७ वर्षीय मुस्लिम महिला हुँ । हाम्रो घरपरिवार एवम् धर्ममा छोराछोरी बीचमा विविध भेदभावहरू हुने गर्दछन् । जन्मान्तरबाट नै छोरा जन्मदाखेरी निकै खुशी र छोरी जन्मिदा निकै दुःखी हुने गर्दछन् । छोरी जन्मिदा दुःख मान्नुको एउटा कारण हाम्रो समाजमा दाइजो प्रथा चरम स्थितिमा रहनु हो । छोरा जन्मियो भने सुत्केरी अवस्थाबाटै निकै स्याहार सुसार र पौष्टिक खानाहरू खान दिन्छन् भने छोरी जन्मिई भने पेटभरि खान पनि दिदैनन् । त्यस्तै गरी शिक्षा दिने कुरामा छोरालाई महङ्गो शुल्क तिरेर बोर्डिङमा पढाउने र छोरीलाई सरकारी स्कुलमा पढाउने र ७-८ कक्षा पढेपछि छुटाउने चलन छ । घरको कामधन्दा सबै छोरीले गर्नुपर्छ छोराहरू धार्मिक कार्यहरूमा जाने, व्यापार गर्ने, विदेश जाने, पैसा कमाउनेतिर लाग्ने गर्दछन् । छोराहरू वाहिर कतै जादा घरमा नसोधी गए पनि हुन्छ भने छोरीहरूले घरायसी काम लगायत सबै कुरामा अनुमति लिनुपर्दछ । पहिरनको सम्बन्धमा हाम्रो धर्मले महिलाहरूलाई कुनै पनि अङ्गहरू प्रदर्शन गर्न प्रतिवन्ध लगाएको छ । त्यसकारण शिरदेखि  पाउसम्म छोप्नुपर्ने कुरा धार्मिक शास्त्रमा रहेको छ । मेरो विचारमा छोरीको विहे १७ देखि  १८ वर्षमा र छोराको विहे २५ देखि २६ वर्षसम्म उचित हुन्छ जस्तो लाग्छ ।*

**व्यापारी मुस्लिम महिला वर्ष ३५ की लैलुननिशाका अनुसार**

*म ३५ वर्षिय लैलुननिशा पेशाले व्यापारी हुँ । मैले ५ कक्षा पास गरेकी छु । धार्मिक शिक्षा पनि अहिलेसम्म लिएकी छैन । मेरो विचारमा धार्मिक शिक्षा जहिलेसम्म लिएपनि हुन्छ । छोरा र छोरी बीचको भेदभाव मुस्लिम समुदायमा परिवारदेखि नै हुदै आएको हो ।*

*छोरीहरूलाई शिक्षा दिनु हाम्रो धर्ममा उचित मानिदैन । छोरीहरूले घरायसी सबै कार्यहरू गर्नुपर्दछ । छोराहरूले पढ्ने, टि.भि. हेर्ने, खेल्ने, मनोरञ्जन गर्ने, विविध धार्मिक सभाहरूमा जाने, मस्जिदमा गएर ध्यान गर्ने गर्नुपर्दछ । छोरीहरू अर्काको घरमा छिट्टै विहे गरेर जानुपर्छ त्यही हुनाले पढाउनु पर्दैन तर छोराहरूले वुवाआमा र आफ्नो जहान परिवारलाई पाल्नुपर्छ त्यही हुनाले उनीहरूलाई जागिर खाने र आफ्नो खुट्टामा उभिन सक्ने बनाउनुपर्छ किनभने छोरी विवाह पश्चात् अर्काको घरमा जान्छन् । छोराले हामीलाई पालनपोषण गर्नुपर्छ त्यसैले छोराहरूलाई राम्रो बनाउनु पर्दछ । मैरा २ छोरालाई प्राइभेट स्कुलमा र एक छोरीलाई सरकारी स्कुलमा पढाएकी छु । मैले छोरीलाई एक असल गृहिणी भएको हेर्न चाहन्छु ।*

**वर्ष १९ कि इमरान निशाका अनुसार**

*म १९ वर्षीय विवाहित महिला हुँ । मैले कृषि पेशा अगालेकी छु । मेरो श्रीमान् २२ वर्षको हुनुहुन्छ उहाँ वैदेशिक रोजगारीमा हुनुहुन्छ । मैले कुनै औपचारिक शिक्षा लिएकी छैन । माइतीमा छदा धेरै भाइबहिनीहरू भएको हुँदा उनीहरूको हेरचाह गर्नुपरेकोले शिक्षा लिन सकिन । हाम्रो धर्म अनुसार छोरीलाई पढाउनु हुँदैन भन्ने मान्यता अझैं छ । म मुनिका २ ओटा भाईहरू अहिले बोर्डिङ् स्कुलमा कक्षा ९ र १० मा पढ्दछन् । उनीहरूको शिक्षामा परिवारले ठूलो खर्च गरेको छ मलाई भने १५ वर्षको उमेरमै बिहे गरिदिनुभयो । माइतीमा हुँदा पनि घरमा खाना पकाउने, घर सफा गर्ने, कपडा धुने, घासपात ल्याउने, गाईवस्तु चराउने गर्नुपर्थ्यो । अब त झन् अर्काको घरमा बुहारी भएर आएपछि घरको सम्पूर्ण काम, बालबच्चाको हेरचाह, मेलापात जस्ता कामहरू गर्नुपर्दछ । मैले त छोरी भएर पढ्न नपाएर आज यो दुःख गर्नुपरेको छ तर मेरा छोराछोरीलाई भने भविष्यमा धेरै पढाउने र आफ्नो खुट्टामा उभिन सक्ने बनाउने मेरो लक्ष्य छ । मुस्लिम महिलाहरू शिक्षाको कमिले गर्दा नै कुनै पनि काम गर्ने आट गर्न सकिरहेका छैनन् । महिलाहरूमा शिक्षा र आत्मनिर्भरताको कमिले गर्दा पुरुषबाट पीडित र घृणित भएका छौं ।*

**वर्ष ४५ का महमद नासिरका अनुसार**

*म ४५ वर्षीय एक मुस्लिम पुरुष हो । मेरो नाम महमद नासिर मिया हो । मैले ५ वर्षको*

*उमेरदेखि धार्मिक र सरकारी दुवै शिक्षा शुरू गरे । धार्मिक शिक्षातर्फ कायदा, अम्पार र कुरान सरिफसम्म शिक्षा आर्जन र सरकारी शिक्षा ९ कक्षा पास गरे । धार्मिक शिक्षा मदरसाबाट र आधुनिक शिक्षा सरकारी स्कुलबाट प्राप्त गरे । मेरो मुख्य पेशा व्यापार हो । मेरो परिवार श्रीमती र दुई छोराछोरी गरी ४ जनाको छ । छोरा पनि २० वर्षको भयो उसले कक्षा १२ पास गरेर व्यापार शुरू गरेको छ । छोराले बोर्डिङ् स्कुलबाट प्रथम श्रेणीमा एस.एल.सी.पास गरेको हो । उसले कक्षा १२ सम्म नै प्राइभेट स्कुलमा पढ्यो । मेरो आधार नै त्यही छोरा हो पछि गएर पालनपोषण गर्ने र हाम्रो संस्कारजन्य कार्यहरू पनि उसले नै गर्नुपर्छ । छोराको दिनहरू व्यस्त छन् घरको काम गर्नका लागि उसलाई फुर्सद हुँदैन । उसले समय समयमा हुने धार्मिक सभाहरूमा जाने, मस्जिदमा प्रार्थना गर्न जाने, गाउँटोल छरछिमेकमा हुने विविध सभा समारोहहरूमा मसँगै लैजान्छु किनभने म पछि सम्पूर्ण जिम्मेवारीहरू उसैले पूरा गर्नुपर्दछ ।*

*छोरी अहिले कक्षा ९ मा पढ्दैछिन् । उनलाई यही गाउँको सरकारी विद्यालयमा भर्ना गरिदिएको छु । मुस्लिम धर्मले छोरी पढेर शिक्षित हुने, चलाख भएर छुद्र खालको व्यवहार गर्न निशेध गर्छ । मुस्लिम धर्मले महिलाहरू सधैँ पुरुषको सेवक हुनुपर्छ भनेको छ । छोरीहरूले पढेर मुस्लिम समुदायमा ठूलै उपलब्धी होला जस्तो लाग्दैन । फेरी छोरीहरूको बिहे १५-१६ वर्षमा नै गरिदिनुपर्छ । छोरा र म व्यापारमा व्यस्त हुनुपर्दा घरको सम्पूर्ण कामहरू छोरीले नै गर्नुपर्दछ । बिहान बेलुका त्यही १/२ घण्टा पाउछिन् । छोरीलाई धेरैमा एस.एल.सी. पास सम्म गराउने इच्छा छ ।*

**अलिमहमद मिया वर्ष ४१ का अनुसार**

*मेरो नाम अलीमहमद मिया हो । म ४१ वर्षको भए । मैले ४ वर्षदेखि ७ वर्षसम्म धार्मिक शिक्षा लिए । धार्मिक शिक्षा मदरसाबाट र आधारभूत शिक्षा त्यही गाउँको विद्यालयबाट लिए । एस.एल्.सी.पास त्यही गाउँको सरकारी विद्यालयबाट गरे । आई.ए. र वि.ए. पृथ्वीनारायण क्याम्पस पोखराबाट गरेर अहिले यही गाउँको सरकारी विद्यालयमा शिक्षक पदमा कार्यरत छु ।*

*मेरो परिवारले सामान्य खालको कृषि पेशा अपनाएको थियो । वुवा पनि एउटा कृषक नै*

*हुनुहुन्थ्यो । खेतीपातीबाट वर्षभरीलाई खान पनि पुग्दैनथ्यो । मेरो परिवारमा बुवाआमा हामी दुई दाजुभाइ र ५ वटा दिदीबहिनीहरू थियौं । मुस्लिम धर्मप्रतिको कट्टरताले गर्दा मेरो परिवारमा पनि महिला पुरुषमा भेदभाव थियो । ग्रामिण क्षेत्र भएकोले हामी पशुपालन पनि गर्‍थ्यौं । खेतीपाती गर्ने, घास काट्ने, दुध दुहिने, गोवर फाल्ने, पानी बोक्ने, पशु चराउने, पर्म मेलापात पनि आमा र दिदीबहिनीहरूले गर्दथे । हामी २ दाजुभाई मिलेर स्कुल जान्थ्यौं । विचरा एउटै वुवाआमाको सन्तानहरू ती दिदीबहिनीहरू मेलापात पर्म जान्थे । वुवा भलाद्मी भएर गाउँका सभा बैठकहरू, धार्मिक संस्थाहरू, मस्जिदमा जानुहुन्थ्यो भने आमाले घरको सम्पूर्ण धन्दाहरू गर्नुहुन्थ्यो । मैले एकदिन वुवालाई सोधेः वुवा हामी दुई दाजुभाई स्कुल जाने तर दिदीबहिनीहरू किन नजाने ? वुवाले सिधै उत्तर दिनुभयो हाम्रो धर्ममा महिलाहरूले पढ्नु हुँदैन भनेर भनेको छ । अर्कातिर दिदीबहिनीहरूलाई घरमा खानपानमा समेत विभेद थियो । आज आएर मेरो समाजमा मुस्लिम छोरीहरू प्रति निकै विभेद छ । एस.एल.सी. पास गर्ने अति कमी छन् । हाम्रो धर्म निकै कट्टर छ । दिनभरी केही नखाई थुक समेत ननिलिकन बस्नुपर्ने व्रतहरू छन् । भोको पेटमा मुस्लिम बच्चाहरू पढन सक्छन् र ? अर्कोतर्फ मस्जिदमा विहान दिनमा साझमा गरी पटक पटक जानुपर्ने हुँदा विद्यार्थीहरूको पढाइमा निकै असर परेको छ ।*

**कक्षा ९ मा अध्ययनरत छात्रा जुममरुन मियाँका अनुसार**

*एउटा मुस्लिम छात्रा हुँ । मेरो परिवारमा वुवाआमा, २ जना दाजुभाई र २ जना दिदीहरू हुनुहुन्छ । म यही गाउँको सामुदायिक विद्यालयमा पढ्छु । २ जना दाजुहरू यही पुतलीबजारको रोसनी बोर्डिङ्बाट एस.एल.सी. पास गरेर अहिले एउटा १२ मा कमर्स र अर्को दाजु वि.एस.सी. प्रथम वर्षमा काठमाडौंमा पढ्नुहुन्छ । दिदीहरू त्यहीबाट ९-१० कक्षा पास गरेर विहे गरेर आ-आफ्नो घरमा हुनुहुन्छ । घरमा पनि दाजुहरूले पढ्ने समय प्रशस्तै पाउनुहुन्थ्यो त्यसैले धेरै नै पढ्दै हुनुहुन्छ भने दिदीहरू र मैले घरको काम, मेलापात जाने, गाईवस्तु हेर्नुपर्ने, लुगा कपडा धुने, सरसफाइ गर्नुपर्छ त्यसैले पढ्ने समय त्यति मिल्दैन । हामीहरूको धेरै चाडपर्व र धार्मिक संस्कारहरू छन् । ती कार्यहरूमा सम्पूर्ण धन्दा महिलाहरूले गर्नुपर्छ । ती धार्मिक कार्यहरू, विवाह, भोजभतेर छ भने विद्यालय नै नगइकन वस्नुपर्छ जसले गर्दा पढाइमा निकै असर परेको छ । मेरो पढाइप्रति म आफैं*

*सन्तुष्ट छैन । विद्यालयमा गरिने अतिरिक्त क्रियाकलाप र शैक्षिक भ्रमणमा भाग लिन पनि घरबाट अनुमति पाइदैन । साथीभाइसँग कतै घुम्न जान, मनोरञ्जन गर्न पनि मनाही छ । मुस्लिम धर्ममा महिलाहरू माथि यस्ता थुप्रै खालका विभेदहरू भएको पाइन्छ । आवाज उठाउने र विभिन्न अधिकारहरू खोज्ने शिक्षित भएपछि हो । मुस्लिम महिलाहरू शिक्षितको सङ्ख्या अति नै कमी छ ।*

**मुस्लिम छात्रछात्रा पढ्ने श्री सरस्वति माध्यमिक विद्यालयका प्रधानाध्यापक (खिमलाल पोखेल)का अनुसार**

*यस सरस्वती माध्यमिक विद्यालयमा २१ वर्षबाट प्रधानाध्यापकमा रही अध्यापनरत छु । मुस्लिम समुदायका विद्यार्थीहरूले शिक्षाप्रति चासो दिदैनन् । छोरीहरू घर सफा गर्ने, गाई वस्तुलाई घासपात ल्याउने, मेलापात जाने, खाना पकाउने आदि कामहरू गर्छन् भने छोराहरू स्वतन्त्र छन् । केही काम गर्नुपर्दैन । पढाइप्रति छोराहरूको पनि त्यति धेरै आकर्षण त पाइदैन तर छोरीहरूको तुलनामा छोराहरूको पढाइप्रति आमावावु र परिवारको चासो बढी छ । धेरैजसो छोरीहरू सामुदायिक विद्यालयमा पढ्छन् भने छोराहरूलाई बोर्डिङ् स्कुलमा पढाएका छन् । यसरी एउटै आमाको बच्चाहरूमा शिक्षा दिने सम्बन्धमा विभेद छ । कतिपय मुस्लिम विद्यार्थीहरूले शैक्षिक सामग्री पनि नलिइकन विद्यालय आउथे । पहिला पहिला विद्यालयमा पढ्न आउन पनि हिचकिचाउथे । म प्रत्येक घर घरमा गएर तपाइका छोराछोरीहरू विद्यालय पठाइदिनुहोस् भनी आग्रह गर्थे । गरिबीको कारणले होला धेरै बच्चाहरू भएर स्कुल पठाउन सक्दैनथे ।*

*मुस्लिम धर्ममा चार विवाह गर्ने नियम र कानुन रहेछ । तलाकपछि विवाह विच्छेद हुने हुँदा महिलाको स्थिति कमजोर देखिन्छ । यही कमजोरीका कारणले गर्दा बालबच्चाहरू विद्यालय आउन सकिरहेका छैनन् । यिनीहरूको धार्मिक कट्टरताले गर्दा पनि पढाइमा असर परेको छ किनभने यिनीहरूको चाडपर्वमा दिनभरी भोकै बस्नुपर्ने हुँदा भोको बच्चाले त पढ्न सक्दैनन् । यिनीहरूको विवाह, चाडपर्व तथा विविध संस्कारजन्य कार्यहरू हुँदा सम्पूर्ण कामहरू गर्नुपर्ने छोरीहरूले रहेछ । त्यसैले यिनीहरू कहिलेकाही विद्यालय नआउने त*

*कहिलेकाही बीच समयमै विदा मागेर जाने गर्छन् जसले गर्दा उनीहरूको पढाइ कमजोर भइरहेको छ । यिनीहरू औपचारिक शिक्षालाई भन्दा धार्मिक शिक्षालाई बढी समय दिएको मैले पाएको छु । किनभने उनीहरूको धर्म कट्टर छ । कट्टर भन्नु नै कडा हो । उनीहरूलाई मस्जिदमा पढाउने गुरुहरू निकै कडा स्वभावका हुँदा रहेछन् यदि बच्चाहरूले मस्जिदमा दिएको गृहकार्य पूरा गरेनन् भने तिनलाई ठूलो सजाय छ । त्यसैले यताको गृहकार्यभन्दा मस्जिदतिरको गृहकार्यलाई बढी ध्यान दिन्छन् जसले गर्दा पढाइको स्तर कमजोर छ ।*

**मुस्लिम समुदाय नजिक बसोबास गर्नुभएका श्री त्रिभुवन आदर्श क्याम्पसका प्र.अ. जीवनलाल शर्माका अनुसार**

*प्रा.वि. र नि.मा.वि. तहसम्म त मुस्लिम समुदायका छात्राहरूको सङ्ख्या राम्रै हुन्छ जव माध्यमिक तहतिर उकालो लाग्छन् त्यसपछि तिनीहरूको सङ्ख्या ह्वात्तै घट्छ यो अनुभव मेरो १५/२० वर्ष देखिको हो । पहिला पहिला त छोरीहरूलाई पढाउने सम्बन्धमा निकै गाह्रो थियो । छोराहरूले पनि पढाइप्रति त्यति चासो दिदैनथे । धेरै सन्तानहरू भएकोले पालनपोषण गर्न पनि गाह्रो हुन्थ्यो । जसले गर्दा छोरीहरूलाई छिटो विहे गरिदिने वा व्यापारमा लगाइदिने । व्यापार भन्नाले यिनीहरू चुरा बेच्न गाउँ गाउँमा पुग्थे । अहिले आएर परिवारका सदस्यहरू कोही विदेश जान थाले । समय परिस्थितिले गर्दा विविध ठाउँमा विहे गरेर आउने जाने क्रमले गर्दा पढाइप्रति पहिलेभन्दा अहिले केही बढे जस्तो छ । माध्यमिक तहमा त अझैं न्यून देखिन्छ ।*

*यिनीहरूको परिवारमा छोरा र छोरीप्रति गरिने विभेदले गर्दा पनि छोरीहरूलाई शिक्षा लिन गाह्रो भइरहेको छ । छोरीहरूले घरको सम्पूर्ण कामहरू सिध्याएर मात्र विद्यालय आउछन् । मुस्लिम धर्ममा नियम र कानुन कडा भएकोले यिनीहरूको मानसिक असर परेको छ । छोराहरूमा पनि पढ्ने धारणाको विकास त्यति भएको छैन । वैदेशिक रोजगारीबाट आएको केही पैसाले शिक्षामा पनि चेतना आएको छ । छोराछोरी पढाउनुपर्छ भन्ने विचारले धेरैले छोरालाई प्राइभेट स्कुलमा र छोरीलाई सामुदायिक स्कुलमा पढ्न पठाउछन् ।*

सामुदायिक विद्यालयका मा.वि. तहमा अध्ययनरत मुस्लिम छात्राहरूको विद्यालय उपस्थित सम्बन्धी गरिएको अध्ययनमा संयुक्त परिवारमा भन्दा अधिकतम मात्रामा एकल पारिवार रहेको, अधिकांश गृहिणी भएतापनि केही व्यापारी, नोकरी र मजदुरमा समेत संलग्न रहेको पाइयो । आर्थिक स्थितिको सवल देखिएतापनि टिनले छाएका कच्चि घर एवम् जग्गाजमिन कम पाइयो । विद्यालयमा उपस्थित मुस्लिम छात्राहरू आफ्ना धार्मिक कार्यहरू एवम् आकस्मिक भैपरी आउने अवस्था बाहेक विद्यालय नछाड्ने तथ्य पाइएपनि पढाईको स्तर अत्यन्त नाजुग, प्रा.वि., नि.मा.वि.को तुलनामा मा.वि.तहमा विद्यालय छाड्ने प्रवृद्धि उच्च रहेको पाइयो । धार्मिक, साँस्कृतिक मुल्य मान्यता देखाई छोरा र छोरीमा अध्यधिक रुपमा भेद रहेको, छोराहरू स्वतन्त्र भएपनि पढाईको स्तर सामान्य रहेको, घरायसी सम्पूर्ण कार्यहरू गर्नुपर्ने, साँस्कृतिक प्रचलन, धार्मिक शिक्षा लगायत बुर्का लगाउने परम्पराले छोरीहरूको पढाईप्रति प्रत्यक्ष रुपमा मानसिक एवम् नकरात्मक असर परेको पाइयो ।

# अध्यय : सात

# **सारांश प्राप्ती र निष्कर्ष**

## ७.१ **सारांश**

नेपाल विकासोन्मुख राष्ट्र हो । नेपालमा आर्थिक विकास तिव्र गतीमा हुन सकिरहेको छैन देश विकासशको लागी आर्थिक, शैक्षिक क्षेत्रमा विकास हुनु अती जरुरी छ । हाल नेपालमा ३१ प्रतिशत जनता अझै पनि गरीवीको रेखामुनी वाँचीरहेका छन् । आर्थिक पक्षले शैक्षिक पक्षमा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । आर्थिक पक्ष वलियो भए शैक्षिक पक्ष बलियो हुन्छ शैक्षिक स्तर वृद्धि गर्ने र साक्षरता दरलाई सतप्रतिशत बनाउनका लागी राष्ट्रिय रुपमा बजेटको १८ प्रतिशत भाग लगानी गरिएको नेपालले सन् २०१५ सम्ममा निरक्षर पूर्णरुपमा उन्मुलन गर्ने कुरा अन्तराष्ट्रिय मध्यमहरूमा हस्ताक्षर गर्दै आएको छ त्यसका साथै विभिन्न एन.जि.ओ, आई एन जि.ओ लगायत अन्तराष्ट्रिय विभिन्न संस्थाहरूले नेपालको शैक्षिक विकाशमा ठूलो लगानी गरीरहेका छन । नेपालको जनगणना २०६८ अनुसार जम्मा ५६.९० प्रतिशत जनताहरू साक्षर छन् जसमा पुरुष ५७.४० प्रतिशत र महिला ४२.६० प्रतिशत

मात्र साक्षर छन । नेपालको सरकारी विद्यालयहरूको संख्यात्मक रुपमा बृद्धि भएपनि गुणस्तर भने दिनहुँ खस्कदो अवस्थामा छ । नेपालको निजी विद्यालयहरूको तुलनमा सामुदायिक विद्यालयहरूमा शैक्षिक स्तर वृद्धि हुन सकिरहेको छैन । यो एउटा अध्ययनको विषय बनेको छ ।

प्रस्तुत अध्ययन नेपाल अधिराज्यका विभिन्न क्षेत्रमा छरिएर रहेका मुस्लिमहरूको सामाजिक, आर्थिक सास्कृतिक र राजनैतिक एवम् शैक्षिक अवस्थालाई मध्यनजर गरी पुतलीबजार नगरपालिकाका वडा नं. ४, ५ र ९ अर्न्तगत पर्ने त्रिभवन आर्दश उ.मा.वि., सरस्वती मा.वि. र काजीमान हरिटिका विद्यालयमा अध्ययनरत मुस्लिम छात्राहरूमा धर्म र संस्कृतिले उनीहरूको विद्यालय सहभागीतामा पारेको प्रभाव शीर्षकमा मुश्लिम छात्राहरूले विद्यालय शिक्षा पुरा गर्न नसक्नुका कारणहरू के के छन्? मुश्लिम छात्राहरूले विद्यालयका शैक्षिक एवम् साँस्कृतिक कार्यहरूमा भाग लिन किन चाहँदैनन् ? विद्यालय सहभागितामा धर्म र संस्कृतिले कस्तो प्रभाव पारेको छ ? शिक्षा दिने सम्बन्धमा छोरा र छोरी बीचमा कस्तो भिन्नता रहेको छ ? जस्ता समस्याहरूको समाधानको निमिक्त शिक्षा दिने सम्बन्धमा छोरा र छोरी बीच विभेद सम्बन्धी प्रमुख उद्देश्य लिई अध्ययन गरिएको छ । लैङ्गिक सिद्धान्तमा आधारित रहि गरिएको यस अध्ययन स्याङ्जा जिल्ला पुतली बजार न.पा. अर्न्तगत वडा नं. ४, ५ र ९ अर्न्तगत पर्ने सामुदायिक विद्यालयका माध्यमिक तहमा अध्ययनरत मुस्लिम छात्राहरू, विद्यालयका प्र.अ. र अभिभावकहरूसँग मात्र केन्द्रित रहेको छ । अध्ययनको उद्देश्य अनुरुप अध्ययनरत मुस्लिम छात्राहरूको पारिवारिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाबारे विवरण लिन वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ भने शैक्षिक अवस्था पत्ता लगाउन लैङ्गिक अवस्था विश्लेषण गर्न र महिलालाई शिक्षा आर्जन गर्नमा देखिएका अवरोधका कारणहरू खोज्न अन्वेषणात्मक ढाँचा प्रयोग गरीएको अध्ययनमा पुतलीबजार नगरपालिकाका सम्बन्धित वडामा पर्ने सामुदायिक विद्यालयका मा.वि.तहमा अध्ययनरत ३५ जना मुश्लिम छात्राहरूको उद्देश्यमुलक नमुना छनोट विधि प्रयोग गरी गरिएको अध्ययनमा मुख्य रुपमा प्राथमिक तथ्याङ्क र गौण रुपमा द्वितीय तथ्याङ्कको प्रयोग गरी अन्तरवार्ता अनुसूचि, मुख्य जानकार व्यक्तिसँग छलफल, वैयक्तिक अध्ययन जस्ता महत्वपूर्ण विधि प्रयोग गरिएको छ । यसरी प्राप्त कोरा तथ्याङ्कलाई प्रस्तुतीकरण, तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

**मुख्य प्राप्तिहरू**

- अध्ययन क्षेत्रमा उत्तरदाताको पारिवारिक विवरण अन्तर्गत एकल परिवारमा बसोबास गर्नेको संख्या बढी २४ अर्थात् ६८.५७ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताको बाबुआमाको पेशामा गृहणी हुने ३५ जना नै पाइयो भने नोकरी, व्यापार, मजदुरमा क्रमशः १९, १४, ७ (२५.३३, १८.६६, ९.३३%) रहेको पाइयो ।
- कुल ३५ जना उत्तरदाता मध्ये परिवारको आर्थिक अवस्था राम्रै बताउने अध्यधिक धेरै २३ जना (६५.७१%) रहेको पाइयो भने न्यून अवस्था बताउने ७ जना (२०%) र सार्‍है राम्रो बताउने १४.२८ प्रतिशत रहेको यसमा आफ्नै घरको स्वामित्व रहेको २९ जना (८२.८५%), भाडा तिरेर अर्काको घरमा बस्ने ६ (१७.१५%) मात्र पाइयो ।
- धेरैजसो उत्तरदाताको कच्चि घर २२ वटा (६२.८५%) टिनले छाएका पाइयो भने पक्कि घरमा १३ वटा (३७.१४%) रहेको पाइयो ।
- उत्तरदाताको आमाले बुर्का लगाउनेमा २१ जना अर्थात ६० प्रतिशत ले विशेष चाडपर्व, विवाहमा लगाउछौं भन्ने जानकारी पाइयो र १४ जना अर्थात् ४० प्रतिशत उत्तरदाताले नलगाउने जानकारी पाइयो । महिलाहरूले बुर्का लगाउँदा सबै एकै नास भई आर्थिकता, धार्मिकताको हिसामावमा कोही फरक नहुने र बाहिरी परपुरुषहरूबाट नजर नहुने हुँदा हत्या, हिंसा, बलात्कार जस्ता घटनाहरू नहुने बताएको पाइयो ।

**धर्म र संस्कृतिले माध्यमिक तहमा अध्ययनरत छात्राहरूको विद्यालय सहभागितामा प्रभाव**

- कुल उत्तरदाता ३५ जना मध्ये घरमा पढ्ने अवसर अध्यधिक धेरै (८५.७१%) ले बताए पनि कूल उत्त्तरदाता मध्ये अधिक १८ जनाले पढाईमा न्यून समय दिएकोले उनीहरूको पढाइप्रति कम रुचि रहेको पाइयो । प्राय उनीहरू घरायसी काममा नै बढी संलग्न रहेको महिलाको पढाई प्रति कम प्राथमिकता दिएको पाइयो ।
- विद्यालय उपस्थिति सम्बन्धमा अकस्मात् बिरामी पर्दा बाहेक विद्यालय छाड्दिन भन्नेको संख्या अधिक (५१.५२%) रहेको पाइयो । विद्यालय खुल्दाको समय उपस्थित भएकी छु भन्नुमा ३१.४२ प्रतिशत रहेकाले विद्यालय उपस्थित हुने अधिक रहेको धार्मिक शिक्षा र घरायसी कामपर्दा विद्यालय जान्न भन्ने २२.८६ प्रतिशत रहेको पाइयो ।

- उत्तरदाताको विषयगत रुचिलाई हेर्दा नेपाली भाषा मन पराउने अधिक (३४.२८%) रहेको पाइयो भने अंग्रेजी, विज्ञान, गणित पढ्न मनपराउने न्यून रहेको जसले गर्दा एस.एल.सी.मा उक्त विषय नै लागेर पढाई छाडी कोही आमाबाबुको पेसा अगाल्ने कोही विवाह गरी पठाइदिने गरेको पाइयो । तर दाजुभाईहरूलाई भने निजी स्कुलमा राखी पढाएको अध्यधिक (७४.१९%), दिदी बहिनीहरूलाई भने सरकारी स्कुलमा नै अध्यधिक (६९.९६%) रहेको पाइयो ।
- घरमा गृह कार्य अभिभावक आफैबसी अभिप्रेरित गर्ने अत्यन्त कम (२०%) रहेको, छात्राहरूको पढाईमा अभिभावकले खासै महत्व नदिएको, विद्यालको गृहकार्य नगरी शिक्षक शिक्षीकाले हप्काउँदा स्कुल छोडी बसेको पाइयो ।
- धार्मिक शिक्षा सम्बन्धमा अध्ययन क्षेत्रका सबै उत्तरदाताले अध्ययन गरेको पाइयो । मुस्लिमहरूको धर्मप्रतिको कट्टरताले गर्दा पहिलो प्राथमिकता नै धार्मिक शिक्षालाई दिएको पाइयो ।
- आफ्नो धर्ममा विचलन आउँछ भनी आफ्ना सन्तानहरूलाई स्कुलका अन्य अतिरिक्त क्रियाकलापमा अनुमति नदिने गरेको पाइयो । अध्ययन क्षेत्रमा कुल ३५ जना उत्तरदाता मध्ये अतिरिरिक्त क्रियाकलापमा भाग लिने जम्मा ४० प्रतिशत मात्र रहेको पाइयो ।
- उत्तरदाता छात्राहरूलाई आवश्यक शैक्षिक सामग्री उपलब्ध नभएका कारण कहिलेकाही स्कुल जान नसकेको गुनासो व्यक्त गर्ने २० प्रतिशत रहेको पाइयो ।
- विद्यालयमा ड्रेसको अलवा बुर्का लगाएर जाँदा कक्षामा सबै मुस्लिम छात्र छात्राहरू मात्र नहुने हुँदा र उनीहरूको संलग्नता न्यून हुने हुँदा बुर्का लगाइ जाने छात्राहरू आफ्नो पढाईमा असर परेको छ  भन्ने बताउने ७१.४२ प्रतिशत रहेको पाइयो भने पढाईमा खासै केही भएको छैन भन्ने न्यून २३.८२ प्रतिशत मात्र रहेको पाइयो । धेरैजसोको धारणामा बुर्का लगाई विद्यालयमा जाँदा अन्य अतिरिक्त कार्यहरू जस्तो शैक्षिक भ्रमण, अवलोकन, विभिन्न बाल क्लव, रेडक्रस, स्काउट आदिमा भाग लिन अफठ्यारो भई बाहिरी संसार बुझ्न पढ्न लेख्न विश्वका अन्य कुराहरू जान्न अप्ठेरो महसुस गरेको पाइयो ।
- धार्मिक शिक्षाले विद्यालय शिक्षामा प्रभाव पारेको छ भन्ने उत्तरदाता ६५.७२ प्रतिशत रहेको पाइयो । मुस्लिमहरू पहिला धार्मिक शिक्षा दिएर मात्र विद्यालय शिक्षा हासिल गर्ने हुँदा धार्मिक पाठशालामा जाँदा कहिलेकाही ढिला भएर, खाना खाने समय नमिलेर

घरायसी कार्यगर्नुपर्ने भएर विद्यालय शिक्षा छोड्ने गरेको पाइयो तर धार्मिक शिक्षा भने जस्तोसुकै अवस्था परेपनि जानुपर्ने बाध्यता रहेको पाइयो ।

- विद्यालय शिक्षामा आफ्ना अन्य साँस्कृतिक कार्यहरू जस्तै विवाह संस्कार, मृत्यु संस्कार, मेला, बजार, चाडपर्वहरूले पनि विद्यालय जान छाड्नु परेको जानकारी पाइयो ।

- अभिभावकको वैवाहिक उमेरको अवस्थाले पनि उत्तरदाताको अध्ययनमा प्रभाव परेको पाइयो । किनकी मुस्लिम समुदायमा अती चाडो जस्तो १४-१६ वर्षमा १० जना र १७-१९ वर्षमा १५ जनाको विवाह गर्नेगरेकोले आफै परिपक्व अवस्थामा नभएकोले आफ्ना सन्तानहरूको भविष्यप्रतिको सोचाइमा साऱ्है कम रहेको पाइयो ।

**शिक्षा दिने सम्बन्धमा छोराछोरी बीचमा गरिने विभेद**

- अध्ययन क्षेत्रमा कुल ३५ जना उत्तरदाता मध्ये छात्रालाई शिक्षा दिने सम्बन्धमा विभेदको छ या छैन भन्ने लिएको जानकारीमा छैन भन्ने २१ जना (६०%) रहेतापनि अन्य समुदायको तुलनामा अत्यन्त विभेद रहेको सो विभेदकारी भावना विस्तारै हट्दै गएको पाइयो ।

- वैयक्तिक अध्ययनबाट प्राप्त जानकारी अनुसार छोरालाई जहाँजुन काममा गएपनि परिवारको अनुमति नचाहिने तर छोरीलाई बाहिरी कामकारवाहीको त कुरै छोडौ घरायसी कामको लागि पनि अनुमति माग्नुपर्ने अवस्था रहेको पाइयो । घरायसी काम धन्दा सम्पूर्ण छोरीले नै गर्नुपर्ने सासाथै विवाह पश्चात् त झन् बढी गर्नुपर्ने गुनासो रहेको पाइयो । उचित शिक्षा अवसरको कमीले उनीहरूमा दृढ विश्वास र आत्मनिर्भर रहने भावना कम रहेको पाइयो । स्वयं अभिभावकले नै मुस्लिम धर्मले छोरी पढेर शिक्षित हुने, चलाख भएर छुद्र खालको व्यवहार गर्न निशेध गरेको, यस धर्ममा महिलाहरू सधैँ पुरुषको सेवक हुनुपर्छ भनेको छ । छोरीहरूले पढेर मुस्लिम समुदायमा ठूलै उपलब्धी होला जस्तो लाग्दैन । फेरी छोरीहरूको बिहे १५-१६ वर्षमा नै गरिदिनु पर्छ । छोरालाई त व्यापार गर्न सिकाउनुपर्छ, घरको सम्पूर्ण कामहरू छोरीले नै गर्नु पर्दछ । बढीमा छोरीलाई एस.एल.सी.सम्म पढाउने हो भन्ने जस्ता अभिव्यक्ति व्यक्त गरेको पाइयो ।

- अध्ययन क्षेत्रमा अध्यापनरत शिक्षकका अनुसार मुस्लिम समुदायमा छोराहरू धेरै स्वतन्त्र भएतापनि पढाईप्रति राम्रो नभएको तर छोरीहरूभने घरको काम, धार्मिक शिक्षा अनि

त्यसको गृहकार्य नगरेमा पाउने ठूलो दण्डनीय सजाय, सानासाना बालबालिकाहरू स्याहारसुसारमा नै बढि समय व्यतित गर्दछन् । उनीहरूमा परिवार नियोजन सम्बन्धमा धार्मिक मान्यता नदिएको भन्दै २।३वटा विवाह गर्ने बच्चाबच्ची बढी जन्माउनाले पनि थप समस्या पुगेको जानकारी पाइयो ।

- अध्ययन क्षेत्रका गैर मुस्लिम एक प्र.अ.का अनुसार प्रा.वि. र नि.मा.वि.सम्म विद्यार्थी संख्या राम्रै हुने माध्यमिक तहमा गएपछि ह्वातै घट्ने गरेको आफ्नो १५-२० वर्षको अनुभव बताउनु भयो । उनका अनुसार पहिला छोरी त के छोरालाई पनि पढाईमा चासो दिदैनथे । अहिले बाहिर जाने साथै विवाहवारीमा छोरी पठाउने बुहारी ल्याउने प्रक्रियाले पढ्नुपढाउनु पर्छ भन्ने जागरण आएकोले केही मात्रामा पढ्नुपर्छ भन्ने भावना बढेको पाइन्छ । अत्यधिक धार्मिक कट्टरता कडा कानुनले महिलाहरूमा मानसिक यातना बढी भएको, खासै छोराहरूमा पनि पढाईको स्तर नभई व्यापार बैदेशिक रोजगारमा लागेकाले हाल छोरालाई निजी विद्यालय र छोरीलाई सामुदायिक विद्यालयमा पढ्न पठाउने गरेको बताएको पाइयो ।

## ७.२ निष्कर्ष

नेपालमा बसोवास गरेका विभिन्न धर्म,जात र सम्प्रदाय मध्येको एक इस्लामिक धर्म मान्ने मुश्लिमहरूको आफ्नै किसिमका संस्कार, परम्परा र मुल्य मान्यताहरू छन् । अध्ययन क्षेत्रमा रहेको पुतलीबजार नगरपालिका वडा नं. ४, ५ र ९ अन्तर्गत पर्ने सामुदायिक विद्यालयहरू त्रिभुवन आर्दश उ.मा.वि., सरस्वती मा.वि. र काजीमान हरिटिका विद्यालयमा अध्ययनरत मुस्लिम छात्राहरूमा आधारित रहि मुस्लिम जातिको धर्म र संस्कृतिको अध्ययन गरिएको छ ।

सामुदायिक विद्यालयका मा.वि. तहमा अध्ययनरत मुस्लिम छात्राहरूको विद्यालय उपस्थित सम्बन्धी गरिएको अध्ययनमा मुस्लिमहरू प्राचिन समय देखि ठूलो संयुक्त परिवारमा बस्दै आएतापनि अध्ययन क्षेत्रका पारिवारिक अवस्थालाई हेर्दा अधिक मात्रामा एकल पारिवार रहेको पाइयो । अधिकांश महिलाहरू गृहिणी नै भएतापनि व्यपार, नोकरी र मजदुरमा समेत संलग्न रहेको पाइयो । अध्ययन क्षेत्रमा रहेका मुस्लिमहरूको आर्थिक स्थिति राम्रै रहेको धेरैजसो आफ्नै स्वामित्वको जग्गा जमिन घर तर टिनले छाएका बढी भेटियो भने पक्की घर कम भेटियो ।

कूल उत्तरदाता ३५ जना विद्यालयमा अध्ययनरत छात्राहरूलाई अर्न्तवार्ता प्रश्नावली विधिबाट र अध्ययन क्षेत्रमा बसोवास गरेका अभिभावकहरूलाई वैयक्तिक विधिबाट प्राप्त जानकारी अनुसार आफ्ना धार्मिक कार्यहरू एवम् आकस्मिक भैपरी आउने अवस्था बाहेक विद्यालय नछाड्ने तथ्य पाइन्छ । उनीहरूको पढाईको स्तर अत्यन्त नाजुग अवस्था रहेको प्रा.वि., नि.मा.वि.को तुलनामा मा.वि.तहमा जादा विद्यालय छाड्ने प्रवृद्धि उच्च रहेको पाइयो भने विषयगत रुपमा भविष्यमा प्राविधिक हुने खालका विषयमा अभिरुची नभई सामान्य विषयमा रुचि रहेको जानकारी पाइयो । धार्मिक, साँस्कृतिक मुल्य मान्यता देखाई छोरा र छोरीमा अध्यधिक रुपमा भेद रहेको पाइयो । छोराहरूलाई धार्मिक, साँस्कृतिक, पारिवारिक रुपले भेद नगरेतापनि उनीहरूको पढाईको स्तर पनि खस्कदो अवस्था नै रहेको तर छोरालाई राम्रो शिक्षा दिने भनि निजी विद्यालयमा राखेतापनि हालसम्म कुनैपनि प्राविधिक ज्ञान हासिल गर्न नसकका पढाई पश्चात् सामान्य आफ्नो पारम्परिक व्यापार र नोकरीमा नै सीमित रहेको पाइयो । विद्यालयमा अध्ययनरत छात्राहरूको अवस्था हेर्दा घरायसी सम्पूण कार्यहरू गर्नुपर्ने, साँस्कृतिक प्रचलन, धार्मिक शिक्षा लगायत बुर्का लगाउने परम्पराले उनीहरूको पढाईप्रति प्रत्यक्ष रुपमा मानसिक एवम् नकरात्मक असर परेको, पढाईको स्तर प्रा.वि.नि.मा.वि.मा नै सिमित रहेका र केही एस.एल.सी.सम्म पुगेता पनि विवाह गरी अनमनाउने लगायत अन्य विविध कारणहरूले बिचैमा विद्यालय छाड्ने गरेको पाइयो ।

प्राय अन्य जात धर्मसंकारमा भन्दा इस्लामिक धर्म मान्ने मुस्लिमहरूमा छोराछोरी बीच ठूलो विभेद रहेको पाइयो । यस समुदायको धर्मले महिला अधिकार माथि अति नै दमन गरेको पाइयो तर धर्ममा उल्लेख गरेका सम्पूर्ण वाक्यांस एवम् सुक्तिहरूको अक्षरस पालना गर्नुपर्ने, तिनलाई परिवर्तन एवम् परिमार्जन गर्नै नमिल्ने, महिलाहरूप्रति ३ पटक तलाक भनेपछि सम्बन्ध विच्छेद हुने जस्ता उनीहरूको धार्मिक कट्टरताले गर्दा शताब्दियौ देखि नै महिलाहरू कहिल्यै उठ्नै नसक्नेगरी सधै पुरुषको दमनमा बस्नुपर्ने बाध्यता रहेको पाइयो । महिलाहरू शिक्षित एवम् ठाठो बाठो भएर खासै केही उपलब्धी नहुने उनीहरू घरमै पुरुष एवम् बालबच्चाहरूको स्याहार सुसारमा सीमित साथै बाहिरी परपुरुषको दृष्टिबाट बच्न शरीरै ढाक्ने गरी बुर्का लगाउनु पर्ने अझै कायम रहेको पाइयो ।

## ७.३ सुझावहरू

- परिवारका सम्पूर्ण सदस्य शिक्षित भए समयअनुसार फड्को मार्न सकिने खालका चेतना अभिवृद्धि गरिनुपर्ने, धार्मिक ग्रन्थमा लेखेका विभेदकारी युक्तिहरूलाई धर्म गुरुहरूको रोहवरबाट परिवर्तन परिमार्जन गरिनुपर्ने ।
- हालसम्मका मुस्लिम महिलाहरूले खेप्नु परेका विभेद, बेदना, पीडाहरूलाई मध्यनजर गरी गैह्रसरकारी संस्थाहरू एवम् राज्यकै तर्फबाट पनि मुस्लिम छात्राहरूको शिक्षाको लागि जनचेतना फैलाउने कार्यक्रम गर्नुपर्ने ।
- सिकाइ स्तर कमजोर भएका मुश्लिम छात्राहरूका लागि छुट्टै थप अभ्यासको लागि निःशुल्क शिक्षकको व्यवस्था गरिनुपर्ने । निश्चित तह हासिल गरीसकेपछि राज्यले तिनीहरूका लागि रोजगारीको लागि ग्यारेन्टी लिनुपर्ने ।
- मुश्लिम र गैह्र मुश्लिमहरू भनी गरिने विभेदहरूको अन्त्यको लागि छुट्टै कानूनी व्यवस्था गरिनुपर्ने ।

# सन्दर्भ सामग्री


अधिकारी, डा. रविलाल (२०६९), *अलिमिया व्यक्ति र कृति,* पोखरा : अलिमिया लोक वाङ्मय प्रतिष्ठान ।

अधिकारी, बासुदेव (२०६९) *मुसलमान महिलाहरूको सामाजिक अवस्थाः पोखरा -१३, मियापाटनका महिलाहरूको समाजशास्त्रीय अध्ययन,* अप्रकाशित शोध अध्ययन, प्रस्तुत मानविकी तथा सामाजिकशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा ।

अधिकारी, रेशराज; घिमिरे हरिहर (२०५६), *नेपाली समाज र संस्कृति,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, बलराम (२०६७), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाण्डौः नेसनल बुक सेन्टर ।

किशान, यामबहादुर (२००६), *दलित शसक्तिकरणका लागि राज्यले अपनाउनु पर्ने नीतिहरू काठमाडौंः* जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च बागबजार ।

चालिसे, पुष्पराज (वि.सं.२०४८, २०५८), *नेपालको इतिहास र सभ्यता,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

ढकाल, माधव प्रसाद शर्मा, कोइराला, मातृका प्रसाद (२०६६), शिक्षाका आधारहरू काठमाडौंः रत्न पुस्तक भण्डार ।

पितृसत्ता के हो? (२००३), काठमाडौ, स्त्री शक्ति ।

पोखरेल, हरिप्रसाद (२०६६), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधारहरू,* काठमाडौं एसिया पब्लिकेसन प्रा.लि. ।

*मदरसामा ६० प्रतिशत छात्रा* (२०७० २९ पौष) कान्तिपुर दैनिक ।

भुसााल, शान्ति (२०४५), *पोखरा कुँडहरका मुस्लिमहरूको सामाजिक तथा धार्मिक जिवन एक अध्ययन,* किर्तिपुर, काठमाडौः अप्रकाशित शोधपत्र, समाजशास्त्र मानवशास्त्र, केन्द्रिय विभाग ।

रहमान, हिफजुर (२०६३), *ईस्लाममा नारी,* काठमाडौः इस्लामीसंघ, नेपाल

वन्त, प्रत्युष, गौतम, शोभा बास्कोट, अमृता (सम्पादक) (२०५६), *छापामा महिला,* काठमाडौः नेपाल प्रेस इन्स्टिच्यूट ।

विष्ट डोर बहादुर (२०३०), *सबै जातको फूलबारी,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

विष्ट, डोरबहादुर (वि.सं. २०५५), *सबै जातको फूलबारी,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, चिरञ्जिवी, शर्मा निर्मला (२०२८), शिक्षाका आधारहरू, काठमाडौः एम.के. पब्लिसर्स, एण्ड, डिष्टिव्युटर्स ।

शर्मा, चोलराज, (१९८०), *नेपालगन्ज बजारका मुसलमानहरूको सामाजिक तथा आर्थिक जीवनः एक अध्ययन,* काठमाडौः त्रि.वि.वि.मा तथा सा. शास्त्र अ. संस्थामा बुझाएको लघु अनुसन्धान परियोजना ।

शर्मा, मोदिनीप्रसाद (वि.सं. २०५०), *नेपालको आधुनिक इतिहास,* काठमाडौं : राजेश प्रकाशन ।

शर्मा, कमल (वि.सं.२०६४), *मुसलमान जातिको सामाजिक आर्थिक अवस्था,* एम.ए.शोध पत्र, मानविकी तथा समाजशास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

शर्मा, कमलराज (वि.सं. २०५७), *नेपाली समाज र संस्कृति,* देवी शर्मा पोखरा ।
शर्मा, कमल (वि.सं.२०६४), *मुसलमान जातिको सामाजिक आर्थिक अवस्था,* एम.ए.शोध पत्र, मानविकी तथा समाजशास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

शर्मा, मोदिनीप्रसाद (वि.सं. २०५०), *नेपालको आधुनिक इतिहास,* काठमाडौं : राजेश प्रकाशन ।
सुवेदी, प्रतिमा (२०५९), *महिला पुरुष समविकासको आधार,* काठमाडौः सूचना विभाग नारी चेतना केन्द्र, नेपाल ।

# अनुसूचि १

अर्न्तवार्ता प्रश्नावली

नामः अध्ययन गर्ने कक्षाः

अध्ययन गर्ने संस्थाको नामः

जातः धर्मः

प्र.१ तिमी कस्तो प्रकारको परिवारमा बस्छौ?

(क) एकल परिवार (ख) संयुक्त परिवार

प्र.२ उमेरगत हिसावमा तिम्रो परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

(क) ०-१० (ख) ११- २० (ग) २१ भन्दा माथि

प्र.३ तिम्रो बुबाआमाले के पेशा अपनाउनुभएको छ ?

(क) गृहणी (ख) नोकरी (ग) व्यापार (घ) मजदुर

प्र.४ तिम्रो परिवारको आर्थिक स्थिति कस्तो छ?

(क) साऱ्है राम्रो (ख) राम्रो (ग) निम्न

प्र.५ तिमी आफ्नै घरमा बस्छौ कि भाडामा नि?

(क) आफ्नो घर (ख) घाडा तिरेर बसेको घर

प्र.६ तिम्रो घरको बनोट कस्तो प्रकारको छ ?

(क) कच्चिच (ख) पक्की

प्र.७. तिमी कुन तहमा पढ्छौ ?

(क) प्राथमिक (ख) निम्न माध्यमिक (ग) माध्यमिक

प्र.८. तिम्रो विद्यालयमा पढाई कस्तो छ?

(क) राम्रो (ख) ठिकै (ग) नराम्रो

प्र.९. तपाईलाई घरमा पढ्ने समय मिल्छ वा मिल्दैन?

(क) मिल्छ (ख) मिल्दैन

प्र.१० तिमीले बिहान र बेलुका गरी कति घण्टा पढ्छौ?

| पढ्ने समय | बिहान | बेलुका |
|---|---|---|
| १ घण्टा | | |
| २ घण्टा | | |
| ३ घण्टा | | |
| ४ घण्टा | | |
| उत्तर नआएको | | |

प्र. ११ तिमी विद्यालय दैनिकजसो आउँछौ ?

(क) अकस्मात् विरामी हुँदा बाहेक दैनिक आउँछु ।

(ख) दैनिक विद्यालय आउँछु ।

(ग) घरायसी काम /धार्मिक शिक्षाले गर्दा स्कूल कहिलेकाही आउँदि न ।

प्र.१२ तिमीलाई सबैभन्दा कुन विषय बढी पढ्न मन पर्छ ?

(क) नेपाली (ख) सामाजिक (ग) जनसङ्ख्या (घ) विज्ञान (ङ अंग्रेजी

(च) अर्थशास्त्र (छ) शिक्षा (ज) गणित

प्र.१३ तिम्रो भाइबहिनीहरूले कुन विद्यालय पढ्छन् नि?

(क) निजी स्कूल (ख) सामुदायिक स्कुल

प्र.१४ तिम्रो गृहकार्य गर्न बुबा आमा अथवा अन्य अभिभावकले सिकाउँनुहुन्छ ?

(क) पढ्न सिकाउनुहुन्छ (ख) पढ्न सिकाउनुहुन्न

प्र.१५ पढाईप्रति तिम्रो परिवारको कस्तो सहयोग रहेको छ ?

(क) अलिअलि (ख) धेरै (ग) पूर्ण

प्र.१६ तिमीलाई विशेष गरी पढ्नमा कसले प्रेरित गर्नुहुन्छ ?

(क) बुबा (ख) आमा (ग) दिदी (घ) दाजु (ङ) अन्य

प्र.१७ तिम्रो विद्यालय पढाईको साथसाथै धार्मिक शिक्षा पनि पढ्छौ ?

(क) पढ्छु (ख) पढ्दिन

प्र.१८. तिम्रो विद्यालयमा पढाइको साथसाथै अन्य अतिरिक्त क्रियाकलापमा भाग लिन पारिवारबाट अनुमति दिनुहुन्छ कि हुँदैन ?

(क) दिनुहुन्छ (ख) दिनुहुँदैन (ग) अन्य

प्र.१९ शैक्षिक सामग्रीको कारणले विद्यालयमा छाड्नु परेको छ कि छैन ?

(क) परेको छ (ख) परेको छैन

प्र.२० तिमी स्कुल ड्रेस नलगाई बुर्का लगाएर विद्यालय जान्छौ कि जादैनौ ?

(क) लगाउँछु (ख) लगाउँदिन

प्र.२१ बुर्का लगाउँदा तिम्रो पढाईमा असर परेको छ कि छैन नी?

(क) छ (ख) छैन (ग)

प्र.२२ तिमी स्कुले शिक्षाको साथसाथै धार्मिक शिक्षा पनि लिएका छौ?

(क) लिन्छु (ख) लिदिन

प्र.२३. धार्मिक शिक्षाले गर्दा विद्यालय शिक्षालाई असर गरेको छ कि छैन ?

(क) छ (ख) छैन

प्र.२४. विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा भाग लिन परिवारले अनुमति दिनुहुनुहुन्छ ?

(क) दिनुहुन्छ (ख) दिनुहुँदैन

प्र.२५. छोरीलाई शिक्षामा अगाडि बढ्न परिवार एवम् समाजले बन्देज लगाउदछ?

(क) लगाउँछन्, (ख) लगाउँदैनन् ।

प्र.२६ तिम्रो बाबुआमाको वैवाहिक अवस्थाले तिम्रो पढाइमा प्रभाव परेको छ कि छैन ?

(क) १४ -१६ वर्ष (ख)१७ -१९ वर्ष (ग) २० -२२ वर्ष

(घ) २३ -२५ वर्ष (ङ) २६ वर्ष र सो भन्दा माथि

प्र.२७ घरायसी काम धन्दाले तिम्रो विद्यालयको पढाइमा प्रभाव पारेको छ?

(क) छ (ख) छैन

प्र.२८ तिमीले घरमा बढी जसो कुन कुन काम गर्छौ नि ?

(क) घर सफा गर्ने (ख) कपडा धुने (ग) भाडा सफा गर्ने (घ) व्यापार गर्ने

(ङ) खाना पकाउने (च) अतिथि सत्कार गर्ने

प्र.२९. दैनिक रुपमा शैक्षिक खर्च कति जति गर्नुहुन्छ?

(क) २० रुपैयाँ (ख) ३० रुपैँया (ग) ४० रुपैँया

(घ) ५० रुपैँया

प्र.३०. तपाईलाई शैक्षिक खर्च कसले दिनुहुन्छ नि?

(क) आमा (ख) बाबा (ग) दिदी (घ) दाई

प्र.३१. शैक्षिक सामग्रीको अभावले कहिलेकाही विद्यालय छाड्नु परेको छ?

(क) परेको छ (ख) परेको छैन

प्र.३२. तपाई बुर्का लगाउनुहुन्छ वा हुँदैन?

(क) लगाउँछु (ख) लगाउँदिन

प्र.३३. बुर्का लगाएर विद्यालय जानुहुन्छ भने त्यसले विद्यालयको पढाईमा असर गरेको छ कि छैन?

(क) छ (ख) छैन (ग)

प्र.३४. पढाईप्रति परिवारको समर्थन कस्तो छ?

(क) अलिअलि (ख) धेरै (ग) पूर्ण

प्र.३५. तपाईको आफ्नो पढाइको स्तर कस्तो छ जस्तो लाग्छ ?

..........................................................................................................

प्र.३६. यदि शैक्षिक स्तर कमजोर छ जस्तो लाग्छ भने यसका कारणहरू के के होलान्?

..........................................................................................................

प्र.३७. तपाईलाई विद्यालयमा विभेदजन्य व्यवहार गर्नुहुन्छ कि हुँदैन ?

(क) भएको छ (ख) भएको छैन

प्र.३८ यदि विभेद गर्नुहुन्छ भने कस्तो किसिमले विभेद गर्नुहुन्छ?

..........................................................................................................

*समाप्त*